# अध्याय एक

# परिचय

## १.१ विषय परिचय

गुल्मी जिल्लाको धुर्कोट क्षेत्रमा विभिन्न प्रकारका लोकगीतहरू गाइन्छन् । धुर्कोट क्षेत्रमा वाग्ला, रजस्थल, भनभने, पीपलधारा, वस्तु, जैसिथोक, नयाँगाउँ र हाडहाडे गा.वि.स.हरू रहेका छन् । यहाँ ब्राहमण, क्षेत्री, ठकुरी, मगर, गुरुङ्ग, नेवार, सन्यासी, कामी, दमाई, सार्की, कुमाल आदि जातका मान्छेको बसोबास छ । तिनीहरू मध्ये धेरैजसो हिन्दु धर्मावलम्बी छन् । तिनीहरूले विभिन्न पूजाआजा, चाडपर्व, उत्सव, घाँसदाउरा, मेलापात आदिमा गीतहरू गाउने गर्दछन् । लोकसाहित्यका विभिन्न विधाहरू मध्ये लोकगीत एउटा विधा हो । लोकगीत लोकले गाउने र बुभ्ने भाषामा अभिव्यक्त हुन्छ । लोक कण्ठबाट सहज रूपमा गाउने गीतहरू नै लोकगीत हुन् । लोकगीतमा मान्छेका सुखदुख, घातप्रतिघात, जीतहार, उतार चढाउ र आस्था विश्वाससँग सम्बन्धित अनुभूति तथा अनुभव सरल एवं लयबद्ध रूपमा प्रकट भएका हुन्छन् । तिनमा सरल भाषाको प्रयोग हुन्छ । त्यसैले लोकगीत अत्यन्त रसमय, हार्दिक र सुबोध हुन्छ । लोकगीतले लोक जीवनको समग्र पक्षलाई समेटेको हुन्छ ।

लोकगीतको इतिहासलाई हेर्दा यसको निकै पुरानो परम्परा रही आएको देखिन्छ । मानव सभ्यता र भाषाको विकाससँगै लोक साहित्यको प्रारम्भको क्रममै लोकगीतको जन्म भएको हो । लोकगीतको जन्मदाता लोक नै हुन् । लोकगीत ग्रामीण परिवेशका साथै सहरमा पनि गाइन्छ । लोकगीत मौखिक परम्परामा नै जीवित रहेको हुन्छ । लौकिक संस्कृत साहित्यमा स्तुति परम्परा वा श्रुति परम्परा छ । हाम्रा अति प्राचीन ग्रन्थहरू वेद, अठारपुराण, रामायण, महाभारत, उपनिषद् आदिमा पनि ईश्वरप्रति भक्तिभाव देखाइ बाल्मीकि, वेदव्यास, भर्तृहरि आदि रचनाकारले लोकगीत अन्तरगतको लोक भजनमा भक्तिभाव प्रस्तुत गरेको पाइन्छ । नेपाली साहित्यमा इन्दिरस, भानुभक्त, मोतीराम जस्ता कविहरूको लोकसाहित्यमा देन छ ।

लोकगीत खासगरी लोकहरूले घाँसदाउरा, बनपाखा, मेलापात, चाडपर्व, उत्सव, बिवाहवारी, न्वारन, छैटी, पास्नी आदिमा स्वतस्फूत रूपमा गाउने गर्दछन् । लोकगीत एकल वा सामुहिक रूपमा विभिन्न गायन, वाद्यवादन तथा नृत्यसंगै पनि प्रस्तुत गरिन्छ । लोकगीतले मान्छेका सुखदुख पिरवेदना, हाँसो उल्लास आदि पक्षलाई समेटेको हुन्छ । लोकगीतबाट मनोरञ्जन पनि लिने गरिन्छ । गुल्मी धुर्कोट क्षेत्रमा लोकगीतको व्यापक प्रचलन भए पनि अझैसम्म यसको व्यवस्थित अध्ययन भएको छैन त्यसैले प्रस्तुत शोधकार्य गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोकगीतमा केन्द्रित भएर गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली लोकसाहित्यमा गुल्मी जिल्लाका लोकगीतहरूको महत्त्वपूर्ण स्थान छ । विशेषगरी गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रमा रहेका आठवटा गा.वि.स.का लोकगीतको अध्ययन गर्दा निम्नलिखित समस्याहरू रहेका छन् :

क) गुल्मी जिल्लाको धुर्कोट र त्यस वरपरका क्षेत्रको जनजीवनमा प्रचलित लोकगीत के कस्ता छन् ?

ख) गुल्मी जिल्लाको धुर्कोट र त्यस वरपरका क्षेत्रको जनजीवनमा प्रचलित लोकगीतको वर्गीकरण के कसरी गर्न सकिन्छ ?

ग) यस क्षेत्रमा प्रचलित लोकगीतको विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रमा समस्याकथनसँगै सम्बन्धित निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) गुल्मी जिल्लाको धुर्कोट र त्यस वरपरका क्षेत्रको जनजीवनमा प्रचलित लोकगीतको सङ्कलन गर्नु,

ख) गुल्मी जिल्लाको धुर्कोट र त्यस वरपरका क्षेत्रको जनजीवनमा प्रचलित लोकगीतको वर्गीकरण गर्नु,

ग) यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्यको अध्ययन विश्लेषण गर्ने क्रममा लोकगीतको अध्ययन कमै भएको पाइन्छ । लोकसाहित्य सम्बन्धी पुस्तकहरूमा लोकगीत अध्ययनका बारेमा केही व्याख्या विश्लेषण र परिचय दिएको पाइन्छ ।

गुल्मी जिल्लाको धुर्कोट क्षेत्रमा प्रचलित लोकगीतको बारेमा भने छुट्टै अध्ययन अनुसन्धान अहिलेसम्म भएको छैन तापनि यस क्षेत्रमा गाइने लोकगीतहरूलाई सङ्कलन गरी रेकर्ड गराएर रेडियो नेपाल र एफ्.एम् रेडियोबाट बजाउने काम कतिपय लोककलाकार (बाबुराम पन्थी, बेलकुमारी गिरी) बाट भएको छ । नेपाली भाषा तथा लोकसाहित्यका अन्य क्षेत्रमा भएका उल्लेख्य पूर्वकार्यहरू निम्नलिखित छन् :

क) शिवप्रसाद पौड्याल २०५१ “लुम्बिनी क्षेत्रमा प्रचलित उखान” एम् ए द्वितीय वर्षको अप्रकाशित शोधपत्रले यस क्षेत्रमा उखानको मात्र चर्चा गरेको पाइन्छ यो शोधकार्य लोकसाहित्य अन्तरगत उखानमा मात्र केन्द्रित रहेको छ ।

ख) विष्णुहरि ज्ञवाली २०५२ “नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान” एम् ए द्वितीय वर्षको अप्रकाशित शोधपत्रले गुल्मी जिल्लाको लोकसाहित्यको सङ्क्षित चर्चा गर्ने क्रममा लोकगीतको परिचय मात्र दिएका छन् ।

ग) रेमचन्द्र खत्री २०५५ “गुल्मी जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण” एम् ए द्वितीय वर्षको अप्रकाशित शोधपत्रले गुल्मीमा प्रचलित लोकगीतको  सामान्य चर्चा गरेको छ । यस शोधकार्यमा उखानको बारेमा जानकारी दिने भएता पनि लोकगीत सम्बन्धी सामान्य चर्चा अघि बढाएको पाइन्छ ।

घ) लक्ष्मी पन्थी २०५६ “गुल्मीमा प्रचलित टुक्का” एम् ए अप्रकाशित शोधपत्रले गुल्मीमा प्रचलित टुक्काका बारेमा अध्ययन सङ्कलन गरेका भएपनि लोक गीत सम्बन्धी केही चर्चा गरेको पाइँदैन ।

ङ) ईश्वरीप्रसाद भण्डारी २०५७ "गुल्मीमा प्रचलित गाउँखाने कथाको अध्ययन" एम् ए अप्रकाशित शोधपत्रले लोक साहित्यको एक क्षेत्रमा कार्य गरे तापनि लोकगीतको चर्चा भने गरेको पाइन्न ।

च) चूडामणि बन्धु २०५८ "नेपाली लोकसाहित्य" एकता बुक्स काठमाडौंमा प्रकाशित पुस्तकले लोकवार्ता र लोकसाहित्यका विधागत अभिलक्षणका साथै विश्वव्यापी रूपमा प्रचलित एवं स्थापित रहेका लोकसाहित्यिक अध्ययन-अनुसन्धानका पद्धतिका बारेमा विशद रूपमा प्रकाश पार्नु भएको छ भने अर्कातिर नेपाली लोकसाहित्यको अध्ययन-परम्पराका साथै नेपाली लोकसाहित्यका सम्पूर्ण विधाहरूको सोदाहरण शिक्षक विद्यार्थीका साथै यस क्षेत्रमा अनुसन्धान गर्न चाहने विशिष्ट व्यक्तिहरू तथा शोधकर्ताहरूलाई समेत यस पुस्तकले यथेष्ट सहयोग पुऱ्याएको छ ।

छ) झबिन्द्र महत २०६० "गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन" एम् ए अप्रकाशित शोधपत्रले लोकगीतको अध्ययन गर्ने क्रममा पश्चिमोत्तर क्षेत्रका निश्चित क्षेत्रको मात्र लोकगतिको सङ्कलन र विश्लेषण गरेका छन् । धुर्कोट क्षेत्रका प्रचलित लोकगीतहरूको अध्ययन गरेका छैनन् । त्यसैले उनको अध्ययनले लोकगीतको अध्ययनमा केही सहयोग मिल्ने देखिन्छ ।

ज) शर्मा मोहनराज र लुइटेल खगेन्द्र २०६३ "लोकवार्ता विज्ञान र लोकसाहित्य" विद्यार्थी पुस्तक भण्डार काठमाडौंमा प्रकाशित पुस्तकले लोककथाको सैद्धान्तिक परिचय दिएको छ । यसमा नेपालमा प्रचलित केही लोककथाहरू सङ्कलन गरिएका छन् । यस पुस्तकले लोकसाहित्यको अध्ययन अनुसन्धान गर्न निकै सहयोग पुऱ्याएको छ ।

झ) मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी २०६८ "नेपाली लोकसाहित्यको रूपरेखा" साझा प्रकाशन पुलचोक ललितपुरमा प्रकाशित पुस्तकले लोकसाहित्यको सिद्धान्त, विद्या वर्गीकरण, लोकगीत, लोकपद्य लोकनाटक, लोककथा, लोकोक्तिको विवेचनाका साथै पाठ्यक्रममा आधारित लोकसाहित्यका पाठ्य सामग्रीहरू समावेश गरिएका छन् । यस पुस्तकले लोकसाहित्यको अध्ययन अनुसन्धान गर्न निकै सहयोग पुऱ्याएको छ ।

ञ) विष्णुप्रसाद घिमिरे २०६९ "गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोकभजन" एम्.ए अप्रकाशित शोधपत्रले लोकगीत भित्रकै एक उपविधा लोकभजनको मात्र अध्ययन गरेतापनि समग्र लोकगीतको अध्ययन भने गरेको पाइदैन । यस शोधपत्रमा गुल्मी धुर्कोट क्षेत्रका बारेमा पनि संक्षिप्त जानकारी दिएको पाइन्छ । यस शोधकार्यले लोकगीतको अध्ययन गर्न केही सहयोग पुऱ्याएको छ ।

लोकसाहित्यको अध्ययन तथा विकासको सम्बन्धमा माथिका विभिन्न विद्वान् तथा शोधकर्ताहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । गुल्मी जिल्लाको लोकसाहित्यको सम्बन्धमा अहिले सम्म भएका अध्ययन अनुसन्धान, विभिन्न पुस्तक, पत्रपत्रिका र शोधकार्यहरूले केही न केही महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोकगीत शीर्षकमा मात्रै केन्द्रित भएर अहिलेसम्म लोकगीतको समग्र अध्ययन भने भएको छैन, त्यसैले गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रलाई केन्द्र मानेर लोकगीतको अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको महत्त्व र औचित्य

गुल्मी जिल्ला धुर्कोट क्षेत्रमा प्रशस्त लोकगीतहरू प्रचलनमा रहेका छन् । ती गीतहरू सङ्कलन गर्नु यस शोधकार्यको प्रमुख लक्ष्य रहेको छ । अत छिरलिएर रहेका लोकगीतहरूलाई सङ्कलन गरी एउटै शोधभित्र समावेश गरी तिनको संरक्षण गर्नु महत्त्वपूर्ण कार्य हुन्छ । नेपालका विभिन्न क्षेत्रमा रहेका लोकगीतहरूको तुलनात्मक अध्ययन गर्न र अध्यापन गर्न समेत सहयोग पुग्ने छ । त्यसैले यस शोधकार्यको महत्त्व र औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यका लागि गुल्मी धुर्कोट क्षेत्रका वाग्ला, रजस्थल, भनभने, वस्तु, जैसीथोक, नयाँगाउँ, पीपलधारा, हाडहाडे र त्यस वरपरको गा.वि.स.मा केन्दित भएर गरिएको छ । यस शोधकार्यमा गुल्मी धुर्कोट क्षेत्र र वरपरका आठ गा.वि.स. मा प्रचलित लोकगीतको मात्र अध्ययन गर्ने सीमा तोकिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका निम्ति सामग्री सङ्कलन गर्दा क्षेत्रीय अनुसन्धान विधिको प्रयोग गरिएको छ । यस क्रममा अवलोकन विधिको प्रयोग गरिएको छ । अवलोकन विधि सहभागी अवलोकन र असहभागी अवलोकन विधि रहेका छन् । यी अवलोकन विधिमा असहभागी अवलोकन विधिको प्रयोग गरिएको छ । गाउँमा प्रचलित रहेका गीतहरूलाई रिकड तथा टिपोट गरी सामग्री सङ्कलन गरिएको छ । पुराना लिखित सामाग्रीको प्रयोग गर्न विभिन्न शोधपत्र, पुस्तक, पत्रपत्रिका र पुस्तकालय विधिको प्रयोग गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधपत्र तयार गर्दा विधातात्त्विक विधिको प्रयोग गरिएको छ । यसमा प्रस्तुति, कथा, विषय, सङ्गीत लय, स्थायी अन्तरा वा थेगो र भाषा तथा शैली आदिका आधारमा विधातात्त्विक विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित एंव सुगठित पार्नका लागि छ वटा अध्यायमा विभाजित गरी आवश्यकता अनुसार मूलशीर्षक र उपशीर्षकहरू समेत राखी अध्ययन गरिएको छ । अध्याय विभाजन यस प्रकार गरिएको छ :

क) प्रथम अध्याय : शोध परिचय

ख) दोस्रो अध्याय : गुल्मी धुर्कोट क्षेत्रको सामान्य परिचय

ग) तेस्रो अध्याय : लोकगीत सिद्धान्त

घ) चौथाँ अध्याय : लोकगीतको संकलन र वर्गीकरण

ङ) पाँचौ अध्याय : गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोकगीतको विश्लेषण

च) छैटौं अध्याय : शोध निष्कर्ष

# अध्याय दुई

# गुल्मी धुर्कोट क्षेत्रको परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि

शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थलबाट नामकरण गरिएको लुम्बिनी अञ्चलनका छ जिल्लामध्ये एक पहाडी जिल्ला गुल्मी हो । यो जिल्ला धार्मिक, ऐतिहासिक, पौराणिक, सांस्कृतिक र राजनैतिक रूपमा महत्त्वपूर्ण मानिन्छ । प्राचिन कालदेखि इतिहासको विभिन्न कालखण्डका राजा रजौटाका महत्त्वपूर्ण घटनाहरूसँग यस जिल्लाको सम्बन्ध रहेको विश्वास गरिन्छ । यस जिल्लाको इतिहास खोज्दै जाने हो भने पश्चिम नेपालको चौविसी राज्यमध्येका अर्घाखाँची, गुल्मी धुर्कोट, मुसीकोट र इस्मा गरी छ वटा राज्य यहाँ थिए । नेपालको एकिकरणपछि २०१९ सालको प्रशासनिक विभाजनपछि यस जिल्लाबाट अर्घाखाँची जिल्ला स्वतन्त्र भयो ।[१] गुल्मी जिल्लाको सीमा पूर्वमा स्याङ्जा र पर्वत, पश्चिममा प्युठान, उत्तरमा बागलुङ तथा दक्षिणमा पाल्पा र अर्घाखाँची रहेको पाइन्छ ।

गुल्मी जिल्लाको सदरमुकाम तम्घास भन्दा पश्चिमतिर करिव छ माइल टाढा तत्कालीन धुर्कोट राज्य रहेको छ । त्यो राज्य वि.सं. १४६५ मा स्थापना भएको थियो र त्यसमा ७०० घर कुरिया तथा १४ मौजाहरू थिए । धुर्कोटमा मगर राजालाई मल्ल युद्धमा जिती राजा खड्गबहादुर मल्ला राजा भए । उनको बाह्रौं पुस्ताका राजा भुपेन्द्र मल्लका पालामा नेपाली सैन्यले वि.सं. १८४३ मा धुर्कोट राज्य नेपालमा गाभेको थियो ।[२] पुरानो राज्यभित्र हालका नयाँ गाउँ, पीपलधारा, हाडहाडे, वस्तु, वाग्ला, भनभने, रजस्थल र जैंसीथोक गरी आठ गा.वि.स. रहेका छन् । तत्कालीन मल्ल राजाको खड्गदेवीको मन्दिर, कोटघर, मौलो र घण्ट यहाँ रहेका छन् । यहाँ दसैंमा नव दुर्गा भवानीको पूजा पाठ र पञ्चबली दिने र पूर्णिमाको दिन फुलपाती सेलाउने तथा सराँय खेल्ने प्रचलन अद्यावधिक छ । यहाँबाट रेसुङ्गाको पवित्र तीर्थस्थल, मदाने लेख, अर्घाखाँची, बाग्लुङ र पर्वतका पहाड अनी धौलागिरी, माछापुच्छ्रे जस्ता उच्च हिमालको रमणीयता देख्न सकिन्छ ।

---

[१] शशिपन्थी, **गुल्मीका केही साहित्यिक प्रतिभाहरु,** (गुल्मी परिचय : गुल्मेली समाज २०६२) पृ. ४७ ।
[२] राजाराम सुवेदी, **गुल्मीको ऐतिहासिक झलक,** (गुल्मी किरण पुस्तकालय, २०५५) पृ. ६९ ।

यसरी धुर्कोट क्षेत्र पहाड, बेसी, छाँगा, छहरा, गुफा र खोला तथा विभिन्न जातका चराचुरुङ्गी एवम् जीवजन्तु, जनावरहरूको रहर लाग्दो क्रिडाले रमणीय बनेको मात्र छैन धार्मिक, सांस्कृतिक तथा पर्यटकीय हिसावले पनि महत्त्वपूर्ण मानिन्छ ।

## २.२ नामकरण

धुर्कोट “धुर' र “कोट” को समासबाट बनेको शब्द हो ।“धुर” को अर्थ कुनै पनि ठाउँको सबैभन्दा माथिल्लो स्थान वा भाग, धुरी वा टुप्पो हो ।[३] “कोट” को अर्थ क्षेप्यास्त्र र आणविक शक्ति प्रयोग गर्न थाल्नु भन्दा पहिले राज्यको सीमा सुरक्षा आदिको व्यवस्था गर्न ठाउँ वा केन्द्र, गढ, गढी, किला, दुर्ग, चुरी परेको र गढी तुल्याउन उपयुक्त हुने थुम्को, मौलो गाडिएको वा पुजा गरिने ठाउँ सैनिक छाउनी वा आधुनिक व्यारेक हो ।[४] घरको धुरी जस्तो आकार परेको डाँडामाथि अवस्थित तत्कालीन मल्ल राजाको दरवार खड्गदेवीको मन्दिर र कोटघर मन्दिर आदि रहेको उक्त स्थानलाई धुरीकोट भनिन्थ्यो र पछि परिवर्तन हुँदा “धुर्कोट” भएको हो ।[५] यस क्षेत्रको धुरी वा पहाडको टुप्पोमा कोटघर र त्यहाँबाट सम्पूर्ण स्थान देख्न, राजाहरूलाई राज्य सञ्चालन गर्न र शत्रुहरूलाई परास्त गर्न सजिलो हुने ठाउँ भएकोले धुर्कोट नामकरण भएको कुरा औचित्यपूर्ण छ ।

## २.३ भौगोलिक अवस्था

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अञ्चल गुल्मी जिल्लाको अक्षांशीय विस्तार २७°६५° उत्तरदेखि २८°२७° उत्तरसम्म र देशान्तरीय विस्तार ८३°१०° पूर्व देखि ८३°३५° पूर्व रेखासम्म छ ।[६] सदरमुकाम तम्घासबाट पश्चिम ४ कोस देखि ९ कोस दूरीसम्मको महाभारत शृङ्खला अन्तरगत धुर्कोट क्षेत्र पर्दछ ।

---

[३] बालकृष्ण पोखरेल र अन्य (सम्पा.) **नेपाली शब्दकोश,** (काठमाडौं ने. रा. प्र. प्र., २०४०) पृ. ६९५ ।

[४] वसन्त कुमार शर्मा नेपाल, **नेपाली शब्द सागर,** दो.सं. (काठमाडौं भाभा पुस्तक भण्डार, २०५८), पृ. २९२ ।

[५] राजाराम सुवेदी, पुर्ववत्, पृ. ६९ ।

[६] जि.वि.स. गुल्मी, **जिल्ला विकास योजना,** आ.व. २०६९/७०, (गुल्मी जि.वि.स.को कार्यालय, जिल्ला सूचना केन्द्र, २०६९) पृ. १ ।

## २.४ क्षेत्रफल र सिमाना

महाभारत शृङ्खला अर्न्तगत धुर्कोट राज्यको पूर्वतर्फ गुल्मी राज्य पश्चिम तर्फ प्युठान राज्य, उत्तरतर्फ मुसीकोट राज्य र दक्षिणतर्फ अर्घा राज्य पर्दथे । धुर्कोट राज्यमा रजस्थल, वाग्ला, वस्तु, आफ्रा जैसीथोका डाँडाथोक, अजमिर, गाडवारी, बजेड, सोमर मोवर, सुफल नयाँगाउँ, बुल्म, टिमुरखर्क र गल्ला गरी १४ मौजा थिए ।[७]

हाल यहीँ धुर्कोट क्षेत्रभित्र वाग्ला, रजस्थल, भनभने, वस्तु, जैसीथोक, नयाँगाउँ, पीपलधारा र हाडहाडे गरी आठ गा.वि.स. रहेका छन् । यसको सिमानाको रूपमा पूर्वमा गुल्मी जिल्लाको अर्खले, पश्चिममा गुल्मी जिल्लाकै सिर्सेनी मालिका, दक्षिणमा अर्घाखाँची जिल्लाको खनदह र मऱ्याङ्ग तथा उत्तरमा गुल्मीकै छल्ली र चौरासी फाँटसम्म पर्दछ । यसको कूल क्षेत्रफल ९९.७५ वर्ग किलोमिटर रहेको छ ।

### २.४.१ राजनैतिक विभाजन

लुम्बिनी अञ्चल अन्तर्गत गुल्मी एक पहाडी जिल्ला हो । वि.सं. २०४७ सालको संविधान अनुसार २०४८ मा गुल्मीलाई ३ निर्वाचन क्षेत्र र ७९ गा.वि.स.मा विभाजन गरेको छ । क्षेत्र नं. ३ मा ३ वटा इलाका र २८ गा.वि.स. छन् ।[८] यसरी धुर्कोट क्षेत्रमा इलाका नं. १ मा सात वटा गा.वि.स. र इलाका नं. १२ मा एउटा गा.वि.स. पर्दछ । यहाँ एमाले, काँग्रेस, माओवादी, राप्रपा लगायतका पार्टीहरूको वर्चस्व रहेको पाइन्छ ।

### २.४.२ यातायात

गुल्मी जिल्ला २०३८ सालमा पाल्पादेखि रिडी तम्घास जोड्ने कच्ची बाटो खनिनु नै आधुनिक यातायात क्षेत्रको पहिलो पाइला हो । बुटवल देखि ११५ कि.मी. तम्घाससम्म अहिले यो सडक कालोपत्रे गरिएको छ । तम्घास देखि धुर्कोट बर्बोट हुँदै पुर्कोट दह पुग्ने ५१ कि.मी. र अर्को सिर्सेनी सम्म पुग्ने धुर्कोट क्षेत्रको मध्यभागमा सडक बनेकाले यहाँका वासिन्दालाई यातायात सुविधा पुगेको छ । यस क्षेत्रका सम्पूर्ण गा.वि.स.मा कच्ची सडक पुगेको छ । स-शाना दुरीका गाउँघर जोड्ने कच्ची सडक खनिएका छन् । त्यस्तै गरी पुराना

[७] राजाराम सुवेदी पूर्ववत् पृ. ७० ।
[८] जि.वि.स. गुल्मी, पूर्ववत् पृ. २ ।

घोडेटा र गोरेटा बाटाहरू स्थानीय रूपमा प्रयोग गरिएका छन् । दुईवटा पक्की पुल र झोलुङ्गे पुल अनी काठे पुलहरूले पनि आवागमनमा सुविधा पुऱ्याएको पाइन्छ ।

### २.४.३ जनसङ्ख्या

गुल्मी धुर्कोट क्षेत्र मझौला जन आवदी भएको क्षेत्र हो । यस क्षेत्रमा माटाको जडान गरेर चार कुने घर, टिन र ढुङ्गाका छाना र खरका स-शाना छाप्रा बनाएको पाइन्छ भने केही सामान्य सिमेन्टको जडानबाट घर बनेको पाइन्छ । वि.सं. २०५८ को गा.वि.स.को रेकर्ड अनुसार धुर्कोट क्षेत्रमा ६२०३ घरधुरी तथा १८०३९ महिला र १९२८१ पुरुष गरी जम्मा ३७३२० जनसङ्ख्या रहेको पाइन्छ । यसरी हेर्दा ३.३२ प्रतिशत पुरुष सङ्ख्या भन्दा बढी देखिन्छ । प्रत्यक गा.वि.स. को जनसङ्ख्या निम्नअनुसार रहेको छ ।[९]

| क्र.सं. | गा.वि.स. | महिला | पुरुष | जम्मा | घरधुरी |
|---|---|---|---|---|---|
| १. | वाग्ला | २३४४ | २५४६ | ४७९० | ८३७ |
| २. | रजस्थल | १९६८ | २०८२ | ४०३० | ७२० |
| ३. | वस्तु | २१६१ | २२२१ | ४३८२ | ६४६ |
| ४. | जैसीथोक | १८३५ | २०२६ | ३९६१ | ५७६ |
| ५. | नयाँगाउँ | ३१४७ | ३२९२ | ६४३९ | १०३४ |
| ६. | पीपलधारा | २१६५ | २३६४ | ४५२९ | ७४८ |
| ७. | हाडहाडे | २२५९ | २३६० | ४५१९ | ८९४ |
| ८. | भनभने | २१६० | २३९० | ४५५० | ७४८ |
| जम्मा | | १८०३९ | १९२८१ | ३७३२० | ६२०३ |

### २.४.४ सञ्चार

गुल्मी सञ्चार सञ्जालयुक्त जिल्ला हो । धुर्कोट क्षेत्रमा यहाँका बासिन्दाले विश्वको कुना काप्चामा बस्ने आफन्त तथा विविध विषयहरूको सूचना प्राप्त गर्दछन् । नेपाल दुर सञ्चार र निजी सञ्चार नमस्ते, स्काई, मेरो, स्मार्ट इन्टरनेट आदिले सबैको घर आँगन र हातहातमा मोवाइल पुऱ्याएका छन् । गुल्मी धुर्कोट क्षेत्रका वासिन्दाहरूले केवल र

[९] वस्तु र अन्य गा.वि.स. **पार्श्वचित्र** (पाल्पा, दिगो सामुदायिक विकासका निम्ति पाल्पा, २०६८) पृ. १२ ।

नेटवर्कका साहयताले टेलिभिजनका माध्यमबाट विश्वका घटना परिघटना थाहा पाउन सफल भएका छन् । साथै इमेल इन्टरनेटले समेत उनीहरूलाई सुविधा पुऱ्याएको छ । राष्ट्रिय र जिल्लाका रेडियो अनी पत्रपत्रिकाहरूले समेत धुर्कोट क्षेत्रका गाउँगाउँमा खवर पुऱ्याउने गरेका छन् । यस क्षेत्रका विद्यालय, सङ्घ सङ्गठन, क्लव आदिले आ-आफ्नो पत्रिकाका माध्यमबाट सञ्चार क्षेत्रमा सुविधा पुऱ्याएका छन् ।

### २.४.५ हावापानी

गुल्मी जिल्लाको धरातल ३ भागमा विभक्त छ । ती ३ भाग उच्च भूमि, मध्यम पहाडी भूमी र होचो समथर भू-भागका रूपमा रहेका छन् । समुन्द्र सतहबाट १५२५ देखि ७००० फिटसम्म उचाइ भएको भू-भाग पर्दछ । धुर्कोट क्षेत्रको मध्यम पहाडी भागमा डाँडापाखा, भञ्ज्याङ्ग छन् र समशीतोष्ण हावापानी पाइन्छ भने होचो समथर भूभागका रूपमा रहेको छल्ली पनाहका किनारको वेसीफाँट अघोष्ण हावा पानीको पेटीमा पर्दछ । यसै गरी औषत वार्षिक अधिकतम तापक्रम २३.३ सेल्सियस् छ भने न्यूनतम तापक्रम १४.८६ रहेको छ ।[१०]

### २.४.६ नदीनाला

गुल्मी धुर्कोट क्षेत्रमा प्रमुख छल्दी र पनाहा खोला पर्दछन् । छल्दी र पनाहा खोला उत्तरबाट दक्षिणपूर्व वगेका छन् । पनाहा खोला धुर्कोट क्षेत्रको मध्य भागबाट बगेको छ । यी खोला मालिका र मदाने लेकबाट उत्पत्ती भई वडिघाटसँग कालीगण्डकी नदीमा मिल्दछन् । छल्ली र पनाहा खोला तथा तिनमा मिसिने सहायक खोलाहरू खुर्पा, ठूलोखोला, दुल्ले, मरेङ् पाथन, अरौदी ओज्जे ओबान, चिन्दी र विभिन्न खोल्सा छहराहरूले यहाँको खोला किनार, वेसी, फार, टार, सिञ्चित छन् ।

### २.४.७ वनजङ्गल

गुल्मी धुर्कोट क्षेत्रको वनजङ्गल सामुदायिकीकरण गरिएको छ । यहाँ केही मात्रामा निजी वन पनि रहेका छन् । यहाँ वनजङ्गलमा जीवजन्तु, जनावर, अनी चराचुरुङ्गीहरू पाइन्छन् । यहाँको वनजङ्गलमा उत्तिस, सल्ला, गुराँस, चाँप, वर पीपल, लाँकुरी, चिलाउने,

[१०] राजाराम सुवेदी, पूर्ववत्, पृ. १३ ।

अँगेरो टुनी, हर्रो, पैंयु, वेडुलो दुधिलो, बाँस, सिमल, बर्रो, जाउनो धार्ने (कुटुँस), आदि रुखहरू पनि पाइन्छन् । जडीबुटीहरू कुरिलो, बाँझो, कालोहलेदाँ, टिमुर, अमला, तेजपात, गानेगुर्जो, पाती, असुरो दुत्सिङ्की, पखनवेद, अनी कापल, चौतारी आदि पाइन्छन् । ऐसेलु, गिठा, भ्याकुर, तरुल जस्ता लहरा पनि पाइन्छन्. । वनजङ्गलमा पशुपंक्षी, वानर, चितुवा, टुस्सी, भालु, मृग, घोरल खरायो, ढेडुवा, स्याल, बाघ जस्ता जनावर र कालिज, सुगा, तित्रा, भँगेरा, काग, वकुला, फिस्टो, ढुकुर, जुरेली, काँडे भ्याकुर कोकले, लाम्पुच्छ्रे कोइली, चिल, गिद्ध, धोवी चरा जस्ता पंक्षीहरू पाइन्छन् । अरिङ्गाल, वारुला, मौरी पनि वनजङ्गलमा पाइन्छन् । यहाँ बस्ने जीवजन्तु र जनावरले यी क्षेत्रलाई रमणीय बनाएका छन् ।

### २.४.८ पहाड बेसी

गुल्मी धुर्कोट क्षेत्रमा पहाड, भिर, पाखा, पखेरा, खोल्सा, छाँगा गुफा आदि रहेका छन् । यहाँको माटोमा खरानी, राता, पहेँलो सेतो, फुस्रो रङ पाइन्छ । यहाँको माटो कम मलिलो भएपनि खेतिपाति पनि गरेको पाइन्छ । छल्ली र पनाहा खोला किनाराका दायाँ बायाँ भागहरू सिमलटारी देखि पनाहा र पुर्कोट सीम देखि छल्ली पनाहासम्मका ब्वाँसे, चौरासी, धनार्जि, वडाचौर, सिमाघाट र डिलचौर चीलिखोला यी वेसी फाँट हुन् । यहाँको पाँगो माटो युक्त भएकाले मलिलो छ त्यसैले कृषि उत्पादन पनि भएको पाइन्छ ।

## २.५ सामाजिक अवस्था

गुल्मी धुर्कोट क्षेत्र वहुजातीय, वहुभाषिक, बहुसांस्कृतिक क्षेत्र हो । यहाँ विभिन्न जातजाति, धर्म, सांस्कृतिक, बिचमा सामाज्जस्य रहेको छ । धार्मिक सहनशीलता र इमान्दारीता गुल्मेलीका चिनारी हुन् ।[११] यहाँका सामाजिक अवस्थाबारे विभिन्न शीर्षकमा तल विवेचना गरिएको छ :

### २.५.१ जातजाति

गुल्मी धुर्कोट क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू वसोवास गर्दछन् । यहाँका प्रमुख जातजातिहरू ब्राह्मण, क्षेत्री, ठकुरी, मगर गुरुङ, नेवार, सन्यासी, दमाई, कामी, सार्की, कुमाल, गाइने आदि हुन् । यहाँ अर्याल, घिमिरे, पन्थी, पोखरेल, भट्टराई, भण्डारी,

[११] राजाराम सुवेदी पूर्ववत्, पृ. ११ ।

खनाल, मरासिनी, पराजुली, ज्ञवाली, शाह, थापा, कार्की, खड्का श्रेष्ठ, गिरी, पुरी, घर्ती, विश्वकर्मा, परियार, नेपाली आदि थरद्वारा आफूलाई चिनाउने मानिसको बसोबास रहेको छ ।

### २.५.२ भाषा

गुल्मी धुर्कोट क्षेत्रमा विभिन्न जातजातिको बसोबास रहेका छन् । वहुसङ्ख्यक जनताले राष्ट्र भाषा नेपाली नै प्रयोग गर्दछन् । गा.वि.स.को रेकर्ड अनुसार नेपाली भाषा ९९.७ प्रतिशतले बोल्दछन् भने नेवार, मगर, गुरुङ आदि ०.३ प्रतिशतले मात्र आ-आफ्नो भाषा बोलेको पाइन्छ ।[१२]

यहाँका अधिकांश जनताले नेपाली भाषा नै मात्रृभाषाका रूपमा प्रयोग गरे पनि यहाँ भाषाको स्वरूप आफ्नै प्रकारको छ जसलाई गुल्मेली उपभाषिकाको संज्ञा दिन सकिन्छ । यहाँ प्रचलित केही शब्दहरूलाई मानक नेपाली भाषासँग तुलना गर्दा निम्नानुसार भिन्नता देखाउन सकिन्छ ।

मुन्तिर - 'तल', काँसो - 'खोकी', एतिकन - 'थोरै', इत्रुको - 'शानो', एत्न - 'यहाँ', तेत्न - 'त्यहाँ', आँटी - 'उपल्लो तला', नाम्रो - 'राम्रो', सराक - 'आकाश', सुपो - 'नाङ्लो', आइसल - 'अर्को साल', कौना - 'कुन', भरे - 'साँझ', बेला - 'आम्खोरा' जस्ता शब्दहरू यहाँका उपभाषाका नमुना हुन्. ।

### २.५.३ चाडपर्व

गुल्मी धुर्कोट क्षेत्रका वहुसङ्ख्यक जनताले परम्परागत सांस्कृतिक चाडपर्व मनाउने गरेको पाइन्छ । महान् चाड दसैंमा घरको पूजाकोठा र सम्पूर्ण कोट घरमा घटस्थापना गरी कोटघरमा तिन देखि पाँच जनासम्म पुजारी बस्ने एक छाक खाना खाने र दिनदिनै शतचण्डी भगवतीको पूजापाठ गर्ने गर्दछन् । उनीहरूले सप्तमीको दिन विधिपूर्वक फूलपाती भित्र्याउने अष्टमीको दिन वाह्र बजे बलि दिने र राती कालरात्री पूजा गरी चन्द्रमा अस्त हुने बेलामा पनि बोकाको बलि चढाउने गर्दछन् । नवमीका दिन कोटघरमा जम्मा भई खड्गदेवीलाई पञ्चबलि राँगा, बोका, परेवा, कुभिन्डो, मूला आदि चढाउने चलन रहेको छ ।

---

[१२] बस्तु र अन्य गा.वि.स., पूर्ववत्, पृ. १२० ।

विजया दशमीको दिन शुम साइतमा घटस्थापनामा राखिएका जमरा, जल र टीका देवी देवतालाई चढाइन्छ, अनी टीका घरमा लगि लगाउने आ-आफ्नो चलन अनुसार सुरु हुन्छ । मर्यादा क्रम अनुसार ठूलाबाट शानाले दही चामलको टीका लगाउने र आशीर्वाद लिने अनी प्रसाद खाने चलन रहेको छ । यसरी दशैं रमाइलोसँग मनाउने गरीन्छ ।

यहाँ स्थान र कोट अनुसार दशमीको साँझदेखि पूर्णिमाको दिन सम्म नवदुर्गा भर चढाइएका फूपाती टीका जमरा नजिकको जलाशयमा विसर्जन गर्ने अनी कोटघरको प्राङ्गणमा सरायँ खेल्ने चलन छ । सरायँ खेल्ने गुल्मी, अर्घाखाँची, पाल्पाको विशेषता पनि हो । यसरी दशैं तिहार निकै हर्षोल्लासका साथ मनाइन्छ । त्यस्तै अक्षय तृतीया, वैशाख पूर्णिमा, हरिशयनी एकादशी, असारे पन्ध्र, गुरूपूर्णिमा, साउने सङ्क्रान्ति, नागपञ्चमी, कृष्ण जमष्टमी, तीज, ऋषि पञ्चमी, हरिबोधनी एकादशी, नयाँधान भित्रयाएपछि कात्तिक मङ्सीरमा खाइने न्वागी, पुसे पन्ध्र, कुसे औंसी, श्रीपञ्चमी, माघेसङ्क्रान्ति, महाशिवरात्री, चैतेदसैं, जस्ता यस क्षेत्रमा सांस्कृतिक चाउ पर्व मनाउने गरिन्छ । आफ्नो जात र थर अनुसार कुलायन पूजा गर्ने चलन छ । कुल पूजामा वलि दिने गरिन्छ । बलि नदिनिले खिर, पिठो, आदि पकाएर प्रसाद स्वरूप खाने चलन छ ।

### २.५.४ **लवाइखवाइ**

गुल्मी धुर्कोट क्षेत्रमा बस्ने मानसिको लवाइ खवाइ नेपाल राष्ट्रका अधिकांश मानिसको जस्तै पाइन्छ । सामान्यतया पहिरिने लुगा तथा आभूषणमा लिङ्ग, उमेर र जातजातिको प्रभाव परेको पाइन्छ । दौरा, सुरुवाल, टोपी, इस्टकोट वा अस्कोट पटुकी आदि बुढापाका पुरुषले प्रयोग गर्दछन् भने गुन्यु, चोलो, घलेक, पछ्यौरी, पटुकी नारी जातिले परम्परागत रूपमा पहिरन्छन् । आजभोलिका आधुनिक सहरिया पोसाकहरू सर्ट, पाइन्ट, कुर्ता सुरुवाल, मिड्डी, म्याक्सी आदि पनि लगाइन्छन् । मगर, गुरुङ्ग जातिका महिलाले लुङ्गी र टिसर्ट लगाउँछन् । बुढापाकाले खुर्पेटो भिरि हँसिया राख्न प्रयोग गर्दछन् । महिलाहरूले ढुङ्ग्री, मुन्द्री, नौगेडी, शिरफूल, किलिप चन्द्रमा, तिलहरी, चुरा, पोते, औँठी, बुलाकी, निधारमा टीका, सिउँदोमा सिन्दुर आदि सौन्दर्यका साधन प्रयोग गर्दछन् । सधवा र विधवाको भेशभूषा फरक हुन्छ । विधवाले पहेँलो, सेतो, हरियो रङ्गका वस्त्र लगाउने गर्दछन् ।

यस क्षेत्रमा मुख्य खेतीका रूपमा मकै, कोदो, फापर, जौ, गहुँ, धान फल्ने भएकाले ति-बाट तयार हुने आटो ढिँडो, भात, रोटी खाने चलन छ । अर्नी (खाजा) का रूपमा रोटी, सातु, भुटेको मकै भट्ट आदि खाने गरेको पाइन्छ । चाडपर्व अनुसार मिठामिठा खाने कुरा कुराउनी, सेलरोटी, अर्सा, अनरसा, फिनी, घ्यू, दूध दही आदि खाने चलन छ । तीजमा दर खाने चलन पनि छ । साउनमा खिर, पुसे पन्ध्रमा खाजा, माघमा खिंत्रो (खिचडी) र न्वागीमा दही चामल खाने चलन छ । मांसाहारीले माछा, मासु र शाकाहारीले मीठा मीठा दाल तरकारी र अचार खाने गर्दछन् ।

### २.५.५ संस्कार

संस्कार भन्नाले मानिसको गर्भाधान देखि मृत्युपर्यन्त वैदिक विधि र परम्परा अनुसार गरिने कृत्य बुझिन्छ । गुल्मी धुर्कोट क्षेत्रमा सबै जातजातिका मानिसहरूले यी संस्कारहरू गर्ने गरेको पाइन्छ । यस क्षेत्रमा जातकर्म, छैंटी, नामकरण, अन्न प्राशन, चूडाकर्म, उपनयन, विवाह, मृत्यु र श्राद्ध आदि संस्कार प्रचलित छन् ।

#### २.५.५.१ जातकर्म

बालक जन्मना साथ गरिने विभिन्न विधिहरूलाई जातकर्म भनिन्छ । बालक जन्मनासाथ नाल काट्ने प्रचलन सबै जातिमा प्रचलित छ । नाल काट्ने काम सकभर बाहिरको महिला खोज्ने नभए आमाले नै रुपियाँको ढ्याकमाथि राखेर सम्पन्न गर्दछन् । आजभोलि सम्भव हुनेले स्वास्थ्यकर्मीलाई पनि बोलाउँछन् । काटिएको नाल झरेपछि अगेनाको डिलमा गाड्ने चलन पनि छ । जसले गर्दा बालक ठूलो भएपछि जहाँ गएपनि खाने वेलामा घर आउँछ भन्ने किंवदन्ती छ । बच्चाको न्वारन (नामकरण) नगर्दा सम्म सुत्केरी छुट्टै बस्ने गर्दछन् । एघार दिनसम्म कुनै धार्मिक कार्य गरिँदैन ।

#### २.५.५.२ छैंठी

गुल्मी धुर्कोट क्षेत्रमा जातजातिले संस्कार अनुसार छोरा जन्मेको छैंटौ दिनमा छैंठी गर्दछन् । सो दिनमा भावी आएर बच्चाको भविष्य लेख्ने मान्यता भएकाले सिरानीमुनी कापी कलम राखी दिने गर्दछन् । ब्राह्मणद्वारा पूजा पाठ गर्ने र ग्रह नक्षत्र हेर्ने बच्चालाई आशीर्वाद

दिने, आफन्त र छरछिमेकलाई बोलाएर रातभर भजन कीर्तन गरी नाचगान गर्ने गरिन्छ र बिहान पैसा बाड्ने चलन पनि रहेको छ ।

### २.५.५.३ नामकरण

बच्चा जन्मेको एघारौं दिनमा न्वारन गर्ने चलन छ । घर आँगन लिपपोत गर्ने बच्चा र आमालाई नुहाइ दिने, पञ्चगव्य छर्ने र खान दिने, बाहुनद्वारा पूजापाठ गर्ने तथा ग्रह नक्षेत्र अनुसार पीपलको पातमा चन्दनले लेखी बालकको नाम राख्ने गरिन्छ । मगर, गुरुङ्ग र दलितहरू यो काम भान्जा वा ज्वाइँद्वारा गराउँछन् ।

### २.५.५.४ अन्नप्राशन

यो संस्कारलाई भात खुवाइ वा जुठोमुख लाइ दिने पनि भन्दछन् । छोरीको पाँच महिना र छोराको छ महिनामा भात खुवाउने चलन छ । विभिन्न प्रकारका परिकार बनाउने बच्चालाई मान्यजनद्वारा खाना खुवाउने टीका लगाई कपडा पैसा उपहार दिने पनि गरिन्छ । गच्छे अनुसार भोजभतेर लगाउने चलन रहेको छ । आफन्त र छरछिमेकीलाई बोलाई खानपिन गराउने चलन पनि रहेको छ ।

### २.५.५.५ चूडाकर्म

चूडाकर्म संस्कार सबै जातजातिका मानिसले छोराको पहिलो पटक कपाल काटि दिँदा बुवा आमाले नदेख्ने गरी बालकको मावलीले काटिदिनु पर्छ भन्ने प्रचलन छ । कपाल काटि दिँदा बहिनीले भुइँमा खस्न नदिन थालमा थाप्ने चलन छ । त्यो थाल दिदी - बहिनीलाई नै दिने गरिन्छ । कपाल काटेपछि मामाले टोपी लगाई दिनुपर्छ । यो संस्कार अहिलेको अवस्थामा लोप हुन लागेको देखिन्छ ।

### २.५.५.६ उपनयन

उपनयन संस्कारलाई व्रतबन्ध पनि भन्ने गरिन्छ । यो विशेषत : ब्राह्मण क्षेत्री जातिले गर्ने यो संस्कार छोरा ८ वर्षको हुँदा गर्ने प्रचलन भए पनि समय सापेक्ष परिवर्तन भएको छ । शुभ दिनमा बाहुनद्वारा विधिपूर्वक पूजापाठ गरी गुरुमन्त्र सुनाई जनै लगाउने गर्दछन् । व्रतबन्ध गर्नेले जोगीको भेष गरी आमा बाबु र मान्यजनहरूबाट भिक्षा मागी

गुरुलाई दिने रमाइलो प्रचलन छ, साथै गुरुबाट शिक्षा आरम्भ गराउने गरिन्छ । व्रतबन्ध गरेपछि छोराले कुलको मान्यता पाउने र धर्म संस्कारमा सामेल हुने अधिकार प्राप्त गर्दछ ।

### २.५.५.७ विवाह

विवाहलाई जीवन पद्धति वा संस्कारका रूपमा मानिएको छ । गुल्मी धुर्कोट क्षेत्रमा प्राय : मागी विवाह हुने गरेको पाइन्छ । अचेल प्रेम विवाह अन्तर्जातीय विवाहतर्फ युवायुवतीको रुचि बढ्दै गइरहेको देखिन्छ । मागी विवाहमा केटा केटीको कुरो लमीले मिलाउँछ । कुराको छिनोफाने भएपछि जनै सुपारीको लागि साइत जुराउने गर्दछन् । केटा पक्षले केटी पक्षको घरमा दही, केरा, मिठाइ र फलफूल आदि लाने गर्दछन् । केटीको घरमा टीकाटालो गर्ने, विवाहको शुभदिन किटान गर्ने केटा पक्षबाट लगेको सामग्री सबै छर छिमेकले खाने चलन छ । विवाहको दिन रुचि र क्षमता अनुसार बाजागाजा सहित जन्ती जान्छन् । जन्ती हिँडेपछि केटाको घरमा जिउँती खेल्ने चलन छ । दुलाहाको तर्फबाट विवाह लगनको समय आदि लेखिएको पत्र दहीको ठेकी फलफूल सहितको माङ्गलिक सामग्री जन्ती पुग्नु भन्दा अगाडि लिएर जान्छन् । जन्तीहरू पुगेपछी जन्तिहरू पर्सछन् । त्यसपछि स्वयंवर गर्दछन् । केटीले केटालाई जल अक्षता छर्कँदै वरिपरि घुमेर दुवोको माला लगाई दिने, दुलाहाले औँठी र माला लगाई दिने चलन छ । त्यसपछि जन्तिलाई खाना खुवाउने र दुलाहा अनी दुलहीलाई जग्गेमा लगी बाहुनद्वारा विधिपूर्वक मन्त्र उच्चारण गर्दै गोडा धुने गरिन्छ । दुलाहा दुलहीको बुढी औंला छोएर आमाबुवा तथा माइती पक्षका आफन्तले जल खाने र टीका लगाइ दक्षिणा भाँडाकुँडा दिने चलन छ । दुलाहा दुलहीको घाँटीमा अचलो बाँधिएको हुन्छ । अचलोमा पान, सुपारी, दुवो र पैसा राखिएको हुन्छ । दुलही पक्षले विधिपूर्वक कन्यादान गर्दछन् । त्यसपछि सुनदान र गाईदान दुलाहालाई गर्दछन् । केटापक्षबाट लिएका आभूषण पहिराई माइती पक्षले नदेख्ने गरी दुलाहाले दुलहीको सिउँदोमा सिन्दुर हाल्ने गर्दछन्, विवाहको कर्मकाण्ड समाप्ति पछि सम्देलो गर्दै सबै जन्तीलाई विदाइ गर्दछन् ।

केटापक्षतिर जन्ते बाखो खाने चलन छ । घर पुगेपछि आरति गरी दुलहा दुलहीलाई घरभित्र प्रवेश गराउँछन् । घरभित्र प्रवेश गर्दा धानको थुप्रो माथि बालिएको बत्तिलाई टेक्दै घरभित्र प्रवेश गराउँदा नन्द आमाजूले बाटो छेक्ने चलन छ । दुलहीले दक्षिणा दिएर घरभित्र प्रवेश गर्दछिन् । दुलहीको मुख हेर्ने र टीका लगाई पैसा कपडा दिने गर्दछन् । अर्को दिन

चतुर्थी गरिन्छ । भित्राएको एक, तिन र पाँच रातपछि धुर्पाइँलो फर्काउने भनी दुलहा र दुलही दुलहीका माइत जान्छन् । विवाह गरेको वर्ष दिन भित्र जिउती भेट्ने चलन छ । केटा पक्षले केरा, कुराउनी र रोटी आदि लगेर खुवाएपछि विवाह सकिन्छ । मतवालीले भने जाँड, रक्सी, रोटी, मासु नै लैजाने चलन छ । मगर जातिमा दुलहीलाई दुलहाको घरभित्र प्रवेश गराउँदा ढोकामा कुखुरो काट्ने र टीका लगाइ दिएर बुबाआमाले दुलहीलाई स्वीकार्ने चलन छ ।

विवाहमा भोज खुवाउने (जन्ते बाखो खाने) च्यूरा माग्ने, ध्रुवतारा देखाउने, जिउँती खेल्ने जस्ता चलन यहाँका विशेषता हुन् ।

### २.५.५.८ मृत्यु

हिन्दु परम्परा अनुसार यो अनीतम संस्कार हो । कर्म चलेका मानिस मरेमा जलाउने तेह्र दिनसम्म जुठो बार्ने र कर्म नचलेको मानिस मरे गाड्ने चलन छ । मरेको मानिसलाई तुलसीको नजिकै सेता कपडाले ढाकिन्छ । बाँसमा बाँधेर शङ्ख बजाउँदै लाभा, जौ, तिल र पैसा छर्दै घाटमा लगिन्छ । घाटमा पिण्ड दिने खुट्टामा घ्यू लगाउने तीन पटक घुमाई चितामा राखी छोराले दाग बत्ति दिने गर्दछन् । लासलाई खरानी बनाउँछन् । गोतियार शोक मनाउनेले कपाल खौरने गर्दछन् । फिर्ता हुँदा विच बाटोमा काँडा राखिएको हुन्छ, जसलाई क्रियापुत्री वा मलामीले काँडा कुल्चेर अगाडि आउने चलन छ । यसो गर्दा मृतकको आत्मा घर फर्कन्न भन्ने भनाइ रहेको छ । प्रत्येक दिन क्रियापुत्रीले एक छाक खाने पाँचौ दिन देखि गरुड पुराण सुन्ने १३ औं दिनमा पितृकार्य सम्पन्न गरी उम्कने चलन छ । मगर, गुरुङ र सन्यासीहरूको मृत्यु हुँदा लासलाई गाड्ने चलन पनि छ । सबै जातजातिमा १३ दिनका दिन भान्जा भान्जी, बाहुन चेलीवेटी, मलामी र इष्टमित्रलाई भोजभतेर गराई दान दक्षिणा गरेपछि जुठो उम्केको मानिन्छ । यसलाई गहुँत खाने पनि भनिन्छ ।

वर्ष दिनसम्म सेतो कपडा लगाई अशुद्ध चिज खाइदैन यसलाई दुःख बोकेको भन्दछन् । पैतालीस दिन, छ महिना र वर्ष दिन सम्म श्राद्ध गर्ने र वर्ष दिनमा श्राद्ध तर्पण गर्ने दान दक्षिणा गर्ने तथा मलामी र छरछिमेकीलाई भोजन गराउने गर्दछन् ।

### २.५.५.९ श्राद्ध तर्पण

मरेको पितृको तिथि र श्राद्ध पक्षमा छोराले पिण्ड तर्पण दिने पितृको नाममा दान दक्षिणा गर्ने र ब्राह्मण भोजन गराउने गर्दछन् यो संस्कार ब्राह्मण क्षेत्री, मगर आदि जातिमा पाइन्छ ।

### २.५.६ स्वास्थ्य स्थिति

गुल्मी धुर्कोट क्षेत्रमा स्वास्थ्य सेवा समुन्नत नभए पनि केही मात्रामा भएको पाइन्छ । प्रत्येक गा.वि.स. मा एक वटा उप-स्वास्थ्य चौकी र एउटा इलाका स्तरिय स्वास्थ्य चौकीबाट यहाँका वासिन्दाले स्वास्थ्य सेवा प्राप्त गरेका छन् । गाउँ घरमा स्थानिय जडिबुटीको प्रयोग गरेको पनि पाइन्छ । निजी औषधालयले पनि सेवा पुऱ्याएका छन् । इर्मजेन्सी रोग र ठुलो रोग लाग्दा इलाका स्वास्थय चौकी रहेको एम्बुलेन्सबाट तम्घास, पाल्पा, बुटवल र काठमाडौं पुगेर उपचार गर्ने गरेको पाइन्छ ।

## २.६ शैक्षिक अवस्था

गुल्मी धुर्कोट क्षेत्रमा शिक्षाको विकास गुरुकुल शिक्षाबाट भएको पाइन्छ । यहाँका केही मानिसहरू भारतको काशी, हरिद्वार जस्ता तीर्थ स्थलमा गएर अध्ययन गर्ने गरेको पाइन्छ । पछि यस क्षेत्रका केही ठाउँमा पाठशाला बनाई नेपाली भाषा शिक्षा पढाउने गरेको पाइन्छ । आधुनिक युगसम्म आइपुग्दा यस क्षेत्रको शैक्षिक स्तरमा निकै वृद्धि एवं विकास भएको पाइन्छ । वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि शैक्षिक स्तरमा निकै परिवर्तन आएको छ । हाल यस क्षेत्रमा एउटा बहुमुखि क्याम्पस, ४ वटा उच्च मा.वि., ९ वटा मा.वि., २ वटा नि.मा.वि., ५२ वटा प्रा.वि., २ वटा बालशिक्षा र एउटा आवासिय विद्यालय रहेको पाइन्छ । गा.वि.स. को रेकर्ड अनुसार यस क्षेत्रमा ८२% साक्षर छन् । जसमा महिला ७५% र पुरुष ९०% साक्षर रहेका छन् ।[१३] यहाँको शैक्षिक अवस्थालाई माथि उठाउन यी शैक्षिक संस्थाहरूले ठूलो भूमिका खेलेका छन् ।

[१३] वस्तु र अन्य गा.वि.स. पूर्ववत् पृ. ३५ ।

## २.७ आर्थिक अवस्था

गुल्मी धुर्कोट क्षेत्रको आर्थिक अवस्था सामान्य रहेको छ । यसको अर्थ अवस्था मूलत : कृषिमा आधारित छ । कृषिको प्रधानता भए पनि यहाँको उत्पादनले स्थानीय आवश्यकता पुरा हुन सकेको छैन । स्थानिय आवश्यकता पुरा गर्न कच्चा पदार्थहरूमा निर्मित गरिएका कृषिजन्य घरेलु उद्योगमा अन्न कुट्नु, पिस्नु, उखुबाट खुदो बनाउनु त्यस्तै जडीबुटीबाट औषधी बनाउनु, भर्लो, मडेला, केतुकी, फ्रोस्रका पटुवाबाट नाम्ला, दाम्ला, माछा मार्ने जालो बनाउनु, बाँसबाट डोको, कोठा, भकारी, मान्द्रो, काठबाट बासक, मधुस, दराज, खाट, फलामबाट भाडाकुडाँहरू, कृषिका औजारहरू बनाउनु जस्ता काम गरी स्थानीय आवश्यकता पुरा गरी केही बाहिर निकासी समेत गरिन्छ । पशु पालनबाट दूध, दही, कुराउनी मासु आदि तयार गरिन्छ । यहाँका निर्यात गरिने वस्तुहरू घ्यू, जडीबुटी, सुन्तला, भटमास, आलु, अदुवा, चुक, कागतीको रस, भकिम्लो, कफी आदि हुन् । तिनमा पनि विशेष निकास हुने नयाँ गाउँका सुन्तला र यस क्षेत्रको सल्लाको काठ र खोटो हो । यसले आर्थिक टेवा दिएको छ । यहाँका वासिन्दाहरूको आर्थिक जीवनमा नोकरी तथा सेवाले पनि ठूलो सहयोग पुऱ्याएको छ । रोजगारका लागि स्वदेश तथा विदेशका सरकारी गैरसरकारी तथा निजी सङ्घ संस्था र कम्पनीमा काम गरी आर्थिक जीवनलाई मजबुत गर्नमा मानिसहरू लागि परेका छन् । गा.वि.स.को रेकर्ड अनुसार कृषि पेशामा ७६.६%, सरकारी सेवा (नोकरी) मा ३.७%, वैदेशिक रोजगारमा १३.८% र ज्याला मजदुरी १.७% मानिसहरू संलग्न पाइन्छन् । यसरी यहाँका मानिसहरू पेसामा संलग्न भई आर्थिक बृद्धिमा लागेको पाइन्छ ।[१४]

## २.८ धार्मिक अवस्था

गुल्मी धुर्कोट क्षेत्रमा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेकाले विभिन्न धर्मावलम्बीहरू छन् । यहाँ ९९% हिन्दु धर्म मान्ने छन् भने अन्य बौद्ध, किराँत, मुस्लिम, क्रिश्चियन धर्म मान्ने परिवार केही छन् । यहाँका विशेष धार्मिक क्षेत्रहरू धुर्कोट रजस्थल कोटघर, वस्तुको कालिका मन्दिर, शिवालय, वाग्ला, अज्मिरको कोटघर, गुफाको देवी मन्दिर र शिवालय, त्यस्तै सम्पूर्ण गा.वि.स. मा रहेका कोटघर र अन्य मठमन्दिर धार्मिक क्षेत्रहरू

[१४] वस्तु र अन्य गा.वि.स. पूर्ववत्, पृ. २२ ।

हुन् । वस्तु गा.वि.स.को वार्ड नं. ५ मा रहेको विचित्र गुफा कमला वनमा अवस्थित २०४५ सालमा पत्ता लागेको एउटा महत्त्वपूर्ण राष्ट्रिय सम्पदा हो । यो धार्मिक ऐतिहासक एवं जैविक दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण छ । यस गुफामा विभिन्न ठूला शाना ११ वटा कक्षहरू रहेका छन् । गुफाको कुल लम्बाई अहिले भेटे सम्मको १८५ मिटर छ भने उचाई विभिन्न स्थानमा फरक फरक रहेको छ । उच्चतम उचाइ करिव ८० फिट भन्दा बढी रहेको छ ।[१५] यस क्षेत्रलाई चिनाउन यी धार्मिक तथा ऐतिहासिक क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## २.९ साहित्यको स्थिति र अवस्था

गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित साहित्य र लोक साहित्यको परिचय यसरी दिइएको छ :

### २.९.१ साहित्य

साहित्य कुनै पनि राष्ट्र वा समाजको अमूल्य निधि हो । शिक्षित जनताका अनुभव सारयुक्त भनाई तथा सुख दुःखका सुसेलीहरू साहित्यका विभिन्न विधाका रूपमा प्रकाशित हुँदै आएका छन् । मौलिक परम्पराका रूपमा आएका कथा, सङ्गीत, गीत, कविता, आदि दुःख सुखका अभिव्यक्ति छन् । मनोरञ्जनको उद्गार नै साहित्य हो ।

गुल्मी धुर्कोट क्षेत्रले नेपाली साहित्य र संस्कृत साहित्यका साहित्यिक स्रष्टा जन्माएको छ । साहित्यिक लेखकहरूले विभिन्न विधामा कलम चलाएका छन् । शशी पन्थीका अनुसार यहाँका केही व्यक्तिहरूले आफ्ना केही कृतिहरू प्रकाशित गरेका छन् । धुर्कोट पण्डित टोलका उमानाथ पन्थी (१९६४) ले 'गण्डकी गौरबम्', 'रामनावैभवम्', 'ऋषिकेशाष्टकम', 'संस्कृत र नेपाली भाषामा प्रकाशित गरेका छन् । पण्डित टोलकै नारायण पन्थी २०१३ 'बिना शीर्षकका कविताहरू' (२०५४), वाग्ला बडाचौरका नीलाम्बर पन्थी ( १९८४) ले 'जीवनको आशा' (२०५८) उपन्यास 'विवेचना' 'पन्न गा परिकथा' (खण्डकाव्य), वडा चौर कै भीमकान्त पन्थी (१९७८) ले 'जगदम्विका वैभवम्', 'जगदीश्वर वैभवम्' भाषा अनुवाद सहित प्रकाशन गरेका छन् । वस्तुका डाक्टर रवीन्द्र रमीर (२०३०) को 'तेस्रो आँखा'

[१५] पीताम्बर भण्डारी **'विचित्र गुफा', दृश्य सामग्री र गुल्मी : विचित्र गुफा संरक्षण तथा विकास समिति,** २०६८, आवरण पृष्ठ ।

र ‘पोष्टमार्टम’ (२०५३) (६२ लघुकथा सङ्ग्रह) र ‘कालो बादल भित्र चाँदीको घेरा’ (२०६२) मुक्तक तथा गजल प्रकाशित छन् भने ‘बेइजिङ्को सेराफेरो’ (नियात्रा सङ्ग्रह) र ‘ईश्वरका कथाहरू’ लघु कथा सङ्ग्रह अप्रकाशित छन् । त्यस्तै गरी वाग्ला वडाचौरका डा. लक्ष्मीकान्त पन्थी (२००८) का ‘ऋतु विचार’ खण्डकाव्यको संस्कृत अनुवाद ‘जीवनदर्शनम्’ कविता सङ्ग्रह प्रकाशित छन् भने हठयोग प्रदीपिका समालोचनाको एक सङ्ग्रह ‘चन्दन अक्षता फूल’ र ‘कृष्ण जीवन दर्शन’ नेपाली पद्यकाव्य प्रकाशोन्मुख छन् । वस्तुका हरि प्रसाद भण्डारी (२०१९) का ‘चिराग’ (२०४७) कथा सङ्ग्रह ‘अस्वीकृत कथाहरू’ (२०५८) नयाँगाउँका जयप्रताप मल्लको ‘मोटर बाटो’ सम्बन्धी लेख पराल्मीका खिमानन्द पोखरेलका कविता, कथा, नाटक र समीक्षा एक दर्जन भन्दा बढी एकाङ्की नाटक लेखेका छन् । वाग्लाका रोमलाल गिरीले ‘गुल्मीको गौरव’ (२०५९) त्यसैगरी आपचौरका पारसमणि भण्डारी (२०१२) ले कालीगण्डकी ‘ऐंसेलु’, ‘शास’ आदि पत्रिकाको सम्पादन गर्नुका साथै ‘अतिरिक्त भाषा’, व्याकरणसम्बन्धी पाठ्यपुस्तकमा सहलेखन गरेका छन् र शोधमूलक र समालोचनात्मक लेखहरू पनि लेखेका छन् । डा. दुर्गाप्रसाद अर्याल (२००९) ‘निबन्धकार देवकोटाका दार्शनिक चिन्तन’ नामक कृति प्रकाशित भएको छ । त्यसैगरि जोहाङ्का कृष्णप्रसाद भण्डारी ‘मुमुक्षु’ (२०१८) को ‘सिर्जनाका फूलहरू’ कवितासङ्ग्रह (२०५६) प्रकाशित भएको छ । त्यस्तै यस क्षेत्रका अन्य साहित्यकारहरूले विभिन्न पत्रपत्रिकामा लेख प्रकाशन गरेका छन् ।[१६] लुङ्खर्कका नव्य व्याकरणाचार्य होमनाथ उपाध्याय घिमिरे (१९४९) ‘गुरारम्यर्थना’ र पुष्पाञ्जली कविता संग्रह अरौंदीका प्रा.डा. बाबुराम पोखेल (१९९१) ले १० वटा नेपाली भाषा साहित्य विषयमा विवेचनात्मक लेखहरू पत्रिकामा प्रकाशन गरेका छन् ।[१७] यस क्षेत्रको साहित्यलाई अगाडि बढाउन अहिलेका नयाँ पुस्ताका लेखकहरूले देशको विभिन्न क्षेत्रमा गई साहित्य सिर्जना प्रकाशन गरेका छन् ।

### २.९.२ लोक साहित्य

गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक साहित्यका लोकगीत, लोक भजन, लोक नाटक, लोक कथा आदि विभिन्न विधाहरू पाइन्छन् ।

---

[१६] शशि पन्थी, पूर्ववत् पृ. (४७-८५) ।

[१७] सुव सेन ‘**गुल्मीका केही प्रसिद्ध व्यक्तित्वहरु’ गुल्मी परिचय** (काठमाडौं गुल्मेली समाज, २०६२) पृ. ( २९७-३३०) ।

### २.९.२.१ **लोकगीत**

लोकगीत भनेको लोक जीवनको रागात्मक स्वत : स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दु:खसुख, आँसुहाँसो, आशा निराशाका साथै लोकको चाल चलन, विधि व्यवहास, आस्था र मान्यताहरूको चित्रण हुन्छ ।[१८]

गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित विविध विधाहरू मध्ये सबैभन्दा प्रचलित र विकासित विधा लोक गीत नै हो । युवा युवतीहरूले प्रेस साटासाट गर्ने, श्रीमान परदेश गएका अवस्थामा विरही नारीले स्वरहरू सुसेल्ने गाउँघरमा घाँस दाउरा जाँदा होस् वा गोठालाले गाईवस्तु चराउँ जाँदा होस् वनपाखामा घन्काउने बालबालिका देखि बुढापाकासम्मले रुचिका साथ गाउने र सुन्ने गीत नै लोकगीत हो । समय सापेक्ष गाउने लोक गीतले सबैका दु:ख सुख, हर्ष, माया प्रेमका साथ गाँजिदै र झाँजिदै गइरहेको छ । लोकसाहित्यको सबै भन्दा लोकप्रिय विधाका रूपमा लोकगीत प्रयोग भएको पाइन्छ । जस्तै :

साल घारीमा लागे प्याँली घाम
उकालमीा म कति धाइरहने
ओरालीमा झर बावुराम

### २.९.२.२ **लोकभजन**

धार्मिक पूजाका अवसरमा गाइने गीतलाई भजन भनिन्छ । भजनमा पूजा गरिएका देवदवीहरूको गुण, शक्ति र सामर्थ्यको बयान गरिएको हुन्छ ।[१९]

धार्मिक क्षेत्र मठमन्दिर र घर आँगनमा व्यक्तिगत र सामुहिक रूपमा भजन कीर्तन हुने गर्दछ । धार्मिक कार्य सम्पन्न भएछि भनज मण्डलीद्वारा सङ्गीतमय नृत्यका साथ गाइने भजनले सम्पूर्ण श्रोता, कर्तालाई मनोरञ्जन प्रदान गर्दछ । ईश्वरको गुणगान गर्दै भक्ति भाव देखाई ज्ञानमार्ग भन्दा भक्तिमार्ग धर्म जोगाउन सहज छ भन्ने विश्वासमा भजन कीर्तनले महत्त्वपूर्ण स्थान ओगट्न सफल भएका देखिन्छ । जुन देवी देवताको पूजा अर्चना सम्पन्न भएको छ प्रायः सोही देवीदेवताको भजन गाइन्छ ।

---

[१८] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (काठमाडौं : एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि. थापाथली, २०५८), पस. ११५ ।

[१९] चूडामणि बन्धु, पूर्ववत्, पृ. २३२ ।

### २.९.२.३ **लोक नाटक**

लोकनजीवनका आस्था र व्यवहारको सरल प्रदर्शनमूलक अभिव्यक्ति नै लोकनाटक हो । लोक नाटकमा लोकभावनाको अभिव्यक्ति हुन्छ । लोक परम्परा र रुढिमा आधारित हुन्छ, शास्त्रीय नियमहरूको पालना गर्नुपर्ने आश्वयकता हुँदैन, तर लोक नाटकको प्रदर्शनको गुरु रम्परा हुन्छ, त्यस्ता प्रदर्शनका पनि निश्चित विधि विधान हुन्छन् । तिनले पनि केही घटनामूलक कथावस्तु लिएका हुन्छन्, लोकशैलीको मञ्च हुन्छ ।[२०] लोकनाटक लोक साहित्यको श्रव्यदृश्य विधा हो । लिखित साहित्यमा नाटकले दृश्य विधाका रूपमा अस्तित्व स्थापित गरेझैं लोकसाहित्यमा लोकनाटकले दृश्य विधाको स्वरूप लिएको पाइन्छ । लोकनाटक मूलत : लोक समुदायद्वारा परम्परित रूपमा प्रचलनमा ल्याएका आङ्गिक मुद्रा प्रदर्शन (अभिनय, नृत्य) मा आधारित हुन्छ ।[२१]

नृत्य, बाद्य र गीत सहितको गाउँघर आगन चोक आदिमा विशेष समय र अवस्थामा देखाउने नाच गानलाई लोकनाटक भनिन्छ । यस्तो लोकनाटहरू देखाउने गरिन्छ । दसैं, कात्तिकको ठूला एकादशी, कृष्णाष्टमी आदिमा विभिन्न देवीदेवता र राक्षसका खटपट लगाएर बाजा बजाई चरणबद्ध रूपमा नचाउने गरिन्छ । विभिन्न सङ्ग सङ्गठन संस्था विद्यालय आदिको उत्सवमा समेत कलाकारहरूद्वारा लोकनाटक तथा एकाङ्कीहरूदेखाइ मनोरञ्जन गराउने काम गरिन्छ । त्यस्तै रापाइँ जात्रा, मारुनी आदि नारीका पोशाक लगाई बाजा बजाई नाचिने नाच आदि यस क्षेत्रका लोक नाटकका उदाहरण हुन् ।

### २.९.२.४ **लोक कथा**

लोक जीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरूनै लोककथा हुन् । एउटाले भन्ने र अरुले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथा शब्दको प्रचलन लोक साहित्यको धारणा विकासपछि भएको हो । लोकजीवनमा दन्त्यकथा शब्दको प्रचलन पाइन्छ । कथा र कुथुङ्ग्री मिलाएर 'कथाकुथुङ्ग्री' भन्ने चलन पनि छ ।[२२] लोककथा लोक साहित्यको आख्यानयुक्त गद्यविधा हो । सामान्यत : लोक

---

[२०] चूडामणि बन्धु, पूर्ववत्, पृ. २६२ ।

[२१] मोतिलाल पराजुली र जीवेन्द्रदेव गिरी, नेपाली लोकसाहित्यको रुपरेखा, (साझा प्रकाशन पुलचोक ललितपुर, २०६८), पृ. २१२ ।

[२२] चूडामणि बन्धु, पूर्ववत्, पृ. २८४ ।

जीवनमा आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्वहरूको मिश्रण गरी लोक समुदायद्वारा रचना गरिएका र मौखिक परम्परामा जीवित परम्परित कथाहरू नै लोककथा हुन् ।[२३]

लोक जनताहरू खेतबारीको कामबाट थकित भएका साँझमा फुर्सदको समयमा घरका जहानहरू सबै एकै ठाउँमा बसी मनोरञ्जनका लागि भनिने यस्ता लोककथाहरू पनि यहाँ प्रशस्त पाइन्छन् । यसलाई दन्ते कथा र लोककथा जस्ता विभिन्न शब्दले चिनाउने गरेको पाइन्छ । यस्ता कथा अनौठा किसिमका मानवीय पात्र र मानवेत्तर पात्र खरायो, स्याल, हात्ती आदि देखि लिएर राजा रानी, राजकुमारीसँग सम्बन्धी विषयसँग जोडिएका पाइन्छन् । 'भाग्यमानीको भूतै कमारो', 'बाबु फाल्ने डोको', 'कान काट्ने', 'सुनकेसरी मैयाको कथा' आदि यस क्षेत्रमा प्रचलित लोक कथाहरू हुन् ।

### २.९.२.५ लोकगाथा

लोकगाथा भनेको त्यस्तो गीत हो जसमा एउटा आकार, विषयवस्तु र प्रस्तुतीकरणको शैलीले गर्दा यस प्रकार हुन सक्छन् ।[२४]

डाई तथा युद्धका कथाहरूलाई समाजका प्रतिष्ठित वा मान्यता प्राप्त व्यक्तिका जन्म मृत्यु सहितका कथा आदि कुरालाई तथा चेलीबेटीका विशेष अवस्थाका कथाहरूलाई गीतको रूपमा गाइँदा लामा लामा गाथाहरू जन्मन्छन् । कथा सहितको गाथामा सवाई पनि पर्दछ । यस क्षेत्रमा श्रीराम चरित्र, श्री कृष्ण चरित्र गाउने चलन छ । त्यस्तै विशेषत 'श्रीनन्दनको चाँचरी' वा 'राजेश्वरी चाँचरी' गाथा यसै क्षेत्रमा पर्ने छल्ली फाँटको युद्ध सम्बन्धी गाथाका रूपमा गाउने प्रचलन छ ।

---

[२३] मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. १७२ ।

[२४] चूडामणि बन्धु, पूर्ववत्, पृ. १६६ ।

### २.९.२.६ गाउँखाने कथा

पहेलीहरू मूल रूपमा प्रश्न हुन् सबै किसिमका पहेलीमा केही न केही सोधिएको हुन्छ ।[२५] लोकसाहित्यका विभिन्न विधाहरूमध्ये स्वरूपगत सूक्ष्मता र बुद्धि वैभवको चातुर्य देखाउने लघुतम आकृति भएको विधा गाउँखाने कथा हो ।[२६]

गाउँखाने कथा मानवले पहिलेदेखि सुख दुःखका क्षणमा जिज्ञासा मनोरञ्जन व्यक्त गर्ने र समय विताउने साधनका रूपमा प्रयोग गर्दै आएको पाइन्छ । मनोरञ्जनका साथै बुद्धि परीक्षणको सशक्त माध्यम मानिएको छ । यो कथा विशेष गरी साँझमा भन्ने  गरिन्छ । प्रश्न सोधेपछि उत्तर दिने उत्तर दिन नसकेपछि कुनै एउटा गाउँ दिएपछि प्रश्नकर्ताले सही जवाफ दिने हुनाले यसलाई गाउँ खाने कथा भनिएको हो । धुर्कोट क्षेत्रमा विशेषगरी साउन भदौमा दिनभर मकै भाँची रातमा वरपरका छरछिमेकहरू बोलाई मकै केलाउँदा गाउँ खाने कथा भन्ने गरिन्छ । जीवनका विविध पक्षसँगै सम्बन्धित यी गाउँ खाने कथाहरू सहज भएर पनि जटिल  जटिल भएर पनि लोकप्रिय छन् ।

### २.९.२.७ उखान टुक्काहरू

उखानहरू विशिष्ट व्यक्तिका कथन अर्थात् प्राज्ञ वचनहरू हुन् । यी विशिष्ट व्यक्तिहरू विद्वान् वा साहित्यकार पनि हुन सक्छन्, कुनै अपठित तर अनुभवले खरिएका किसान पनि हुन सक्छन् ।[२७]

आ-आफ्ना वाच्यार्थ भन्दा वेग्लै लक्ष्यार्थका निम्ति प्रयुक्त हुने दुई वा दुईभन्दा बढी पदहरूको समूहलाई टुक्का भनिन्छ ।[२८]

भाषालाई मीठो चमत्कारपूर्ण र आकर्षक बनाउन तथा आफ्ना धेरै कुराहरूलाई थोरै शब्दहरूमा व्यक्त गर्न उखान टुक्काको प्रयोग महत्त्वपूर्ण मानिन्छ । परम्परा देखि नै चल्दै आएको यो विधा केटा केटीदेखि वुढापाकासम्म महत्त्वका साथ प्रयोग गरेको पाइन्छ । उखान टुक्काले भाषालाई जीवन्त तुल्याउँछ र परम्परालाई जोगाई राख्दछ । नराम्रो कुरालाई राम्रो

[२५] चूडामणि बन्धु, पूर्ववत्, पृ. ३१७ ।
[२६] मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. ३२२ ।
[२७] चूडामणि बन्धु, पूर्ववत्, पृ. ३५० ।
[२८] चूडामणि बन्धु, पूर्ववत्, पृ. ३३६ ।

बनाई भन्नु परेमा तथा भाषालाई शिष्ट बनाउन टुक्काहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । गुल्मी धुर्कोट क्षेत्रमा टुक्काका रूपमा 'सिल्टीमुर खानु', 'नाक काट्नु', 'हावा खानु', 'पशुपतिको यात्रा सिद्राको व्यापार', 'किन रोइन मङ्गले आफ्नै ढङ्गले', 'काम कुरो एकातिर कुम्लो बोकी लेखा तिर' आदि उखान टुक्काहरूको प्रयोग भएको पाइन्छ ।

# अध्याय तिन

# लोकगीतको सैद्धान्तिक परिचय

## ३.१ लोकसाहित्य र लोकगीत

### ३.१.१ लोकसाहित्य

'लोक' शब्द अङ्ग्रेजीको 'फोक' शब्दको समानार्थीको रूपमा प्रयोग गरिएको पाइन्छ । यस शब्दको प्रचलन प्राचीन समय देखि नै विशिष्ट रूपमा रहेको देखिन्छ । ऋग्वेद, उपनिषद् ब्राह्मण ग्रन्थ एवम् संहिताहरूमा 'लोक' शब्दलाई सर्वव्यापक तत्वका रूपमा स्वीकार गरिएको पाइन्छ । लोक शब्दले सामान्यतया संसार वा जगत भन्ने अर्थ वोध गर्ने भएता पनि लोकसाहित्य सँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा जीवित रहने वर्गलाई बुझ्काउँछ ।[२९] यसरी हेर्दा 'लोक' शब्द संस्कृत हो र वैदिक अर्थ विशेष रूपमा बुझिन थालिएको छ, त्यो हो संवेदनशील जनसमुदाय ।[३०] हाल आएर 'लोक' शब्द एउटा पारिभाषिक शब्द बनेको छ । अधिकांश विद्धानहरू यसलाई साधारण जनसमाजको अर्थमा लिइन्छ, जसभित्र जाति, वर्ग, धर्म, संस्कृति आदि समेटिएको हुन्छ । लोकसाहित्यमा 'लोक' शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्दछ । 'साहित्य' शब्दले जनता हितका निम्ति प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने अर्थ व्यक्त गर्दछ । यसरी समष्टि अर्थ लोक वा जनताको कल्याणको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति लोकसाहित्य हो भन्ने अर्थ प्रयुक्त भएको छ । लोकसाहित्यलाई ग्राम साहित्य, अशिष्टसाहित्य आदिको संज्ञा दिएको पाइन्छ । वास्तवमा लोकसाहित्यको प्रचलन गाउँमा धेरै हुन्छ । शिक्षित भन्दा अशिक्षित व्यक्तिको माझमा लोकसाहित्यले व्याप्ति पाएको हुन्छ । लोकसाहित्यमा लोकतत्व प्रमुख रूपमा देखिन्छ भने शास्त्रीयता चाँहि गौण भएर रहेको हुन्छ । लोकसाहित्य भन्नाले समाजको मस्तिष्क वा प्राणस्वरूप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय हो । यसलाई समाजले पुर्ख्यौली साझा श्रीसम्पत्तिको रूपमा अङ्गीकार गरिराखेको हुन्छ ।[३१] लोकसाहित्य मौखिक परम्परामा हुर्केको हुन्छ । कुन बेला

---

[२९] ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्यकोश** (काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५) पृ. ४३१ ।

[३०] धर्मराज थापा, **गण्डकीका सुसेली** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०), पृ. १३ ।

[३१] ईश्वर बराल र अन्य (सम्पा.) पूर्ववत् पृ. ४३१ ।

कसले सिर्जना गऱ्यो भन्ने कुरो यसमा हुँदैन । लोकसाहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको, लोकको भावना फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रिया-प्रतिक्रिया गुञ्जन्छन्, लोकको आत्मजीवन बोल्छ ।[३२] यसरी लोकसाहित्यमा लोकजीवनमा हाँसो, आँसु, हर्ष-विस्मात्, सुख-दुःखको अभिव्यक्ति भएको हुन्छ । लोक साहित्यको इतिहासलाई भाषाको इतिहाससँग गाँसन सकिन्छ । लोकसाहित्य लोकको सहज र स्वच्छन्द अभिव्यक्ति हो, जुन लोकले सरल र स्वच्छन्द रूपले ग्रहण गर्दछ । लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो र आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो ।[३३] लोक जीवनका आस्था विश्वास, व्यवहार, चिन्तन र अनुभूतिलाई कल्पनाको अवरण दिएर रोमाञ्चक तत्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने मौखिक साहित्य लोक साहित्य हो ।[३४] त्यसैले भन्न सकिन्छ - लोक साहित्य लोक जीवनमा कहिल्यै नहराउने अजर-अमर साझा सम्पत्ति हो । लोकसाहित्यको अध्ययन गर्दै जाँदा जाति, समाज, संस्कृति र देशकै छवि यसमा झल्केको देख्न सकिन्छ । यसरी लोकमानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल वाणीगत अभिव्यक्ति भएको, अज्ञात रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय बन्धनबाट मुक्त रहेर लोकमर्यादामा आधारित मानव जीवनको हर्षविस्मात्, हाँसो-आँसु, सुख-दुःख, माया-प्रेम आदिको चित्रण भएको सहानुभूतियुक्त मौखिक साहित्य नै लोक साहित्य हो ।

### ३.१.२ लोकगीतको परिभाषा

लोकसाहित्यका विधाहरूमध्ये सर्वव्यापी र सर्वप्रिय विधा लोकगीत हो । लोकगीतलाई चिनाउने क्रममा पाश्चात्य साहित्यमा होमरकालीन युगलाई श्रुतिपरम्पराको ज्वलन्त दृष्टान्तको रूपमा लिइँदै भारतीय बाङ्मयबाट विकसित भई नेपाली साहित्यमा प्रवेश गरेको लोकगीतलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले लोकगीतको परिभाषा दिएको पाइन्छ । अङ्ग्रेजी विश्वकोशमा लोकगीतलाई 'Folk Song' (फोक सङ्ग) भनी परम्पराद्वारा असुरक्षित भएर एक मान्छेदेखि अर्कोसम्म र एकपुस्ता देखि अर्को पुस्तासम्म

---

[३२] कृष्णप्रसाद पराजुली, **"लोक साहित्य, परिभाषा र लोक साहित्यलाई छुट्याउने आधार"**, (कुञ्जिनी, वर्ष ५, अङ्क ३, २०५४), पृ. १०१ ।

[३३] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाल लोकसाहित्यको विवेचना** (काठमाडौं त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०४१), पृ. ३ ।

[३४] मोतीलाल पराजुली र डा. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. १ ।

सर्दै जान्छ भनिएको छ र हिन्दी साहित्यकोशमा लोकगीतका निम्ति तीन अर्थ लगाइएको पाइन्छ - (१) लोकमा प्रचलित गीत (२) लोकनिर्मित गीत (३) लोकविषयक गीत ।[३५] नेपाली वृहत शब्दकोशले लोकगीतलाई 'समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत भनेर अर्थ्याएको छ ।[३६] यसरी लोकगीत समाजमा बसोबास गर्ने जनताले निर्माण गरेका र परम्परादेखि चल्दै आएको लोकजीवनको लयात्मक अभिव्यक्ति हो भन्न सकिन्छ । नेपाली साहित्यकोशमा लोकगीतलाई यस प्रकार परिभाषित गरिएको छ - 'नेपाली लोकसाहित्यको एक प्रमुख अङ्ग लोकगीत हो ।' यसलाई नेपाली प्राकृतिक कविता भनेपनि हुन्छ । यसले आफ्नो रूप र विधा आफैले जन्माउँछ । यो सरल हुन्छ, सुवोध हुन्छ र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोकजीवन छर्लङ्गिने ऐना हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मने कुरा हो । अत : लोक गीतमा कविता सिर्जना गर्ने कविहरूको नाम उल्लेख भएको पाइदैन । यसको संरचनामा कुनै पूर्व योजना पनि हुँदैन ।[३७] त्यसैगरी भारतीय लोकसाहित्यका विद्वान् परमारले लोकगीत परम्पराको त्यो महानदी समान हो जुन स-शाना नदी मिलेर बनेको हुन्छ भनेका छन् ।[३८] नेपालीकै महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदनमा सज्जनवर्गप्रति भन्ने उपशीर्षकमा "झ्याउरे भनी नगर हेला हेर प्यारा सज्जन" भन्दै लोकगीतको झ्याउरे लयलाई महत्त्व दिएका छन् ।[३९] यस प्रकारले भाव र लयले पूर्ण भएको मानव अन्तस्करणबाट बाहिर उदिप्त भएर प्रस्तुत हुने लयात्मक अभिव्यक्ति नै लोकगीत हो । यसैगरी वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपेडियाले यस प्रकार परिभाषित गरेको छ - "लोकगीत नाम विहीन साङ्गीतिक संरचना हो जो कुनै गाउँ वा क्षेत्र विशेषमा प्रचलित रहेको हुन्छ । जुन अरु कुनै कलात्मक सङ्गीत कुनै प्रशिक्षित रचनाकारको भन्दा पृथक हुन्छ । लोकगीत मौखिक रूपमा हस्तान्तरित भएको सङ्गीत हो । मुख्य रूपमा प्रेमप्रणय, लडाइँ, देशभक्ति, बालगीत, मद्यपान सम्बन्धीका गीतहरू लोकगीतको उदाहरणमा लिन सकिन्छ । लोकगीत गाउँदा नाँच्दै रमाइलो गर्दै अगाडि बढ्न सकिन्छ । जसरी अङ्ग्रेजी 'ब्यालेड' को जस्तै लयबद्ध र नाच्न योग्य तथा विशेष गरेर लोकगीतमा सुरिलो मधुर गुणको विद्यमानताका कारण बारम्बार 'टेक' अथवा गीत नै दोहोऱ्याइए तापनि झञ्झट वा दिक्दारी

---

[३५] धीरेन्द्र वर्मा, **हिन्दी साहित्यकोश,** भाग १, दो.सं. (वारणसी : ज्ञानमण्डल लिमिटेडड, २०२०), पृ. ७५० ।

[३६] बालकृष्ण पोखरेल र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं, ने.रा.प्र.प्र., २०५८), पृ. ११२० ।

[३७] ईश्वर बराल र अन्य (सम्पा.) पूर्ववत्, पृ. ४३६ ।

[३८] श्याम परमार, **भारतीय लोक-साहित्य,** (दिल्ली : राजकमल प्रकाशन लिमिटेड, ई. १९५४), पृ. ५३ ।

[३९] लक्ष्मीप्रसाद देवकोटा, **मुनामदन**, तेइसौं सं. (काठमाडौं : साझा प्रकाशन, २०५४) भूमिका खण्ड ।

हुँदैन वृहत् रूपमा फैलिएका विभिन्न समुदायको लोकगीतका समानताहरूले एउटा साझा परम्परा र गीतको कालको निर्देशन गर्दछन् ।[४०] लोकगीतका सन्दर्भमा धर्मराज थापा भन्छन् - "लोक अनुभूति नै लोकगीत हो, जसले हृदयका उद्‌गारहरूलाई स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ । सुख दुःखमा अलापिएका अभिव्यक्ति लोकमा गाइएका हुँदा यसको संज्ञा लोकगीत भयो । लोकगीतको माध्यमबाट नै मानव सङ्गीत प्रेमीलाई सङ्गीतको भावना जागृत गराउन सकिन्छ । चोखालय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ लोकगीत ।"[४१]

नेपाली लोकगीतका सत्यमोहन जोशीले भनेका छन् - लोकगीत भनेको त्यो गीत वा सङ्गीत हो जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपमा दुःख र सुःखको अनुभवमा दया, माया, प्रेमभाव अभिव्यक्त हुने वेलामा स्वयम् उद्‌गारको रूपमा लयदार तरजमा काव्यमय शैलीझैं निस्कन्छ" ।[४२] नेपाली लोकसाहित्यका अर्का अध्येता काजीमान कन्दङ्वाले जनसमुहका दैनन्दिनका भावनाहरूलाई लयदार भाषामा बगेका गीतलाई लोकगीत भनेका छन् ।[४३] त्यसैगरी लक्ष्मण लोहनीले मानवीय क्रियाकलापसँगै बाह्रै महिना डम्फू, मादल, झ्याली, करताल, खैजडी, मुजुरा आदि लोक वाद्यका रन्कोमा रोदीघर देखि डाँडा पाखाहरूमा गुञ्जने सुमधुर स्वरलहरूहरूलाई लोकगीत भनेका छन् ।[४४] त्यसैगरि बासुदेव त्रिपाठीका अनुसार "लोकगीत जीवनका आधारभूत संस्कारहरू मार्मिक भाव तथा सङ्कलित चेतनाको उपज हो । लोकगीत नै हाम्रो काव्य परम्पराको प्रारूप पनि हो ।"[४५] अर्को नेपाली लोकसाहित्यकार चूडामणि बन्धुले - "लोकगीत भनेको लोकजीवनको रागात्मक, स्वस्फूर्त, लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशा साथै लोकको चालचलन, विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ" भनेको छन् ।[४६]

---

[४०] **वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपेडिया,** भोलुम ६, पृ. १९२४-२५ ।
[४१] धर्मराज थापा, **गण्डकीका सुसेली,** पूर्ववत्, पृ. भूमिका ।
[४२] सत्यमोहन जोशी, **"लोकगीतको केही झल्का"**, प्रगति, (वर्ष ३, अङ्क २, २०१२) पृ. १४५ ।
[४३] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य,** (काठमाडौं : रोयल नेपाल एकेडेमी २०२०), पृ.१० ।
[४४] लक्ष्मण लोहनी, **रोदीघर,** दो.सं. (काठमाडौं : रत्नपुस्तक भण्डार, २०२२) ।
[४५] वासुदेव त्रिपाठी, **"नेपाली राष्ट्रिय लोकगीत 'क'" (मन्तव्य) नेपाली लोकगीतको आलोक,** (काठमाडौं : साझा प्रकाशन, २०२३), पृ. ६९ ।
[४६] चूडामणि बन्धु, पूर्ववत्, पृ. ११५ ।

लोकगीत एउटै विषयवस्तु एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा कुनै भू-खण्डमा मात्र सीमित नहुने हुँदा तिनलाई एउटै परिभाषामा समेट्न सम्भव छैन । उपर्यक्त विद्वान्हरूका परिभाषामा पनि एक रूपता आउन सकेको छैन । कसैले अर्थलाई जोड दिएका छन् भने कसैले लयलाई । वास्तवमा लोकगीत आफ्नो सांस्कृतिक परिवेशअनुरूप समकालीन सामाजिक चेतनाको लयात्मक रूपमा हुने अभिव्यक्ति हो । लोकगीतले निर्वैयक्तिकता, तीब्रता, गेयात्मकता, सरलता, मार्मिकता, रागात्मकता, विश्व व्यापकता आदि विशेषता बोकेको हुन्छ । वौद्धिकताको सञ्जालबाट लोकगीत टाढै रहन्छ भने यसमा हार्दिक पक्षको वर्चश्व रहेको हुन्छ । यसमा भाषा लयात्मक हुन्छ । भावनाका साथै सङ्गीतात्मकताको समन्वय पाइन्छ । यसै सन्दर्भमा समालोचक दयाराम श्रेष्ठले लोक गीतहरू आकारमा छोटा, गाउन र कथ्न सजिला मनोरञ्जन तथा तुरुन्तै प्रभाव उत्पन्न गराइ हँसाउन वा रुवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन् भन्ने धारणा राख्दछन् ।[४७]

यसरी सबै विद्वान्हरूको परिभाषाले केही न केही परिचय दिन खोजेतापनि लोकगीतको सबै पक्षलाई समेट्न सकेको देखिँदैन । सबै विद्वान्का परिभाषालाई समेटेर भन्नुपर्दा लोकगीत समाजमा आदिकाल देखि मौखिक रूपमा भनिदै र सुनिदै सामुहिक रूपमा विचरण गर्दै रहेको लोकको साझा सम्पत्ति भएको अनुपम लयात्मक अभिव्यक्ति हो । लोकसमाजको प्रतिबिम्ब लोकगीत भएकाले यसमा लोकसमाजका सुख-दुःख, हाँसो-आँसु, हर्ष-विस्मात्, घात-प्रतिघात, मिलन-विछोड, माया-प्रेम, विरह आदि भावहरू प्रतिविम्वित भएका हुन्छन् । लोकगीतमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ । त्यसैले लोकगीत समाजमा सर्वाधिक चर्चित बन्न पुगेको हो । लोकगीतको आत्म भनेको नै लोकसङ्गीत हो र यो शास्त्रीय संगीतको मूल-स्रोत पनि हो भनेर ठकुवा गर्न सकिन्छ । निष्कर्षमा भन्नुपर्दा सामान्य लोकजीवनको विभिन्न परिस्थिति अनुसार हुने आडम्बरबिहीन, स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति नै लोकगीत हो ।

### ३.१.३ लोकगीतको विशेषता

लोकसाहित्यका विभिन्न विधामध्ये सर्वाधिक चर्चित विधा लोकगीत हो । समाजमा घट्ने जस्ता सुकै घटना मानिसको रहनसहन तथा रीतिरिवाज, जीवनमा भोगिने अनेक

[४७] दयाराम श्रेष्ठ **'सम्भव', प्रारिम्भक कालको नेपाली साहित्य इतिहास र परम्परा** (काठमाडौं, त्रि.वि., पाठ्यक्रम विकास केन्द्र, २०२८) पृ. १५ ।

अवस्था आदिको चित्र लोकगीतमा गरिएको हुन्छ । लोकगीतले कोमल तथा कठोर दुवै प्रकारको जीवन भोगाइबाट निस्कने कल्पना र यथार्थका विविध पक्षलाई समेतेको हुन्छ । नेपाली लोकगीत खेतीपातीमा व्यस्त हुँदा थकाई मेट्ने साधनको रूपमा प्रयोग भएको हुन्छ । त्यस्तै घाँस दाउरा जाँदा गाई गोठाला जाँदा रामरमितामा रमाइलो गर्न आफ्ना मनका सुख, दुःखलाई व्यक्त गर्न चिन्चित भएको बेला मन बुझाउन लोकगीत गाउने गरिन्छ । लोकगीत केटाकेटी देखि बुढाबूढीसम्मकाले निकै रुचिका साथ गाउने र सुनिने गरिन्छ । केटाकेटी खेल्दा गीत गाएर रमाउने, युवायुवतीले माया प्रेम साटासाट गर्न गाउने गरिन्छ । आदिकाल देखि प्रचलनमा फैलदै आएको लोकगीतको क्षेत्र व्यापक भएकाले यसका विशेषता यति नै हुन्छन् भन्न सकिँदैन । यहाँ लोकगीतका मुख्यमुख्य विशेषतालाई बुँदागत रूपमा चर्चा गरिएको छ ।

### क) मौखिक परम्परा

लोकगीत लेख्य रूपमा नभएर मौखिक परम्परामा चल्ने लोकप्रिय विधा हो । लोकगीतलाई लिपिबद्ध गरेर सङ्कलन गर्न सकिएतापनि रच्न भने सकिदैन । लोकगीत एकपिढिबाट अर्को पिढि, एक जिब्रोबाट अर्को जिब्रोमा,एउटा गाउँबाट अर्को गाउँमा, एक ॠतुबाट अर्को ॠतुमा सर्दै प्रवाहित हुँदै आउँछ । त्यसैले लोकगीत गतिशिल र परिर्वतनशील हुन्छ । मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोगीतको प्रमुख विशेषता हो ।

### ख) अज्ञात रचयिता

लोकगीत आदिम मानवदेखि नै उसका सुख दुःख, हर्ष उल्लास, पीडा व्यथा, सुस्केरा सुसेली आदि कारुणिक रूपमा प्रस्तुत भएको हुन्छ । लोकगीत समय सीमालाई नाघेर निरन्तर प्रवाहमा बग्दै जान्छ र यसको स्रष्टा पार्श्वभूमिमा नै छिपेको हुन्छ । त्यसैले लोकगीत कुनै व्यक्तिको रचना नभई लोकको रचना हो । गाँउले जीवनको स्वतस्फूर्त अभिव्यक्तिका रूपमा आएको लोकगीत गतिशील हुन्छ । समयको गतिसँगै एक पुस्ताबाट अर्को पुस्ता, एक ठाउँबाट अर्को ठाँउ सर्दै जाँदा यसले आफुमा पनि ज्यादा परिवर्तन ल्याएको हुन्छ । परिवर्तन हुँलै आएतापनि यसको मूल भावनामा भने आमूल परिवर्तन हुँदैन । त्यसैले लोकगीतको रचयिता अज्ञात हुन्छ । लोकगीत पहिले नै लिपिबद्ध नहुने हुँदा

यसमा रचनाकारको महत्त्व गौण हुन्छ र यो परिवर्तन पनि भई नै रहन्छ । यसरी लोकगीतमा रचयिता वा गीतकार अज्ञात रहनु मुख्य विशेषता हो ।

### ग) सामूहिक भाव भूमि

लोकगीत लोकजीजनको सामूहिक अभिव्यक्ति हो । यसमा कुनै किसिमको सीमाबन्ध हुँदैन । एक ठाँउ मा चलेको लोकगीतलाई एउटा व्यक्तिमा मात्र सीमित नभएर त्यो त्यस समाजको सामुहिक सम्पत्ति ठहर्छ । लोकगीमा जसले गाए पनि पिडा र उल्लास भने सामुहिक रूपमा प्रभाव पर्ने गर्दछ । लोकगीतमा मानवीय भावनालाई सामूहिक रूपमै व्यक्त गरिएको हुन्छ । लोकगीत सामाजिक उपजमा प्रस्फुटन हुने हुनाले सामूहिक भावभूमि लुकेको हुन्छ । त्यसैले लोकगीत व्यक्तित्व विहिन भएकाले यसले वैयक्तिकताबाट माथि उठेर सामुहिकताको निर्माण गर्दछ । त्यसैले सामुहिक भावभूमि पनि लोकगीतको मुख्य विशेषता हो ।

### घ) मौलिकता र सरलता

लोकगीत स्वभावैले स्वच्छ, सरल र सरस हुन्छ । यदि यसो हुँदैनथ्यो भने लोक मानवले सहज रूपमा पचाउन सक्दैनथ्यो । लोकगीतमा प्रयुक्त भाषामा आफ्नैपन र विशेषता रहेको हुन्छ । यसमा प्रयुक्त भाषा हृदयका उद्गार एंव झङ्कार व्यक्त गर्न पर्याप्त सक्षमरहेको हुन्छ । लोकगीतमा व्यक्त हुने लयले सहजै हृदयलाई छुन सकेको हुन्छ । त्यसैले लोकगीत मौलिकपनाले छताछुल्ल भएको हुन्छ । यसमा बनावटी र पूर्वनिश्चित सिद्धान्त रहेको हुँदैन । जस्तो अवस्था छ त्यस्तै प्रकारले लोकगीत प्रस्फुटन हुने गर्दछ । यही विशेषताले लोकगीतको भाव सजिलैसित बुझ्न र ग्रहण सकिन्छ ।

### ङ) सहजता र स्वाभाविकता

लोकगीत जहिले पनि लोकभावनामा आधारित हुन्छ । लोकगीत सिर्जनामा पनि कठिनाई पर्दैन । लोकगीत स्वतस्फूर्त रूपमा सिर्जित भएको हुन्छ । त्यसैले लोकगीत समाज र जातिको जीवित इतिहास हो । यो क्षणिक आवेश र सस्तो मनोरञ्जनका साधन मात्र होइन । यद्यपि लोकगीतकमा किशोरकिशोरी र युवायुवतीको प्रेम, उल्लास र वेदना मुखतिर

भएका हुन्छन् ।[४८] लोकगीतमा मानिसको कानलाई मात्र होइन मनलाई पनि सुख र प्रेरणा दिन सक्ने क्षमता लुकेको हुन्छ । यसको अभिव्यक्तिको आधार पनि लोक भावनालाई अँगालिने सरलता र सहजता नै हो । त्यसकारण प्रत्येक समाज र जातिको जीवित इतिहास सहज र स्वाभाविक रूपमा लोकगीतमा अभिव्यक्त भएको हुन्छ ।

**च) प्रकृति चित्रण**

लोकगीतले प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । प्रायः लोकगीतको पहिलो पंक्तिमा चित्रण र दोस्रो पंक्तिमा अर्थतात्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । वर्षभरिका विभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यलाई लोकगीतमा वर्णन गरिइको हुन्छ । बसन्तको हरियाली, वर्षाको झरि, बादल, बिजुली, खोला, भिर पाखा पखेरा आदिको वर्णन गरिएको हुन्छ । प्रकृतिसँगै तादाम्य भई अभिव्यक्ति पोख्ने क्रममा आफ्ना आँखाले देखेका र आफूले भोगेका कुरालाई लोकजीवनले टिपेर गेयात्मक रूपमा प्रकट गर्दछ । जेहोस् लोकगीतमा प्रकृतिको चित्रण व्यापक रूपमा भएको हुन्छ ।

**छ) प्रश्नोत्तर प्रवृत्ति**

लोकगीतमा प्रश्नोत्तर प्रवृत्ति पनि रहेको हुन्छ । झ्याउरे (झाम्रे) युगल गीत प्रश्नोत्तर प्रधान लोकगीत हुन् । एक पक्षले प्रश्न गर्नेर अर्को पक्षले उत्तर दिने, सुन्ने मानिसलाई अव के उत्तर आउँछ? भन्ने जिज्ञासा र कौतुहलता जतिवेला पनि सिर्जना भएको हुन्छ । यी प्रश्नोत्तर प्रधान गीतमा सीधा प्रश्न र उत्तर हुने गर्दछ रती सहज तथा रागात्मक भएर सामाजिक भावनासँगै सम्बद्ध हुन्छन् । दोहोरी खेल्दा गीतमा अति छिटो उत्तर बनाइन्छ वा प्रश्न बनाइन्छ । धेरै समय नलाग्ने र गाइरहुँ र सुनिरहुँ जस्तो लाइरहने लोकगीतको विशेषता हो ।

**ज) स्वच्छन्दता**

लोकगीत लोकजीवनको सहजानुभूति युक्त हार्दिक अभिव्यक्ति हो । लोकगीत कुनै पनि नियम एवम् शास्त्रीय विधानका अनुशासनमा नबाँधिइ लोकजीवनले आफै पहिल्याएको गति, यति र लयमा प्रवाहित भइरहन्छ । लोकगीतलाई कुनै नियम बन्धनमा राख्नु पनि

[४८] वासुदेव त्रिपाठी, **सिंहावलोकन** (काठमाडौं : साझा प्रकाशन, २०३१), पृ. ३ ।

उचित कुरो होइन । लोकसर्जकहरूको अनुभूतिमा निःसृत हुने भएकाले नै लोकगीतमा लय पनि लोकजीवनमै समाहित हुन सक्दछन् । यिनै विविध कारणले गर्दा लोकगीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ ।

**झ) पुनरावृत्ति र थेगोको प्रयोग**

लोकगीतमा प्रत्येक चरणपछि भईरहने पुनरावृत्तिलाई 'थेगो', 'टेक', 'रिटक' आदि भनिन्छ । लोकगीतको पहिलो पङ्ति प्रायः दोहोऱ्याएर गाइन्छ । गाउने क्रममा अनेक किसिमको थेगो प्रयोग गर्ने गरिन्छ । थेगो वा रहीनको प्रयोगले गर्दा लोकगीत अत्यन्तै रसिलो पनि हुन्छ ।

### ३.१.४ लोकगीतको महत्त्व

कुनै पनि समाजमा लोकगीतको महत्त्व निकै रहेको हुन्छ । साहित्यको विकासको पहिलो खुट्किलो लोकसाहित्य हो । यसमा पनि जेठो विधा लोकगीत हो । समाजमा घट्ने यावत् घटनाहरू, समाजको रोदन-क्रन्दन, हाँसो, माया-प्रेम, आस्था, धारणा आदि मानवीय अनुभूति लोकगीतमा प्रस्फुटन हुने हुँदा यसको महत्त्व अवरणीय छ । लोकगीतले समाजको विभिन्न पक्षलाई छोएको र उतारेको हुन्छ । कुनै पनि देशको इतिहास निर्माणमा लोकगीतको महत्त्वपूर्ण भूमिका रहन्छ । पुर्खादेखि चलेका चलन, भोगेको सुख, रीतिस्थिति र प्रमुख घटनाहरू लोकगीतमा रहँदै आएका हुन्छन् । लोकगीतको माध्यमबाट त्यस समाजमा प्रचलित भाषाको अध्ययन गर्न सहयोग पुग्छ । लोकगीतमा झर्रा तथा ठेट शब्दहरूको प्रयोग हुने हुँदा त्यस भाषाको स्तर निर्धारण गर्न लोकगीतको ठूलो भुमिका खेल्दछ । त्यसैगरेर समाजको सांस्कृतिक पक्षको उद्घाटन पनि लोकगीतमा हुन्छ । समाजका विभिन्न जाति तिनीहरूको रहनसहन, सामाजिक तथा मानवीय क्रियाकलाप उनीहरूले गाउने लोकगीतमा पाइन्छ ।

यसरी लोकगीतले सामाजिक जीवनको चित्रण गर्ने, समाजलाई एकजुट पार्ने वा सामाजिक परम्परालाई बलियो पार्ने कार्य गरेको हुँदा लोकगीतको समाजमा निकै ठूलो महत्त्व छ ।

### ३.१.५ लोकगीतको वर्गीकरण र नेपाली लोकगीत

लोकगीत लोकसाहित्यको निकै सम्पन्न विधा भएकाले यसको क्षेत्र अत्यन्त व्यापक छ । त्यसैले पनि यसको वर्गीकरण गरेर विभाजनको अठोट गर्नु निश्चय नै कठिन छ । लोकगीतको अध्ययन र अनुसन्धान गर्ने प्रत्येक विद्वान्ले आ-आफ्नै दृष्टिकोणले यसको वर्गीकरण गरेका छन् । अन्य देशमा लोकगीतको वैज्ञानिक अध्ययन नभएकोले यसको खोज र अध्येताहरूले यसलाई आफ्नै तरिकाले वर्गीकरण गरेका छन् । लोकगीतमा विविधता बहुरूपता र नित्य नवीनता देखिनाले यसको वर्गीकरण गर्दा कुनै विद्वान्ले आफूलाई भन्दा पहिलेका विद्वान्ले गरेका वर्गीकरणलाई आलोचना गर्दै आफ्नो धारणानुसार नयाँ वर्गीकरणलाई पेस गरेका छन् तर कुनै पनि विद्वान्ले गरेको वर्गीकरणलाई सर्वसम्मत र वैज्ञानिक भने मान्न सकिने स्थिति छैन । यस सन्दर्भमा विदेशी तथा स्वदेशी विद्वान्हरूले गरेका लोकगीतको वर्गीकरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

भारतीय लोकसाहित्यका प्रसिद्ध विद्वान् कृष्णदेव उपाध्यायले लोकगीतको वर्गीकरण पाँच आधारमा गरेका छन् । उनका अनुसार, (१) लोकगीत गाइने संस्कार (२) रशानुभूति प्रणाली (३) ऋतु र ब्रत (४) क्रियागीत (५) जाति ।[४९] सन्तराम अनीलले रस, राग, कथावस्तु र अवसरको अनुकुलता गरी चार भागमा वर्गीकरण गरेका छन् ।[५०] यिनले आफ्नो वर्गीकरणमा गायनलाई आधार लिएका छैनन् । त्यसै गरेर स्वर्णलताले विषयवस्तुको आधारमा लोकगीतलाई चार भागमा वर्गीकरण गरेकी छन् - (१) संस्कार गीत (२) व्यवसायिक गीत (३) अवसारिक गीत (४) वैलासिक वा मनोरञ्जनसम्बन्धी गीत ।[५१] यस वर्गीकरणमा भने सैद्धान्तिक आधार देखिन्छ किनभने यसमा प्राय : सबैजसो प्रचलित लोकगीतहरू समावेश भएका छन् । लोकगीत देखिएको आलोच्य दृष्टिकोणलाई साम्य पार्न तथा वैज्ञानिक अवधारणा अनुरूप वर्गीकरणको आधार प्रस्तुत गर्न श्रीराम शर्माले लोकगीतको वर्गीकरण गर्दा गायक वर्गको आधार, गाउने वातावरण, गायन पद्धतिको आधार र लोकगीतको रूपात्मक विविधताले आधार - जस्ता तथ्यलाई ध्यानमा राख्नुपर्ने कुरा

---

[४९] कृष्णदेव उपाध्याय, **लोक-साहित्यको भूमिका,** (प्रयाग : साहित्य भवन लिमिटेड, इ. १९५७) पृ. २७ ।
[५०] सन्तराम अनलि, **कन्नोज लोकसाहित्य** (दिल्ली, अभिनय प्रकाश, इ. १९७५), पृ. ४४ ।
[५१] स्वर्णलता, **लोकसाहित्य विमर्श,** (विकानेर : एन स्मृति प्रकाशन, इ. १९७९), पृ. ४५ ।

बताएका छन् ।[५२] यसरी भारतीय विद्वान्हरूले विभिन्न आधारमा लोकगीतलाई वर्गीकरण गरी देखाएका छन् ।

लोकगीतको वर्गीकरण गर्ने क्रममा नेपाली विद्वान्हरूले पनि आ-आफ्नै धारणा राखेका छन् । पूर्णप्रकाश नेपाल 'यात्री' ले यसरी राखेका छन् - 'लोकसिर्जित गीत, लोकरचित गीत र लोकविषयक गीत ।[५३] अर्का लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले नेपाली लोकगीतको विवेचना गर्दै यसलाई सामयिक लोकगीत (ॠतु मौसम वा चाडअनुसार गाइने) र सामान्य (जहिले पनि गाउन सकिने) गरी २ भागमा वर्गीकरण गरेका छन् ।[५४] नेपाली साहित्यका समालोचक ईश्वर बरालले अवस्था अनुरूप ॠतु परिस्थितिलाई आधार मानेर लोकगीतलाई १८ भागमा वर्गीकरण गरेका छन् - (१) मादले (२) रादी (३) छोकडा (४) टप्पा (५) लवरी (६) मालश्री (७) सिलोक (८) सँगिनी -९) गाइने (१०) जुवारी (११) सवाई (१२) कलन (१३) भैलो (१४) देउसी (१५) रत्यौली (१६) बाह्रमासे (१७) प्रभाती (१८) झ्याउरे ।[५५] यस वर्गीकरणले विस्तृत आकार दिएको देखिन्छ । धर्मराज थापा र हंसपुरे सुवेदीले लोकसाहित्यको चर्चा गर्दा लोकगीतको वर्गीकरण सातवटा आधारमा गरेका छन् । ती हुन् (१) सामान्य गीत (२) ॠतु वा ब्रतसम्बन्धी गीत (३) संस्कार गीत (४) कर्मगीत (५) पर्वगीत (६) लोकनृत्य वा नृत्यगीत (७) विविध गीत ।[५६] त्यसैगरी दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण चार प्रकारले गरेका छन् । ती हुन् (१) संस्कार सम्बन्धी लोकगीत (२) ॠतुकालिन लोकगीत (३) क्रियासम्बन्धी लोकगीत (४) विविध लोकगीत ।[५७]

यसैगरी कृष्णप्रसाद पराजुलीले लोकगीतको विषयात्मक वर्गीकरण गर्दै वर्षचक्रका र जीवनचक्रसम्बन्धी लोकगीत गरी दुई किसिमका लोकगीतको बारेमा चर्चा गरेका छन् । वर्षचक्रका लोकगीतलाई बाह्रमासे लोकगीत र ॠतुकालीन लोकगीत गरी दुई भेद देखाएका छन् । ॠतुकालीन लोकगीतलाई पनि पर्वगीत र कर्मगीत गरी विभाजन गरेका छन् भने अर्कोतिर जीवनचक्रसम्बन्धी लोकगीतलाई संस्कारगीत, उमेर अवस्था सम्बन्धी गीत र

[५२] श्रीराम शर्मा, **लोकसाहित्य सिद्धान्त और प्रयोग,** (आगरा : विनोद पुस्तक मन्दिर इ. १९८१), पृ. ६४ ।
[५३] पूर्णप्रकाश नेपाल **'यात्री' "नेपाली लोकगीत"** (विचारमञ्च) मधुपर्क (वर्ष १५, अङ्क ८, २०३९) ।
[५४] सत्यमोहन जोशी, **"लोकगीतको केही झल्का",** प्रगति, पूर्ववत्, पृ. १४५ ।
[५५] काजीमान् कन्दङ्वा पूर्ववत् पृ. १३ ।
[५६] धर्मराज थापा र हंसपुर सुवेदी, पूर्ववत्, पृ. ९४ ।
[५७] दयाराम श्रेष्ठ, 'सम्भव', पूर्ववत्, पृ. १५ ।

नृत्यगीत गरी तीन भेद देखाएका छन् ।[५८] त्यसैगरी चूडामणि बन्धुले लोकगीतको वर्गीकरण गर्दा तीनवटा आधारमा छुट्याएका छन् । तीन हुन् (१) सहभागिताका आधारमा लोकगीत - क) एकल गीत (ख) दोहोरी गीत (ग) समूह गीत । (२) लय वा भाकाका आधारमा लोकगीत (क) स्थानगत (ख) जातिगत (ग) अन्य (विभिन्न भाका) (३) प्रकार्यका आधारमा लोकगीत ( क) सामान्य गीत (बाह्रमासे, दोहोरी आदि) (ख) विशेष गीत (धार्मिक गीत, अनुष्ठानमूलक तथा संस्कार गीत, ऋतु गीत वा पर्व गीत, श्रम गीत) ।[५९]

यसप्रकार विभिन्न विद्वान्द्वारा गरिएको लोकगीतको वर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिलो भएको छ । यिनै वर्गीकरणको ढाँचालाई हेरेर नेपाली लोकगीतको वर्गीकरण निम्नलिखित आधारमा गर्नु शानदर्भिक देखिन्छ -

### १. विषयवस्तुका आधारमा

लोकगीतको विषयवस्तु समाज, समय, प्रसङ्ग आदिले गर्दा फरक फरक हुन्छ । नेपाली लोकगीतलाई हेर्दा खाँडो, कर्खा धार्मिक तथा ऐतिहासिक विषयवस्तुमा आधारित हुन्छन् । भैलो, देउसी, रत्यौली, तीजेगीत, झ्याउरे, ख्याली आदिमा सामाजिक विषयवस्तु बढी हुन्छ भने बालन, घाटु, सोरठी, भजन आदि पौराणिक विषयवस्तुमा आधारित हुन्छन् ।

### २. कार्यका आधारमा

लोकगीत काम विशेषमा गाउने गरिन्छ । विभिन्न कार्य गर्दा विभिन्न प्रकारका लोकगीत गाउने गरिन्छ । जस्तै : असारमा रोपाइँ गर्दा > असारे, साउनमा कोदो रोप्दा > साउने, दाइँ हाल्दा > दाइँगीत, घाँस काट्दा > गाइने > घाँसे गीत आदि ।

### ३. स्वरूपका आधारमा

स्वरूपका आधारमा लोकगीतलाई धेरै प्रकारका मानिने गरिएतापनि मुख्य रूपमा तीन प्रकारका मान्ने गरिन्छ । लोकगीतमा प्रयुक्त आख्यानलाई आधार मानेर हेर्दा आख्यानयुक्त आख्यानमुक्त र फुटकर गरी तीन प्रकारका लोकगीत हुन्छन् । त्यसैगरी

---

[५८] कृष्णप्रसाद पराजुली, **"नेपाली लोकगीतको वर्गीकरण", आलोक** (काठमाडौं : काभ्रेली परिवार, २०५१), पृ. १६ ।

[५९] चूडामणि बन्धु, पूर्ववत्, पृ. १२१ ।

आकारका आधारमा हेर्दा मध्य आकार, लघु आकार र लघुतम आकार गरी तीनै आकारका लोकगीत पाइन्छन् ।

### ४. उमेर, लिङ्ग र जातिका आधारमा

लोकगीत उमेर अवस्थानुसार गाउने गरिन्छ । बालकहरू बालगीत गाउँछन् भने युवायुवती मायाप्रिति, विरह-वेदना, मिलन विछोड, आदि गीत गाउँछन् । त्यस्तै वृद्धवृद्धाहरूले रमाइलो गर्न विशेष गरेर भजन, घाटु, बालन, सोरठी, सिलोक आदि गाउँछन् ।

लिङ्गको आधारमा पनि लोकगीत गाउने गरिन्छ । विवाहमा गाउने रत्यौली, तीजेगीत आदि महिलाहरूमा मात्र सीमित हुन्छ । त्यस्तै खाँडो, मालश्री, दाइँगीत, सराएँ आदि गीतमा प्रायः पुरुषहरूको सहभागिता हुने गर्दछ ।

त्यसैगरी जातिको आधारमा पनि लोकगीत गाउने गरिन्छ । सिलोक, चुट्का भजन आदि ब्राह्मण, क्षेत्रीले गाउने गर्दछन् । सोरटी, घाटु आदि मगर, गुरुङ जातिकाले गाउने गर्दछन्, गाथा र कर्खा गन्दर्भ जातिले गाउने गर्दछन् भने झ्याउरे गीत अन्य जातिले गाउने गर्दछन् ।

### ५. प्रस्तुतिका आधारमा

लोकगीतको पनि आफ्नै प्रकारको प्रस्तुति हुन्छ । कुनै गीत वाद्यवादन नभइकन गाउन सकिदैन भने कुनै लोकगीत गाउँदा वाद्यवादनको आवश्यकता पर्दैन । घाँसे गीत वाद्यवादन बिना नै गाउने गरिन्छ भने झ्याउरे गीत मादलका साथ गाइन्छ र नाचिन्छ । त्यस्तै भजन, खैजेरी, मुजुरा, मादल र मुरलीका साथ गाउने गरीन्छ ।

### ६. गायनका आधारमा

कुनै गीत एक जनाले मात्र गाउने गरिन्छ भने कुनै गीत गाउँदा युगल अथवा समूह मिलेर गाइन्छ, यसरी लोकगीतलाई गायनको आधारमा एकल र समूह गायन गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

### ७. रसभावका आधारमा

लोकगीत विशेषगरी मनोरञ्जनका लागि गाउने गरिन्छ तापनि कुनै वेला विरह वेदनाले आक्रान्त बनेर पनि लोकगीतको माध्यमबाट मन शान्त पार्ने प्रयास गरिन्छ । यसरी हेर्दा लोकगीतमा हास्य, वीर, करुणा, शान्त, श्रृङगार आदि रसभावका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

यिनै विभिन्न आधारमा गरिएको लोकगीतको वर्गीकरणबाट नेपाली लोकगीतको पहिचान गर्न सकिन्छ ।

## ३.२ नेपाली लोकगीतको अध्ययन परम्परा

भाषाको विकाससँगै आफ्ना भावनालाई लोकगीतका माध्यमबाट पोख्न थालेका हुन् । लोकगीतको अस्तित्व वैदिक समयदेखि नै रहेको पाइन्छ । एकातिर स्तुतिपरक गीतहरू शिष्ट साहित्यका रूपमा विकसित हुँदै आएको देखिन्छ भने अर्को तिर लोक परम्परामा लोकगीतका रूपमा पनि विकसित हुँदै आएको पाइन्छ । यस हिसाबले हेर्दा लोकगीतको अस्तित्व धेरै पहिले देखि रहँदै आएको बुझिन्छ ।

लोकगीतको प्रचलन भाषाको उद्भव कालदेखि नै हुन्छ भन्ने अनुमान लोकसाहित्यका विभिन्न विद्धानले लगाएका छन् । त्यसैले नेपाली भाषाको उद्भव बारे एघारौँ बाह्रौँ शताब्दी देखिकै अभिलेखको चर्चा गर्न सत्प्रयासहरू भएता पनि हालसम्म आधिकारिक प्राचीनतम अभिलेखका रूपमा वि.सं १३१७-२७ को अशोककालीन बौद्धशिलास्तम्भलाई मानिएको छ ।[६०] यसपछि मात्र नेपाली भाषाको लेख्यरूप विभिन्न शिलालेख, अभिलेख, ताम्रपत्र, कनकपत्र आदिमा पर्याप्त मात्रामा भेटिन्छ । रिपूमल्लका पिता नाग मल्ल थिए र उनका समयमा रोपाइँ गर्दा “भागेश्वरी ढुस्को” गाइन्थ्यो जसलाई नेपाली लोकगीतको पहिलो नमुना मान्न सकिन्छ ।[६१] यस लोकगीतमा राजा नाग मल्ल र भागेश्वरी देवताको बीच भएको झगडाको संवाद पाइन्छ । नाग मल्लका समयमा गाइएका अन्य मौखिक लोककाव्यका नमुना पनि उपल्ब्ध छन् । तिनै मौखिक लोककाव्यका नमुनाका

[६०] ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रम,** (काठमाडौं : विद्या प्रकाशन, २०४५), पृ. ३८) ।
[६१] देवकान्त पन्त (सम्पा.), **डोटेली लोकसाहित्य,** (काठमाडौं, नेपाल र एसियाली अध्ययन संस्थान, २०३२) पृ. १०४ ।

आधारमा नेपाली लोकगीतको मौखिक परम्परा पन्ध्रौँ शताब्दी देखि सुरु भएको अनुमान गर्न सकिन्छ । लोकगीतको मौखिक परम्पराका अतिरिक्त लहरी, सवाई, झ्याउरे आदि लोकलयमा लेखिएका साहित्यिक रचनाले पनि ठूलो योगदान दिएका छन् । यस्ता लोकलयमा लेखिएका रचनाहरूमा वसन्त शर्माको 'उदयलहरी' कृष्णप्रसाद रेग्मीको 'वीर लहरी' दानराज लामिछानेको 'बाह्रमासा' आदि पर्दछन् । यी खण्डकाव्य स्तरका रचना हुन् तापनि यिनमा एकातिर गेयात्मकता छ भन्ने अर्कोतिर काव्यात्मक पनि पाइन्छ । अन्य झ्याउरे र लहरी छन्दमा लेखिएका तर अश्लिलताको मात्र बढी हुनाले लोकजिवनमा भिज्न नसक्ने खालका रचनाहरू पनि पाइन्छन् । अश्लिलताको मात्रामा सुधारिएको कृतिहरूमा महानन्द सापकोटाको मदनलहरीले झ्याउरे लोकछन्दलाई राष्टिय स्तरमा चिनाएको देखिन्छ भने महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनले झ्याउरे लोकगीत प्रति आस्था र श्रद्धा बढाइरहेको छ ।

नेपाली लोकगीत २००३ पूर्व मौखिक रूपमा बाँचेको थियो भन्दै पुराना कवि र कवितामा नेपाली इतिहास, भाषा साहित्यका अन्वेषण बाबुराम आचार्यले कालान्तरमा मात्र लोकगीत लिखित रूपमा आएको प्रसङ्ग उल्लेख गरेका छन् ।[६२] यसै समयदेखि केहि व्यक्तिहरू लोकगीतको सङकलन र अध्ययनतिर लागेको देखिन्छ । वि.सं २००३ सालको शारदा पत्रिकामा धर्मराज थापा र सत्यमोहन जोशीले नेपाली लोकगीतको सङकलनमा पहिले काम गरे ।

वि.सं २००७ सालको जनक्रान्तिपश्चात् प्रजातन्त्रको स्थापनासँगै रेडियो नेपालको पनि स्थापना भयो । त्यसपछि रेडियोबाट विभिन्न कलाकारको स्वरमा लोकगीतको प्रसारण हुन थाले र लोकगीत प्रति धेरै व्यक्तिको रुचि बढ्न गयो । यसरी नेपाली लोकगीतको सङकलन र अध्ययनमा 'रेडियो नेपाल' को महत्त्वपूर्ण भूमिका रहेको छ । त्यस्तै संस्थागत रूपमा धर्मराज थापा, पासाङ गोपर्मा, काजीमान् कन्दडवा आदिको सक्रियतामा २००९-१०मा स्थापित लोकगीत सङ्ग्रहालय 'रोयल नेपाल एकेडमी' (हाल नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान) नेपाल राष्ट्रिय विद्यापीठ ( वि. सं २०२७-२०२८), 'सांस्कृतिक संस्थान', 'रत्न रेकर्डिङ् संस्थान' आदि संस्थानहरूको स्थापनाले लोकगीतको अध्ययनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । त्रिभूवन विश्वविद्यालय अर्न्तगत उच्च शिक्षाको नेपाली पाठ्यक्रममा

[६२] बाबुराम आचार्य, **पुराना कवि र कविता** (काठमाडौं, साझा प्रकाशन, २०३४) पृ. १ ।

लोकसाहित्य समावेश गरेर त्यसअर्न्तगत लोकगीतको पनि अध्ययन गर्न सकिने व्यवस्था भएको हुनाले लोकगीतको अध्ययनमा थप टेवा पुगेको देखिन्छ । यसका अतिरिक्त व्यक्तिगत रूपमा थुप्रै विद्वान्हरूले राष्ट्रिय र क्षेत्रीय स्तरमा लोकगीतको अध्ययन गरेका छन् ।

नेपाली लोकगीतको सङकलन र अध्ययन कार्यमा विशेष योगदान दिने व्यक्तिहरूमा धर्मराज थापाको नाम अग्रस्थानमा आउँछ । उनले राष्ट्रिय तथा क्षेत्रीय स्तरका लोकगीतको अध्ययन गरी धेरै पुस्तकहरू प्रकाशनमा ल्याएका छन् । उनले पूर्व मेची देखि पश्चिम महाकालिसम्मको भ्रमण गरी ' मेरो नेपाल भ्रमण'(२०१६) नामक कृति प्रकाशनमा ल्याए । उनको अर्को कृति 'हाम्रो लोकगीत' (२०२०) मा लोकगीतका भौगोलिक र सामाजिक पक्षलाई देखाएका छन् । उनकै गण्डकीका सुसेली (२०३०) मा भने गण्डकी, लुम्बिनी र धवलागिरी अञ्चलका लोकगीतको भेदहरूको बारेमा विस्तृत दिएका छन् । धर्मराज थापा र हँसपुरे सुवेदीको संयुक्त लेखनमा आएको 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१) मा नेपाली लोकगीतको विभिन्न विधालाई विस्तृत रूपमा चर्चा गरिएको छ । नेपाली लोकगीतको अध्ययन गर्ने अर्का व्यक्ति सत्यमोहन जोशी हुन् । उनले 'हाम्रो लोकसंस्कृति' २०१४ नामक कृतिमा चुड्का, बालन, मारुनी, सोरठी, घाटु, दोहोरी, झ्यौसी, सँगिनी, कर्खा आदि नेपाली लोकगीतको चर्चा परिचर्चा र तिनको उदाहरण सहित व्याख्या गरेका छन् । त्यसैगरी काजीमान कन्दङ्वाले नेपाली जनसाहित्य (२०२०) मा नेपाली लोकगीतलाई वर्गीकरण गरी अध्ययन गर्ने काम गरेका छन् । कालिभक्त पन्तले 'हाम्रो सांस्कृतिक इतिहास' (२०२८) तथा गीतसुधाको बाटोमा लोकगीतको व्यवस्थित अध्ययन नभएपनि ऐतिहासिक सामाग्री भने पर्याप्त दिएका छन् । त्यसैगरी कृष्णप्रसाद पराजुलीले ' नेपाली लोकगीतको आलोक' (२०५७) मा नेपाली लोकगीतको विस्तृत अध्ययन गर्ने प्रयास गरेका छन् । यसमा विभिन्न किसिमका नेपाली लोकगीतलाई सङकलन गरी त्यसलाई विभिन्न आधारमा वर्गीकरण गरी परिचय दिँदै विश्लेषण समेत गरिएको छ । अर्का लोकसाहित्यका अध्ययनता चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' (२०५८) नामक कृति प्रकाशनमा ल्याएर लोकगीत सम्बन्धी व्यापक रूपमा अध्ययन गरेका छन् । त्यसैगरी डा. मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरीले नेपाली लोकसाहित्यको रूपरेखा (२०६८) नामक कृति प्रकाशनमा ल्याएर लोकसाहित्यका विभिन्न विधाहरूको अध्ययन गरेका छन् ।

लोकगीतको अध्ययन गर्ने क्रममा कतिपय विद्वान्हरूले क्षेत्रीय स्तरको अध्ययन पनि गरेका छन् । यस अध्ययन कार्यमा सम्बद्ध रहेका प्रमुख व्यक्तिहरूमा प्रदीप रिमाल 'कर्णाली लोकगसंस्कृति खण्ड ५'(२०२८) देवकान्त पन्त डोरेली लोकसाहित्य (२०३२), विजय चालिसे डोटेली लोकसंस्कृति र साहित्य (२०३९), पूर्णप्रकाश नेपाली यात्री सेती नालीबेली र सेतीका तारा (२०३४), भेरीका लोकसाहित्य (२०४१), तेजप्रकाश श्रेष्ठ 'अछामी लोकसाहित्य' (२०४४) आदि हुन् । उपयुक्त कृतिकारका कृतिहरूमा लोकसाहित्यका अन्य विधाका साथै सम्बद्ध क्षेत्रका लोकगीतको अध्ययन भएको पाइन्छ । त्यसैगरी त्रिभूवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागअर्न्तगत गराइएको शोधकार्य पनि लोकगीतको क्षेत्रीय अध्ययनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपाली लोकगीतको अध्ययन-अन्वेषणलाई गतिशील बनाउन लागि पर्नेहरूमा तुलसी दिवस, चुडामणि बन्धु, मोतीलाल पराजुली, कृष्णप्रसाद पराजुली, वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली, जीवेन्द देव गिरी आदिको भूमिका रहेको छ ।

त्यसैगरी लोकगीतको अनुसन्धानमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, श्री ५ को सरकार संस्कृति विभाग, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, रेडियो नेपाल, नेपाल टेलिभिजन, म्यूजिक नेपाल, जस्ता संस्थाहरूबाट भएका अनुसन्धान तथा प्रवर्द्धन कार्यहरू पनि महत्त्वपूर्ण छन् । यी नेपालका विभिन्न शैक्षिक संस्थाहरूले समय समयमा गराएका प्रतियोगिता र प्रदर्शन कार्यक्रमहरू तथा लोकगीतका क्यासेट तथा रेकर्डहरूको उत्पादनबाट नेपाली लोकगीतको संबर्द्धनमा उल्लेखनीय योगदान भएको छ । व्यक्तिगत रूपमा पनि नेपाली लोकगीतको विकासमा महत्त्वपूर्ण कार्यहरू भएका छन् । गायकगायिकाहरूले पनि लोकगीतलाई लोकप्रिय बनाउने काम गरेका छन् ।

# अध्याय चार

# गुल्मी धुर्कोट क्षेत्रका लोकगीतको सङ्कलन र वर्गीकरण

## ४.१ विषय प्रवेश

गुल्मी धुर्कोट र त्यस वरपरका लोकगीतको सङ्कलन र वर्गीकरण गर्नका लागि जम्मा चार वर्गमा गीतलाई वर्गीकरण गरिएको छ :

१) संस्कार गीत
२) ऋतुकालीन कर्म गीत
३) पर्व गीत
४) बाह्रमासे गीत

उपयुक्त किसिमले सङ्कलन र वर्गीकरण गर्दा शोधकार्यमा सुगमता आओस् भन्ने उद्देश्य राखिएको छ । यी चार वर्ग अन्तरर्गत निम्नानुसार गीतहरू रहेका छन् :-

**लोकगीत**

| संस्कार गीत | ऋतुकालीन कर्म गीत | पर्व गीत | बाह्रमासे गीत |
|---|---|---|---|
| १) विवाह सिलोक<br>२) रत्यौली | १) असारे गीत<br>२) दाईँ गीत | १) तीज गीत<br>२) सराएँ<br>३) भैलो<br>४) देउसी<br>५) देवाली | १) बालगीत<br>२) भजन कीर्तन<br>३) घाँसे/ठाडो गीत<br>४) भ्याउरे गीत<br>५) दोहोरी |

## ४.२ संस्कार गीत

हिन्दु धर्मावलम्बीहरूले आफ्नो जीवनभरिमा सोह्र संस्कारलाई अवलम्बन गर्ने देखिन्छ । आजभोलिको आधुनिकताले गर्दा सोह्रवटा संस्कारलाई प्रयोगमा नल्याए तापनि प्रमुख केही संस्कारलाई भने मान्यता दिएकै हुन्छन् । गुल्मी धुर्कोट क्षेत्रमा पनि लोकजीवनले

विभिन्न संस्कारलाई मान्दै आएका छन् । ती संस्कारलाई मनाउँदा गीत गाउने गरिन्छ । यहाँ यस क्षेत्रमा चल्ने केही संस्कारसम्बन्धी लोकगीतहरू निम्न प्रकार छन् :

### ४.२.१ विवाह - सिलोक

यस पृथ्वीमा मानिसले जन्म लिइसकेपछि सृष्टि धान्नको लागि उमेर अवस्था भएपछि विवाह गर्नु पर्ने हुन्छ । विवाह मानिसका जीवनको महत्त्वपूर्ण कार्य हो । आफ्नो छोरालाई जोडी सुहाउने केटी कहाँ छ भनेर केटी खोज्न जाने चलन छ । जब केटा पक्षका मानिस केटीको घरमा गइ कुरा चलाउँदा केटी पक्षकाले केही अड्का थाप्ने, ती अड्का फुकाउन वा उत्तर दिन सकेमा आफ्नी छोरी दिने गर्दछन् । आजभोलि भने अड्का थाप्ने र फुकाउने चलन कमै मात्रामा देखिन्छ । विवाह - सिलोक सम्बन्धी यस क्षेत्रमा प्रचलित गीतको उदाहरण निम्न छ -

केटी पक्ष : काँकाँ उबजे हात्ती, घडुवा, काँकाँ उबजे गधा ऊँट ?
काँकाँ उबजे सारी सुगा, काँकाँ उबजे रजपूत ?
केटा पक्ष : मधेसमा उबजे हात्ती घडुवा पर्वतमा उबजे गधा ऊँट ।
टोड्की उबजे सारी, सुगा कोखिमा उबजे रजपूत ।
केटी पक्ष : के - के काममा हात्ती घडुवा, के के काममा गधा ऊँट ?
के के काममा सारी सुगा, के के काममा रजपूत ?
केटा पक्ष : चड्न गुनका हात्ती घडुवा भारी बोक्न गधा ऊँट ।
पढ्न गुनका सारी सुगा कोखी बस्नका रजपूत ।
केटी पक्ष : के - के खावै हात्ती घडुवा, के के खावै गधा ऊँट ?
के के खावै सारी सुगा के के खावै रजपूत ?
केटा पक्ष : दाना खावै हात्ती घडुवा, दुवो खावै गधा ऊँट ।
कीरा फटेङ्ग्रा खावै सारी सुगा दालभात खावै रजपूत ॥

× × ×

दुलहीतर्फ : कुन गाउँ, कुन ठाउँबाट कुन काम लिएर आयौ यहाँ ?
के खान्छौ, कति छौ उठेर भनिदेउ हाम्रै नजिकै महाँ ?
दुलाहातर्फ : वाग्ला गाउँ पधेरा चौर ठाउँबाट विहे काम लिएर आयौ यहाँ ।

भात् खान्छौ, सय छौँ, चटक्क छोडीदेऊ, हाम्रो छ बाटो जहाँ ।

दुलहीतर्फ : ब्राह्मन छेत्री र वैश्य शुद्र कति छौ, पण्डित कति छौ यहाँ ?

ठीक उत्तर यिनको उठेर नदिए जान्छौ अगाडि कहाँ ?

दुलाहातर्फ : सात सुन्ने ब्राह्मण दसतिया अरुजात् पण्डित तीन छन् यहाँ ।

ठीक उत्तर यही हो झुकेर भनिदेउ भान्छा छ हाम्रो कहाँ ।

× × × ×

दुलहीपक्ष : हरिया टपरीमा सेतो भात

अब हाल जन्ती हो झुसिला हात

दुलाहापक्षः सुकेका टपरीमा आङ्गाको भात

हाल हाल जन्ती हो सुनसरी हात

स्रोत : वासुदेव पन्थी, वाग्ला

### ४.२.२ रत्यौली

रत्यौली गीत विवाहको समयमा दुलाहाका घरमा महिलाहरूले बसेर रमाइलो गर्ने संस्कार गीत हो । जन्ती दुलहीका घरतिर हिंडेपछि गाउँ टोलका आइमाई जम्मा भएर रत्यौली गाउँछन् । महिलाले रमाइलो गर्न अनेक अभिनय गर्दछन् । आईमाई मात्र हुने हुँदा अश्लील शब्द भन्ने र गीत पनि गाउने गर्छन् । यस क्षेत्रमा रत्यौलीलाई जिउँती पनि भनिन्छ । कतै यसलाई 'रति लीला' शब्दको अपभ्रंशबाट निर्मित 'रत्यौली' शब्दको अर्थ रति क्रीडाको अनुकरण गर्नु हो भन्ने तर्क राखेको पाइन्छ ।[६३] रातमा गाउने भएर नै यस्ता गीतलाई रत्यौली भनिएको हो । आजभोली भने दिनमा विवाह हुने र दिनमानै रत्यौली गाउने गरिन्छ । रत्यौली गीत महिलाहरूले मात्र गाउने गीत हो । रत्यौली खेल्दा केही महिलाले पुरुषका कपडा लगाएर जोगी जस्तो बन्ने र आइमाईलाई समाएर रति क्रिडाको अभिनय गर्दछन् । यस सयमा अनेक प्रकारका हास्यव्यङ्ग्यात्मक र श्रृङ्गारिक पाराका गीतहरू गाउने गरिन्छ । यस क्षेत्रमा प्रचलित रत्यौली गीतको नमुना यस प्रकार छ -

क) लगनको टपरी गौदानको गाई

यतिवेला दुलही नानी जग्ये बस्न आई

[६३] धर्मराज थापा र इंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** पूर्ववत्, पृ. १८५ ।

अरे भैया जोग्य बस्न आई

दिनभरी घाँस काँटे भैसी थोरालाई
दाइजो साइजो चाहिँदैन कुलका छोरालाई
अरे भैया कुलका छोरालाई,

बटौलीको बजारमा भाडाकुँडा किन्दछे
कुलकी छोरी परि भने मानगुन गर्नेछे, अरे भैया मान गुन गर्ने छे
कुजातकी छोरी परे लात्ति ऐलाउछे अरे ................

थालभरी अक्षता हेरे धामीले,
मानगुन राखि भने बुहारी पनि भन्दछौ,
नर भने हामीले आँखा तर्काउँछौ, अरे भैया आँखा तर्काउँछौ

गोठभरी डिगा छन् वनका बुटाले
कहिले पनि  छोडेन मनका भुटाले, अरे भैया मनका भुटाले

त्यही पारी पखेरीमा पाडा घमाए
केटा भरी जन्त गए केटी रमाए, अरे ..................

चौपारीमा बसेर सिस्ने पते उन्छु,
बुहारीले बचन लाएर बसी बसी रुन्छु, अरे ............

ख) मकैमा लागे पुतला पुतली,
चामल लागे धुन, अरे भैया चामल लागे धुन
पञ्चै बाजा लिएर विहे गर्न जाने
कसका बाला हुन्, अरे भैया कसका बाला हुन् ?
पञ्चै बाजा लिएर विहे गर्न जाने
हामरा वाला हुन्, अरे भैया हामरा बाला हुन् ।
शिरफूल लिएर विहे गर्न जाने
कसका बाला हुन्, अरे भैया कसका बाला हुन् ?

शिरफूल लिएर विहे गर्न जाने,
हामरा बाला हुन् अरे भैया हामरा बाला हुन् ।

ग) तिरिपासा खरर भैंमा झरर,
छोरी माग्ने लमी अघि सरर ।
कस्तो हेर्‍यौ ससुरा कस्तो हेर्‍यौ घर,
बाबा जस्ता ससुरा दरवार जस्तो घर ।
तिरिपासा खरर भैंमा झरर,
छोरी माग्ने लमी अघि सरर ।
कस्ती हेर्‍यौ सासु कस्ती हेर्‍यौ घर ?
आमा जस्ती सासु दरवार जस्तो घर ।
तिरिपासा खरर भैंमा झरर,
छोरी माग्ने लमी अगि सरर ।
कस्ता हेर्‍यौ जेठाजु कस्तो हेर्‍यौ घर, ?
दाज्यै जस्ता जेठाजु दरवार जस्तो घर ।
तिरिपासा खरर भैंमा झरर,
छोरी माग्ने लमी अघि सरर ।
कस्ता हेर्‍यौ जेठानी कस्तो हेर्‍यौ घर, ?
दाज्यै जस्ता जेठानी दरवार जस्तो घर ।
तिरिपासा खरर भैंमा झरर,
छोरी माग्ने लमी अघि सरर ।
तिरिपासा खरर भैंमा झरर,
छोरी माग्ने लमी अघि सरर ।

घ) दुलही रोही होलिन् शिरफूल लाउँदा,
गम्किदे मादलु मैले गीत गाउँदा ।
खड्कलीको दाइजो राख सोलमीा
नरोइकन दुलही चढ डोलमीा ।
पराइको सिन्दुर के खाँचाले लाम,

नरोइकन डोलीमा के खाँचाले जाम ।

अरे भैया के खाँचाले, जाम ।

स्रोत : डिमाकला अर्याल + विजया अर्याल + दमन्ता अर्याल + सीता अर्याल, कमला पन्थी, (आमा समूह) सिर्सेनी - ५, लाम्पाटा, गुल्मी

## ४.३ ऋतुकालीन कर्म गीत

वर्षभरिका विभिन्न ऋतुहरूमा नेपाली लोकजीवनको नाता जोडिएको हुन्छ । अधिकांश नेपालीहरू कृषिपेशामा सहभागी छन् र उनीहरूको दिनचर्या खेतीपाती लगाउने, गोडमेल गर्ने र बाली थन्क्याउने काममा वितेको हुन्छ । कृषकहरू खेतीपातीको काम गर्दा थकाई दिक्दारी आदिबाट छुटकारा पाउनकोलागि केही मात्रामा भए पनि मनोरञ्जन लिन काम गर्दै गीत सुसेल्ने गर्दछन् । काम अनुसारका गीतलाई ऋतुकालीन गीत वा श्रमगीत भनिन्छ । कर्मगीतले एकातिर ऋतुलाई छुन्छ भने अर्कोतिर कामको प्रकृतिलाई लोकजीवनसँग हाँसेर अपूर्व उत्साह सञ्चारित गर्छ ।[६४]

गुल्मी जिल्लाको धुर्कोट क्षेत्रमा खेतीपातीका बेला प्रशस्तै कर्म गीत गाउने गरिन्छ । यसरी गाउने गीतहरूमा कुनै कामसँग सम्बन्धीत र छुट्टै विशेषता बोकेका हुन्छन् भने कुनै स्वच्छन्द रूपमा गाइने विभिन्न भाकाका ठाडो र झ्याउरे गीतहरू हुन्छन् । यस क्षेत्रमा चलेका कामसँग मात्र सम्बन्धीत कर्म गीतहरूमा असारे र दाइँगीत पर्दछन् ।

### ४.३.१ असारे (बाली)

असारे गीत प्राय : असार महिनामा गाइने हुँदा यस गीतको नाम असारे गीत रहन गएको हो । कृषकहरूले असारमा खेत रोप्दा हली, बाउसे, रोपार मिलेर गाउने विशेष किसिमको लोकलयात्मक गीतलाई असारे गीत भनिन्छ । गुल्मी जिल्लाको धुर्कोट र त्यस वरपरको क्षेत्रमा यस्ता असारे गीत अत्यधिक मात्रामा गाउने गरेको पाइन्छ । यो गीत गाउँदा लामो र सुरिलो भाकामा गाइन्छ र यो प्राय : रोपारहरूले गाएको देखिन्छ । यस ठाउँमा धान रोप्दा असारे गीतको साथै झ्याउरे गीत र ठाडो भाका दोहोरी गीत पनि

---

[६४] कृष्णप्रसाद पराजुली, **"नेपाली लोकगीतको फाँटमा ऋतुकालीन कर्मगीत"**, (काठमाडौं : सुनकोशी साहित्य प्रतिष्ठान, २०५३), पृ. ४१ ।

गाउँदछन् । यी गीतहरूमा वातावरणको चित्रण, छोरी-बुहारीको वेदानका साथै महिलाहरूका आशा, निराशा, आकांक्षा आदिलाई प्रस्तुत गरिएको हुन्छ । यस क्षेत्रमा प्रचलनमा रहेको असारे गीतको नमुनालाई यहाँ प्रस्तुत गरिएको छ -

गाईको किलो भैंसिको किलो किलाको किलै छ आहै किलाको किलै छ,
आँखिका शानले चुरोट माग्दा हात मेरो हिलै छ आहै हात मेरो हिलै छ,
लौ तो मा लौ लौ हात मेरो हिलै छ ।

सागको मूठो दहीको ठेकी असारे रोपाइलाई आहै असारे रोपाइँलाई
हिजोको जस्तो छैनौनी आज के भयो तपाईलाई आहै के भयो तपाईलाई
लौ तो मा लौ लौ के भयो तपाईलाई ।

रिमे र झिमे पानी है पऱ्यो सालघारी शितायो आहै सालघारी रितायो ।
नामर्दका साथीमा लाइचु के  जुनी वितायो आहै के जुनी वितायो ।
लो तोमा लौ लौ के जुनी वितायो ।
लो फेरी भन कोदाली खन के जुनी वितायो । आहै के जुनी वितायो ।

रिमे र झिमे पानी है पऱ्यो बरुकि रुझेन आहै बरुकि रुझेन ।
नामर्दको साथीमा लाइचु मन मेरो बुझेन, आहै मन मेरो बुझेन ।
लोतोमा लौ लौ मन मेरो बुझने ।

लौ फेरि भन मसले सबै मकैको पातलाई, आहै मकैको पातलाई ।
जन्मेको ठाउँमा मरनु छैन छोरीको जातलाई, आहै छोरीको जातलाई ।
लौतोमा लौलौ छोरीको जातलाई ।

छुपुमा छुपु खेत है रोप्यौं हातको बिऊ छँदै, आहै हातको विऊ छँदै ।
माइतैमा बसी चयन काट्ने आमाको जीउ छँदै आहै आमाको जिउ छँदै ।
लौ तोमा लौ लौ आमाको जिउ छँदै ।

स्रोत : डिमाकला अर्याले, सिर्सेनी ५ गुल्मी

### ४.३.२ दाइँगीत

परालको दाइँ लगाउँदा गाइने गीतलाई दाइँ गीत भनिन्छ । कृषकले धान उठाएपछि केही दिनमा पराल माड्ने काम गर्दछन् । यस बेला थकाइ नलागोस् भनेर रमाइलो गरिन्छ । कतिवेला धान धेरै होस् भनिन्छ र घरमा मालिकमालिकनीलाई जिस्काउने गरिन्छ । दाइँमा गोरुलाई मियोमा बाँधिन्छ र मियोको वरिपरी गोरुलाई खेज्दै विभिन्न गीतहरू गाइन्छ । गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रमा चल्ने दाइँगीत निम्नानुसार प्रस्तुत गरिन्छ -

हो हो मालमदेसको सहलिऊ भैया
दाङ्-देउखुरीको सहलिऊ भैया
हो हो दाइको माडो फरालाको फाडो
पुछरले डोलाइदिऊ, कानले हम्किदिऊ
खुरले माडी दिऊ, दाङ्-देउखुरीको सहलिऊ
हो हो दाइको माडो फरालको फाडो
मिहाको गोरु माले र भ्फाले
माडेको पराल बाहिर फाले
हो हो दाइको माडो फरालाको फाडो

स्रोत : बलराम पोखरेल
जैसीथोक-२, रातापोखरा, गुल्मी

## ४.४ पर्वगीत

नेपाल अधिराज्य भर वर्षभरिमा विभिन्न पर्वहरू मनाउने गरिन्छ । गुल्मी धुर्कोट क्षेत्रमा पनि वर्षभरिमा विभिन्न चाडपर्वहरू मान्ने गरिन्छ । प्रत्येक चाडपर्वमा फरक फरक किसिमका गीतहरू गाउने गरिन्छ । यहाँ यस क्षेत्रमा गाइने पर्वगीतलाई तल दिइएको छ -

### ४.४.१ तीजे गीत

भदौ महिनाको शुक्ल पक्षमा पर्ने हरितालिका तीज पर्वमा महिलाहरूले विभिन्न किसिमका गीतहरू गाउने गर्दछन् । विशेष गरेर यस क्षेत्रमा साउने सङ्क्रान्ति देखि ऋषिपञ्चमीसम्म टोल टोलमा जम्मा भई मादल, भ्याली, मुरलीका तालमा नारी मनका

वेदना आशा, निराशा आदिका स्वरहरू गुञ्जन्छन् । सासु बुहारीका वारेमा, ससुरा, देवर जेठाजु, नन्दआमाजु सामुहिक घटना आदिका वारेमा गीत गाउने गरिने हुँदा सुन्नेलाई निकै उत्सुकता हुने गर्दछ । वाघवादनका साथमा गाउने हुनाले नृत्यपनि गरिन्छ, जो निकै राम्रो पनि देखिन्छ । गीत गाउने महिलाहरू मात्र हुन्छन् भने बजाउने र नाच्ने पुरुषहरू पनि हुन्छन् । गीत र बाद्यवादनको तालमा जोडी नाच हुने हुँदा निकै रमाइलो पनि हुन्छ । यस क्षेत्रमा गाइने तीज सम्बन्धी गीतलाई तल प्रस्तुत गरिएको छ । यो गीत एउटा कारुणीक चेलीको मृत्युको घटनासँगै सम्बन्धी रहेको छ । उक्त घटनालाई तीज गीतका माध्यमबाट प्रस्तुत गरिएको छ । उक्त गीत निम्न छ -

सप सप घाँस काटिन् बारीमाको अमला
खेतमा पानी लगाउन गइकी कमला

कमला घर फर्किदा बाटैमा पहिरोले च्याप्यो बरीलै
पहिरोले च्याप्दा खेरी अइय बाबा भनी हुन्
परान जानी बेलामा कसो गरि हुन्, बरीलै कसो गरि हुन् ।

आदि पहिरो खन्दा खेरी रातो रिवन भेटियो
पुरै पहिरो खन्दा खेरी लास भेटियो, बरीलै लास भेटियो ।

घरबाट आमाले कमला भनी बोलाउँदा
केको बोल्थीन कमला गावै डोलाउँदा बरीलै गावै डोलाउँदा ।

रातो डोली लच्काउँदै घर ल्याउने बेलामा
सेतो डोली लसीकाउँदै रिडी खोलामा, बरीलै रिडी खोलामा ।

कमलाले पढ्ने किताव भित्र छन् गारामा
कमलालाई सम्झेर कति रुँदा हुन्, वरीलै कति रुँदा हुन् ।

कमलाले लाउने साडी भाउजुले धुँदी हुन्
कमलालाई सम्झेर कति रुँदी हुन्, बरीलै कति रुँदी हुन् ।

स्रोत : माया पन्थी र साथीहरू भनभने (गैराखर्क)

यस क्षेत्रमा छोराछोरी बीचको प्रत्यक्ष भेदभावपूर्ण व्यवहार देखेर विद्रोहात्मक गीतको नमुना यस प्रकार छ :

दाजु भाईलाई स्कुल जान कापि किताब किन्दिन
मै छोरीलाई घाँस काट्न डोको बुन्दिनी

तीनै भाई छोरालाई हाई स्कूल खरर
मै छोरीको रुन्छ बाबा मनै धरर

हरियो फाँटमा धान खायो सुगाले
पढ्न पनि दिनुभएन बुबा मुमाले

पढ्न लेख्न देश घुम्न छोरालाई सुहाउने
धेरै राखी छोरीको साहस गुमाउने

गाह्रो पीरो नमाने है बाबाले
छोरी पाउनु पर्दैन त्यस्ता जाबाले ।

× × × ×

सुन्नु होला दिदी बहिनी सुन्नु होला दाजुभाई
रियाले मा.वि.को स्वागत सवैलाई ....३

नारी स्वसण नहोस् कतै यही सन्देश छरेर
देखाउने छौ नारीले नी विकार गरेर ........३

सधै पिडा सधै भरी अन्याय र अत्याचार
नारी हामी बन्न सक्छौ देशको कर्णधार ...........३

नारी दमन ढाल्नु पर्छ जरै देखि गोडेर
कुरीती र कुसंस्कारको बन्धन तोडेर ................३

नारी हिंसा भएको छ चेतनाको कमिले
चुलो चौको छोड्नु पर्छ अब हामीले ................३

स्रोत : रियाले मा.वि. का छात्राहरू

कुनै चेलीका माइती हुँदैनन् र कसैका भए पनि विदेशमा भए भने माइत जान सम्भव नहुँदा आफ्नो मनका कुरालाई निम्न गीतका माध्यमबाट व्यक्त गरेका छन् -

तीज आयो भनेर सबै जान्छन् माइत
म चेली अभागिनी कस्का माइत

साह्रै मन लाग्यो मलाई माइतीघर जानलाई
आउनुहोस् न मेरा बाबा मलाई लिनलाई

दिनदिनै टोकसो छ अभागी म मोरीलाई
बाबा लिन आएनन्, बरै दुःखी छोरीलाई

दाजुभाइ नि विदेशिने, ठुलै दशा लागेर
खान लाउन सँधैभरि दुःख पाएर ।

घरमा सँधै वचन लाउँछन् अलच्छिनी नामले
दिनरात दुःख कष्ट घरको कामले

बस्न मलाई परी रछ मर्ने दिन गनेर
कसो गरी बसु अब आफ्नो भनेर

मर्न काल आएन मेरो, बाँच्न गाह्रो भइसक्यो
रुँदा रुँदा जीवन मेरो आधा गइसक्यो ।

स्रोत : सीता पोखरेल
नयाँ गाउँ

### ४.४.२ **सराएँ**

विजयादशमीको दिनमा टीका लगाएपछि पूर्णिमासम्म देवीको कोटमा जम्मा भई बाजा बजाएर सराएँ खेल्ने गरिन्छ । प्राय : गरेर पुरुषहरूले एक हातमा खुंडा वा तरवार र अर्को हातमा रुमाल छोपी विभिन्न देवी-देउराली पुकारेर बाजाको तालमा नाच्ने र गाउने गरिन्छ । आजभोलि भने महिलाहरू पनि सराएँ नाचमा सहभागी हुन थालेका छन् । सराएँ खेल्दा गोल घेरा लगाएर विचमा मान्छेलाई बसाएर खेल्ने गरिन्छ । यस क्षेत्रमा प्रचलित सराएँसम्बन्धी गीतको नमुना यस प्रकार छ -

सराएँ खेलम् भाइ हो, - हुर्र ..........
खेलम् भाइ हो , - हुर्र .........
नेपालमा पशुपति रक्षा रे, - हुर्र .........
समय सालमा बाँचिन् भने, - हुर्र .........
तिम्रो सेवा, - हुर्र .........
गर्छौं हामी, - हुर्र .........
धुर्कोटका खड्का देवता, - हुर्र .........
रक्षा गरे, - हुर्र .........
तिम्रो सेवा, - हुर्र .........
बारम्बार गर्छौं हामी, - हुर्र .........
मालीका माईले, - हुर्र .........
रक्षा गरुन्, - हुर्र .........
सराएँ खेलम् भाइ हो, - हुर्र .........
बाँचे आइसल् - हुर्र .........
मरिम् भने, - हुर्र .........
स्वर्गमा भेट हो, - हुर्र .........
खेलम् भाई हो, - हुर्र .........

स्रोत : प्रेमप्रसाद अर्याल
सिर्सेनी ५

### ४.४.३ **भैलो**

नेपालको प्रायः सबै ठाउँमा भैलो खेल्ने परम्परा अद्यपि छ । गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रमा भैलो खेल्न न्वागी खाने दिनबाट मात्रै सुरु गरिन्छ र पुषको पन्ध्र खाजा खाने दिन सम्म खेल्ने गरिन्छ । भैलो खेलेको सबै साथी भाईले खाजा खाए पछि अथवा पुषे पन्ध्र मनाएपछि भैलो खेल्न विश्राम गरिन्छ । भैलो खेल्दा मारुले, पुरसुङ्गे बन्ने विभिन्न प्रकारका गीत गाउने र नाच्ने गरिन्छ । यस क्षेत्रमा प्रचलित भैलो गीतको नमुना निम्न छ -

हो ऽ सँगी हो - भैलो
जम्मा र भयौंकी - भैलो
वर्ष दिनको - भैलो
मंसिरैमा - भैलो
न्वागी पर्व - भैलो
मनाउन - भैलो
आयौं हामी - भैलो
रमाइलो - भैलो
गरौँ भनी - भैलो
आयौं हामी - भैलो
यो घरमा - भैलो
राम्रै होवोस् - भैलो
डिंगा बाच्छा - भैलो
राम्रै होउन - भैलो
धन सम्पत्ति - भैलो
बर्सी जावोस् - भैलो
यो घरका - भैलो
जेठा छोरा - भैलो
जर्नेल कर्नेल - भैलो
भइजाउन - भैलो
माइला छोरा - भैलो

ल्याप्टेन क्याप्टेन - भैलो

भइजाउन - भैलो

कान्छा छोरा - भैलो

हाकिम साव - भैलो

भइजाउन - भैलो

भैली जनका - भैलो

आशीक - भैलो

लागी जाऊन - भैलो

पुगि जाऊन - भैलो

बाचिम् भने - भैलो

यसै गरी - भैलो

अर्को सालमा - भैलो

आऊँला बरै - भैलो

यसरी माथि उल्लेख गरिएको गीत भैलो भट्याउने गीत भनिन्छ । यो गीत सकिए पछि भैलोलाई अन्त्य गर्न चुड्के गीत गाएर नाचिन्छ । यस सम्बन्धी गीत यसप्रकार छ -

छ्याम् छ्याम् नाचिदेउ निउरेर
हातमा रुमाल, कन्नापुर सिउँरेर

कति राम्री नानी तिमी कम्मर भाँची देऊ
आज तिमी सबको सामु आगनीमा नाची देऊ

शानो शानो बच्चा थियो उसको नाम काले
तिमीलाई जिस्काउँदा गाली गरेर बाले

छ्याम् छ्याम् नाचि देऊ निउरेर
हातमा रुमाल कन्नापुर सिउँरेर

स्रोत : सुरेश पन्थी र साथीहरू, वाग्ला

### ४.४.४ **देउसी**

तिहारको अवसरमा यमपञ्चक भर गाइने गीतलाई देउसी गीत भनिन्छ । यस समयमा टोल टोलका युवा-युवतीहरू मिलेर घरघरमा गएर देउसी खेल्ने र सो घरबाट मिलेको उपहारलाई भोज भतेर खाएर रमाइलो गर्ने गरिन्छ । गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रमा प्रचलित देउसी सम्बन्धी गीत निम्न अनुसार प्रस्तुत गरिएको छ -

भन् भन् भाई हो - देउसी रे
स्वर मिलाई भन - देउसी रे
वर्ष दिनको - देउसी रे
तिहारैमा - देउसी रे
काग तिहार - देउसी रे
कुकुर तिहार - देउसी रे
लक्ष्मी पूजा - देउसी रे
गाई तिहार - देउसी रे
गोवरधन पूजा - देउसी रे
भाई टीका - देउसी रे
भाईलाई - देउसी रे
रातो माटो - देउसी रे
चिप्लो बाटो - देउसी रे
लड्दै र पद्दै - देउसी रे
दुई घोडा ठोक्दै - देउसी रे
अँधेरी रातमा - देउसी रे
आएका हामी - देउसी रे
उठन आवै - देउसी रे
आहै दिन लागिन् - देउसी रे
थालीमा रोटी - देउसी रे
त्यसमाथि दियो - देउसी रे
हरियो नोट - देउसी रे

दिनै लागिन् - देउसी रे
यो घरलाई - देउसी रे
आशीष दिऊँ - देउसी रे
धनकी देवी - देउसी रे
लक्ष्मी बास - देउसी रे
गरेरै छाडुन् - देउसी रे
यो घरमा - देउसी रे
सुनको लिस्नो - देउसी रे
भएरै छाडोस् - देउसी रे
दुःख र कष्ट - देउसी रे
हटेरै जाऊन् - देउसी रे
अबत हामी - देउसी रे
जान्छौ आँवै - देउसी रे
अर्को साल - देउसी रे
देउसी खेल्न - देउसी रे
आऊला बरै - देउसी रे ।

यसरी देउसी भट्याइसके पछि चुट्के नाच्ने गीत गाइन्छ । चुट्के गीत निम्न प्रकार प्रस्तुत छ -

नखेल जुवा र तास
धनको नास जीवनको बनिबास
पात राम्रो पैँयाको
भाका राम्रो भट्याउने मैँयाको, हे नखेल....

स्रोतः ऋषिराम अर्याल र अन्य साथीहरू
सिर्सेनी - ५, लाम्पाटा

### ४.४.५ देवाली (कूलपूजा)

हिन्दुहरूले आफ्नो जातियता अनुसार कुलपूजा गर्ने परम्परा छ । यस क्षेत्रका मानिसहरूले आ -आफ्ना दाजुभाई मिलेर एक दुई वर्ष विराएर भव्य रूपमा कुलपूजा गर्ने गर्दछन् । यस क्षेत्रका भण्डारी थरकाले मार्गशुक्ल अष्टमीमा पुज्छन् भने अर्याल, थापा, घर्ती, पौड्याल, अधिकारी आदि थरकाले पूर्णिमामा कुलपूजा गर्छन् । कुलपूजा गर्दा कसैले बलि दिने चलन छ भने कसैले खीर र पिठो भुट्ने चलन पनि रहेको छ । यस क्षेत्रमा देवाली गर्दा काम्ने र भट्याउने आ-आफ्नै तरिका हुन्छ । यहाँ सिर्सेनी, मर्भूङ, अर्खावाङ् आर्जेका अर्यालहरूको कुलपूजामा भट्याउने तरिका निम्नानुसार दिइएको छ -

मंसिर मास पूर्णिमा तिथि, जुनेली रात, हाँस्दै र खेल्दै देवतासँग
कुलको सेवा गर्नलाई हामी जम्मा भएर काम्दै काम्दै
देवतालाई खुसी पार्छौं,
राईभट्ट, कुसुमदत्ता, उम्लाजुम्ला, पारे जुम्ला रजस्तत,
रैने दह, कमल दह, उतपत्ति भयो भयो देवै बाईसै पुस्ता बाटामा बिते,
सिर्सेनी गाउँमा, काँस कुशको झुपडी बनाई कुल देवतालाई बास दियौ
कूल देवताको पूजा गरी खुसी पार्न बलि दियौ
सेती ब्रा,

स्रोत, मूलधामी, कौशलचन्द्र अर्याल, सिर्सेनी ५

## ४.५ बाह्रमासे गीत

बाह्रमासे अन्तर्गत आउने नेपाली लोकगीत कुनै पनि ऋतुमा एकनास प्रवाहित भइरहेको देख्न सुन्न सकिन्छ । बाह्रमासे गीतहरू एक किसिमले सदावहार वृक्षजस्ता हुन्छन् । जुन कहिल्यै पनि सुक्दैनन्, विलाउँदैनन् ।[६५] वर्षभरिको समयमा आफ्ना मनको हाँसो-आँसु, माया-प्रेम, बिरह- वेदना आदिलाई लोकलयको माध्यमबाट व्यक्त गरिन्छ । यी गीतबाट लोकजीवनले समयलाई र क्रियाकलापलाई कसरी हेरेको हुन्छ भन्ने थाहा हुन्छ । गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रमा चल्ने बाह्रमासे गीतमा बालगीत, भजन-कीर्तन, घाँसे,

---

[६५] पराजुली कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक,** पूर्ववत्, पृ. १५३ ।

झ्याउरे आदि गीत प्रमुख हुन् । यहाँ यस्तै केही बाह्रमासे गीतको सङ्कलन गर्ने काम गरिएको छ -

### ४.५.१ बालगीत

बालबालिका हुर्केको समाजमा लोकगीतको रन्को फैलिएको हन्छ । बालबालिकाले शानैदेखि गीत सुन्ने र बोली फुटेपछि गाउने पनि गर्दछन् । बालसंसार रमाइलो हुन्छ । बालकहरू अधिकांश समय खेलेर बिताउने हुँदा खेल अनुसार गीतहरू गाउने गर्दछन् र गाउँदा गाउँदै नाच्ने पनि गर्दछन् । यहाँ यस क्षेत्रमा प्रचलित बालगीतहरू तल प्रस्तुत गरिएको छ -

क) पानीमा डुवी जानी खेल गीत

यतियति पानी  - गङ्गेरानी
पैतला-पैतला पानी - गङ्गेरानी
घुँडा-घुँडा पानी - गङ्गेरानी
कम्मर-कम्मर पानी - गङ्गेरानी
छाती-छाती पानी - गङ्गेरानी
घाँटी-घाँटी पानी - गङ्गेरानी
आँखा -आँखा पानी - गङ्गेरानी
टाउका -टाउका पानी - गङ्गेरानी
टूप्पी -टूप्पी पानी - गङ्गेरानी
टूप्पी -टूप्पी पानी - डुवी जानी ।

ख) साथी एक्लै रोएको बेलामा खेल्ने गीत

एउटा साथी जङ्गलमा
रोही रोही बसेको
उसको नाम हो आसिमा
उठन साथी उठन
आफ्नो आँसु पुछन
आकास माथि हेरन

चार पटक घुमन

आँखा चिम्म गरेर

हाम्ला छुन आउन

अङ्गालोमा आउन

घरतिर जाऊहिन ।

स्रोत : आसिमा घिमिरे, आयुसा घिमिरे

वाग्ला ९ अज्मिर

ग) हात तताउने खेल गीत

ओकल दोकल तिकल चार

भोलि पर्सि मंगलवार

काठे घुँडा रूपासे

तेरी आमा चेपासे

फर्का तेरो दाइने हात

स्रोत : प्रेम घर्ती + संगिता घर्ती

सिर्सेनी ५ लाम्पाटा

घ) लौरे खेल गीत

गोठे लौरी गोठ जा

पानी खाना कला जा

कुलो लयो पैराले

छेक्नजा लौरोले

स्रोत : सिर्जना पोखरेल

जैसीथोक २ रातापोखरा

ङ) लुकामारी खेल्दा गाउने गीत

ओरो डोरो काशी कोरो

वनमा बस्ने भँगेराको कान्छो छोरो

इर्कीमिर्की दूध छिर्की असुर काटे डामारे डुम,

स्रोत -कृष्ण अर्याल + विमल घर्ती

सिर्सेनी ५ लाम्पाटा

### ४.५.२ भजन -कीर्तन

नेपालीहरूले विभिन्न समयमा देवी देवताको आराधना, भजन -कीर्तन गरेर मनोरञ्जन लिने गर्दछन् । यसैगरी गुल्मी धुर्कोट क्षेत्रका बासिन्दाले पनि भजन मण्डलीबाट भजन -कीर्तन सुन्ने परम्परा अद्यावधिक छ । गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित विष्णुप्रसाद घिमिरेले शोधपत्र (२०६९) गरिसकेकाले त्यही शोध भित्रका अत्यन्त प्रचलित केही लोकभजनहरूको नमुना यहाँ प्रस्तुत गरिएको छ -

क) गणेशको आरती

जय बाबा गणेश जय बाबा गणेश

तिम्रो दयाले संसार चलेछ

घ्याम्पो जत्रो पेट तिम्रो मूसाको वाहान

शरणमा आएका छौं हामी अन्जान । जय बाबा....

चारभजा धारी प्रभू मुसामा सवारी

आँउदा रहेछन् गणेशबाबा भक्तले पुकारे । जय बाबा....

लामो लामो सुँड तिम्रो लामो लामो कान

बुद्धिदाता गणेश तिम्रो नाम । जय बाबा....

स्रोत व्यक्ति : जीवन भट्टराई

हाडहाडे ५

ख) विविध भजन

नारायणले भक्तजनलाई लाउनु हुन्छ पार ।

तेत्तिस कोटी देवतालाई मनले नमस्कार ॥

गाई गङ्गा तुलसा शालिक राम ।

हृदयमा प्रकट भैदेऊ हे भगवान् ॥

गोकुलमा गाई चराउने डोर ।

कतिराम्रो कृष्णजीको मुरलीको स्वर ॥

हे हरि, हे हरि, यो मन छैन थीर ।
चारै दिनको जिन्दगानी झुट्टा यसरी ॥
भुइँमा झरन कृष्ण भुइमा झरन ।
आपत् पऱ्यो हामीलाई रक्षा गरन ॥

स्रोत व्यक्ति : शशिधर घिमिरे
वाग्ला ९

### ४.५.३ घाँसेगीत /ठाडोगीत

घाँसेगीत गुल्मी धुर्कोट क्षेत्रको प्रमुख लोकगीत हो । जुन गीत घाँस, दाउरा, मेलापात, घरबेसी गर्दा गाइन्छ । जे काम गर्दा पनि एक्लै अथवा संङ्गी आफ्ना मनका भावनालाई पोख्नेकाम यस गीत मार्फत गरिन्छ । एकल रूपमा पनि गाइने र समूहमा पनि गाउन मिल्ने घाँसेगीतको नमुना तल प्रस्तुत छ -

क) लस्के भाकाको /ठाडोगीत
गयौ माया जान्चुनी नभनी
के गरेर बसूँ म दिन गनी, पानी सलल २
घरपारि देखिन्छ कालो वन
के गरेर बुझाम्तो रुने मन, पानी सलल २
तल खेतमा धान पाक्यो पयाँलु
अब मैले कहाँ देखू मयाँलु, पानी सलल २
फोटो हेरी कति दिन काटुँला
एक्लो जीवन कसरी बाचुँला, पानी सलल २
वर्षा लागे, बादलु भरिन्छ
सम्झी ल्याउँदा मन त्यसै घोरिन्छ, पानी सलल २
रुन्च मन वनको नेउली झैँ
मनमा थियो बनुँला बेहुली झैँ, पानी सलल २
साउको रिन, यहीँ बसी तिरौँला
घरबेसी सँगैसँगै हिडौला, पानी सलल २

स्रोतः कविता खनाल, वस्तु ४, धुर्कोट, गुल्मी

ख) ऐसेलुको पात रोइरहने बनायौ मलाई दिनरात

रुम भने आँसुको खर्च नरुम भने यो मनमा पीर पर्च, ऐसेलुको.....

पात राम्रो पैयाँको भाका राम्रो तरुनी मैयाको, ऐसेलुको....

मायासित हाँसेको बोलेको आउँछ याद काखमा खेलेको, ऐसेलुको.....

हाँसो आँसु हो भन्चन यो जीवन कहिले हल्का भएन यो मन, ऐसेलुको....

डिंगा बाखा चराउँथ्यौ भीर पाखा सम्झन्छुर रसाउँचन यी आँखा, ऐसेलुको....

स्रोतः पवित्रा पोखरेल

जैसीथोक २

### ४.५.४ **झ्याउरे गीत**

नेपालको धेरै भू-भाग पहाड र हिमालले बनेको छ र गाउँ नै गाउँले भरीएको छ । यी डाँडा पाखामा झ्याउरे गीतहरू घन्कने गर्दछन् । नेपालका कतिपय ठाँउमा सामान्यतयाः सवै खालका लोकगीतलाई झ्याउरे भन्ने चलन छ । झ्याउरेलाई झण्डै लोकगीतको पर्यायका रूपमा समेत लिने गरिन्छ । लोकगीतलाई झ्याउरेका रूपमा लिँदा झ्याउरे एउटा सिंगो रुख हो भने अरु कैयन गीत यसका हाँगा हुन् । ती सवै लयलाई केलाउँदा यसका १०८ भन्दा बढी भेद-उपभेद हुन सक्ने अनुमान गरिन्छ ।[६६] गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रमा झ्याउरेलाई झाम्रे गीत भन्ने गरिन्छ । आजभोलि भने आधुनिकताको प्रभावले गर्दा यसको चलन कम हुँदैछ तथापि मौका परेको बेलामा दोहोरी बस्ने अर्थात झाम्रे गाउने केही नमुना तल प्रस्तुत गरिएको छ -

डाँडैमा बस्यो जुरेली
मनमा पिर परेको बेलामा नवजाउ सुनको मुरली
भाविले लेख्यो र
मनको कुरा कस्ले पो देख्यो र
डाँडैमा.....
विगतका दिन सम्झेर मन रुन्छ
जे जस्तो छ भनेसी थाहा हुन्छ

[६६] पराजुली कृष्ण प्रसाद, **नेपाली लोकगीतको आलोक**, पूर्ववत्, पृ. १५३ ।

डाँडैमा बस्यो जुरेली मनमा पीर...
मैले माया लाएको दोहोरै हो
मनका कुरा खोलेको पोहोरै हो
डाँडैमा बस्यो जुरेली मनमा पीर...
मनभित्र गुनिन
भन्यो पोहोर ति कुरा सुनिन
डाँडैमा बस्यो जुरेली मनमा पीर...
दुईचार शब्द कापीमा कोरतो
विगतलाई फर्काएर हेरतो
डाँडैमा बस्यो जुरेली मनमा पीर...
केही गीत म पाि गाउँला
विगतका दिनहरू सम्झौँला
डाँडैमा बस्यो जुरेली मनमा पीर...
गाउ गीत जलेसी
कहिले हेर्छौं यो शिर ढलेसी
डाँडैमा बस्यो जुरेली मनमा पीर...

स्रोतः बासु गिरी, पितम अर्याल, वसन्ता घर्ती, मिना के.सी

सिर्सेनी ५

गुल्मी हो नाम गुल्मेलीको शान
रिडीबाट सुरु हुन्छ गुल्मीको रूप रेखा
स्वर्ग जस्ता धेरै ठाँउ पर्न थाल्छन् देखा
प्रकृतिले माया गरि कोरेको चित्र
दिल खोलेर भन्नुपर्छ गुल्मी छ विचित्र
गुल्मी हो नाम गुल्मेलीको शान
रुरु र रेसुङ्गा हाम्रो पहिचान
आँपचौरको कफि हाम्रो पहिचान
गुल्मी गुल्मी प्राण भन्दा प्यारो हाम्रो गुल्मी
स्वर्गबाट स्वर्गकै टुक्रा झरे जस्तो

हातैले खोपी फूलबूट्टा चिटिक्क पारे जस्तो
हो प्रकृतिको खानी हो गुल्मी भन्दा हुन्छ बेस
गुल्मीमा जन्मेका नेता हाँकेका छन्  देश
गुल्मी हो नाम गुल्मेलीको शान
सालमी दह हाम्रो पहिचान
टिमुरे ताल हाम्रो पहिचान
थोर्गाको खुदो हाम्रो पहिचान
गुल्मी गुल्मी प्राण भन्दा प्यारो हाम्रो गुल्मी
अनगिन्ति तीर्थालु छन् रिडी मेला घुम्नी
गण्डकीमा स्नान गरी सालिग्राम चुन्नी
हो साउने मेला रेसुङ्गामा भजन कीर्तन गर्ने
मनको मैलो पखालेर तम्घासमा झर्ने
गुल्मी हो नाम गुल्मेलीको शान
चारपाला दरवार हाम्रो पहिचान
थाप्लेको लेक हाम्रो पहिचान
गुल्मी गुल्मी प्राण भन्दा प्यारो हाम्रो गुल्मी
नत जाडो नत गर्मी स्वच्छ हावा पानी
धान मकै कोदो गहुँ उब्जनीको खानी
हो अर्जुन र मदानेले मित लाएका छन्
त्यही भएर कलाकारले गीत गाएका छन्
गुल्मी हो नाम गुल्मेलीको शान
विचित्र गुफा हाम्रो पहिचान
मदाने लेख हाम्रो पहिचान
गुल्मी गुल्मी प्राण भन्दा प्यारो हाम्रो गुल्मी
गुल्मी हो घर भन्दा खेरी उचो हुन्छ शिर
लोकसेवामा सफलताको चर्चा चारै तिर
सेना पुलिस शिक्षक देखि सबै कर्मचारी
इमान्दार भै बोकेका छन् देशको जिम्मेवारी

गुल्मी हो नाम गुल्मेलीको शान
इस्माको कोट हाम्रो पहिचान
जुनीया कोट हाम्रो पहिचान
धुर्कोटको कोट हाम्रो पहिचान
गुल्मी गुल्मी प्राण भन्दा प्यारो हाम्रो गुल्मी
ढोरपाटनलाई जोड्ने बाटो पुर्कोट बाटै गयो
कुर्गाको सहर पर्यटकलाई होम स्टेनै भयो
हो पर्यटन र पर्यावरण जोगाउन लागौ
सवै तह तक्काबाट सब गुल्मेलीको जागौँ
गुल्मी हो नाम गुल्मेलीको शान
मरभूङ्की मालिका हाम्रो पहिचान
सिबला दिवन हाम्रो पहिचान
गुल्मी गुल्मी प्राण भन्दा प्यारो हाम्रो गुल्मी
यो गुल्मीलाई चिनाउनु छ हामी संसार भरी
अनेक जाति भाषा धर्म पेशा थरीथरी
हो भ्याउरे ख्याली, सालैज्यू र भाका सराएँका
हाम्रा रिती परम्परा छैनन् हराएका
गुल्मी हो नाम गुल्मेलीको शान
रुरु र रेसुङ्गा हाम्रो पहिचान
आँपचौरको कफी हाम्रो पहिचान
गुल्मी गुल्मी प्राण भन्दा प्यारो हाम्रो गुल्मी
गाउँगाउँमा विकाश गर्न बनाउँदै तालिका
बनेको छ रेसुङ्गा यो नगरपालिका
हुन दिन हुन्न हामीले हार यो गुल्मीको
गुल्मी हो नाम गुल्मेलीको शान
कङ्की देउराली हाम्रो पहिचान

गुराँस खर्सु हाम्रो पहिचान

गुल्मी गुल्मी प्राण भन्दा प्यारो हाम्रो गुल्मी ।

स्रोतः बाबुराम पन्थी

भनभने गा.वि.स, गुल्मी ।

### ४.५.५ दोहोरी गीत

युवायुवतीहरूले दोहोरो प्रतिउत्तरात्मक शैलीमा गाउने गीत नै दोहोरी गीत हो । त्यस्ता गीतमा उनीहरूका वीचको प्रेमप्रसङ्ग, मानवीय मनोभाव र सामाजिक परिस्थितिहरूको सजीव चित्रण पाइन्छ । दोहोरी आयोजित रूपमा गाइने गीत हुन्छ । त्यस्ता गीतका भाका पूर्वपरिचित भएपनि गीतका  शब्दाबलीहरू र अभिव्यक्ति अत्यन्तै नयाँ हुन्छन् । गुल्मी धुर्कोट क्षेत्रमा गाइने दोहोरी गीतमा एकातर्फ केटा र अर्को तर्फ केटीको तर्फबाट प्रश्नोत्तर वा प्रस्तावक र प्रतिउत्तरात्मक शैलमी गाइने गीत कहिलेकाहीँ एक्लाएक्लै भएपनि सधैजसो सामुहिक हुन्छ । कम्तिमा पनि ४/४ जनाको समूह हुन्छ । समूहमा कसैले गीत जुटाउने र कसैले भाका मिलाउने गरी बडो रोचक र लयात्मक बनाइन्छ । यस्ता गीतमा वाद्यवाद्यन सामाग्रीको प्रयोग गरेर पनि गाइन्छ र कुनै गीतमा वाद्यवादन्को प्रयोग गरिदैन । गुल्मी धुर्कोट र त्यसवरपरका क्षेत्रमा प्रचलित दोहोरी गीतका केही उदाहाणहरू यस प्रकार छन्-

**गीतको भाका**

**पीपलपाते नीलो बरुकि**

**किन माया बोलाउदा नबोल्ने अन्तै माया लाको छरकि**

केटी : मेरो माया आउँछौक भनेर भीरको बाटो सम्मै छ खनेर

पीपलपाते नीलो बरुकि किन......

केटा : भइन माया हामी दुई करले रात पऱ्यो समाजका डरले

पीपलपाते नीलो बरुकि किन....

केटी : सधै पर्ने म तिम्रो भरमा कुरा चलाउ हे कान्छा घरमा

पीपलपाते नीलो बरुकि किन

केटा : जे जसो हन्छ बाडेर खानी हो घरमा नगई मुग्लान जानी हो

पीपलपाते नीलो बरुकि  किन....

केटी : जुनलाई छेक्यो त्यो भ्यागुत्ते भीरले ज्यानैसुक्यो तिम्रो पीरले
पीपलपाते नीलो बरुकि किन...

केटा : चिन्ता नलेऊ छोरा हुँ मर्दको पार्ने छैन कुनै दिन दर्दको
पीपलपाते नीलो बरुकि किन...

केटी : मेरो कुरा सुन्ने कै छैनन् घरमा कुरा भनेमा मान्दैनन्
पीपलपाते नीलो बरुकि किन...

केटा : गाउ गीत सरासर सके उपर नसके बराबर
पीपलपाते नीलो बरुकि किन...

केटी : गाउन गीत लागेन मन, कस्तो पापी रहिछ त्यो धन
पीपलपाते नीलो बरुकि किन...

केटा : गाउ गाउ गीत लाएर ध्यान भोलि बिहान हिँडौ हो मुग्लान
पीपलपाते नीलो बरुकि किन...

केटी : बसौँ यतै बाडेर कटेरी प्यारो लाग्छ यै पाखा पखेरी
पीपलपाते नीलो बरुकि किन...

केटा : हे जाउँ मुग्लान कमाउन हेर बसौलानी यी पाखा सम्फेर
पीपलपाते नीलो बरुकि किन...

केटी : साउको रिन यँहि बसि तिरौला घरबेसी सँगसँगै गरौँला
पीपलपाते नीलो बरुकि किन...

स्रोतः बिना वि.क, पितम अर्याल र अन्य साथीहरू

× × × ×

**गीतको भाका**

**पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार**

केटी : हे, छुड्छौ हामी भन्नेकोलाई के थाहा छ
तिम्रो मेरो उस्तै उस्तै बेथा छ
पानीको कल्धार बैमानीको सङ्गतै नगर बिग्रेला घरबार
सम्फना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर बिग्रेला घरबार

केटा : सम्झी सम्झी यो मन रुन्थ्यो नी
मेरो बेथा बुझ्दीय हुन्थ्योनी
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटी : हे बखे भेलमा कति रुझौं म
तिम्रो बेथा कसरी बुझौं म
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटा : हा हिदौँमा नी भेल पहिरो गइ दिए,
बुझ्थ्यो मन एक साथ भैदिए
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटी : हे नत तिमिले न मैले चिन्ने
गल्ती गरी पहिले आफै हिड्ने
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटा : हे, हामी मिल्दैन अरु कोही
पहिले तिमी मेरो साथ भएको भा
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई

पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटी : हे, माथि लेकबाट एक्लै बेसी झऱ्यौ
किन मलाई आफैले घात गऱ्यौ
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटा : हे, स्वास्नीसँग झन् टाढा बन्दानी,
निर्मलालाई विहे गर्छु भन्दानी,
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटी : हे, सपनीमा नी कहिले नी आउँदैनौं
अवता तपस्या गरेनी पाउँदैनौ
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटा : हे बूढीसँग भेट् हुनु भुल
सपनीमा देख्छुनी निर्मला
पानीको कल्धार बैमानीको सङ्गतै नगर बिग्रेला घरबार
सम्झना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटी : हे तिमी जस्तो हजारौं पाउँछु,
यही गाउँमा विहे गरी देखाउँछु,

पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्भना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

केटा : हे, मसँग त गीत मात्रै गाउनु
नौलो जीवन काटेर गइ हाल्नु
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
सम्भना छ मलाई मेटिदैन आगोले नजलाई
पानीको कल्धार बैमानीको सङ्गतै नगर विग्रेला घरबार
बैमानीको सङ्गतै नगर विग्रेला घरबार

स्रोत : बसन्त अर्याल, निर्मला घर्तीमगर
सिर्सेन ४, गुल्मी

× × × ×

**गीतको भाका**

**सालघारीमा लागे पियाँली घाम,**
**उकालीमा म कति दुःख पाम,**
**ओरालीमा भर बाबुराम**

केटी : हेर तिमीले नभन त्यसो नभन त्यसो
अन्तै मेरो बनने छ तमेसो
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दुःख पाम,
ओरालीमा भर बाबुराम

केटा : हे जता जाउन मनि छु साथैमा
सँगै जाउँला उही डाँडा पाखैमा,
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दुःख पाम,
ओरालीमा भर बाबुराम

केटी : जानु पर्छ दस डाँडा काटी,
के को बोल्छौ ऐनाको मनराखी,
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दु:ख पाम,
ओरालीमा झर बाबुराम
केटा : हे साँचो माया चोखो हो लाएको,
साह्रै रहिछ संसारमा नभको,
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दु:ख पाम,
ओरालीमा झर बाबुराम
केटी : साँचो माया छैन की चोखो,
तिमी बिना अन्त्यमा कि अर्को,
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दु:ख पाम,
ओरालीमा झर बाबुराम
केटा : मान् छेऊ भने भनेको मान
त्यसै वरवात् नपार जीवन
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दु:ख पाम,
ओरालीमा झर बाबुराम
केटी : लाली जोवन के हुन्थ्यो बरबात्
यसै चोटी जोड्ने हो घरबार
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दु:ख पाम,
ओरालीमा झर बाबुराम
केटा : हे बाल्ख होइनौ के भनौ महिले
यसमा दु:ख नमानोस् कसैले
सालघारीमा लागे पियाँली घाम,

उकालीमा म कति दुःख पाम,
ओरालीमा झर बाबुराम

केटी : हे, घर तिम्रो बन्ला र हेर,
नौलो मायाँ उसो भए जाने होकी खेर,
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दुःख पाम,
ओरालीमा झर बाबुराम

केटा : हे म घुम्दै आउँलानी,
केमा दुःख दुई दिनको पाउना नी,
सालघारीमा लागे पियाँली घाम,
उकालीमा म कति दुःख पाम,
ओरालीमा झर बाबुराम

स्रोत : झविन्द्र गिरी, मिरा के.सि. र अन्य साथीहरू
गुल्मी, वाग्ला

# अध्याय पाँच

# गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोकगीतको विश्लेषण

## ५.१ विषयवस्तु

लोकजीवनमा व्याप्त कुनै विषयलाई लोकगीतले समेट्न सक्छ । यहाँ प्रचलित लोकगीतका विषयवस्तुको स्रोत यसै ठाँउको समाज हो र मानिसले जीवनमा गर्ने हरेक क्रियाकलाप र यसैसँग सम्बन्धीत अन्य पक्षलाई लोकगायकहरूले गीतका माध्यमले व्यक्त गर्दछन् । गीत अनुसार विषयवस्तुको स्रोत पनि फरक फरक हुन्छ । बालगीतमा बालकहरूलाई विभिन्न क्रियाकलाप सिकाउन र भरिपूर्ण मनोरञ्जन दिनकालागि गीत बनाइएको हुन्छ । भैलो र देउसी जस्ता गीतमा साँस्कृतिक विषयवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । झ्याउरे, ठाडो/घाँसे गीतका मुख्य रूपमा प्रणय प्रेमको विषयवस्तु हुन्छ र यसैमा अन्य विषयवस्तुको रूपमा गरिबी, लाहुरेजीवन, अशिक्षा, नारी वर्गमाथि गरिने भेदभाव आदि भाव आँउछन् । यसरी गुल्मी धुर्कोट र त्यस वरपरका क्षेत्रका लोकगीतमा सामाजिक, आर्थिक,साँस्कृतिक, नारीजीवन आदिलाई विषयवस्तुका रूपमा लिइ लोकगायकले आफ्ना अनुभूतिका भावलाई विभिन्न उद्गारमा प्रस्तुत गरेका हुन्छन् । यहाँका प्रचलित लोकगीतका विषयवस्तुलाई खासखास पक्षमा राखी निम्न उपशीर्षकमा देखाईएको छ ।

### ५.१.१ सामाजिक जीवनको चित्रण

लोकगीत लोकसमाजकै उपज भएकाले मानिसहरू जहाँ बस्छन्, त्यहाँ उसको समाज हुन्छ र समाजभित्र आफ्ना किसिमका धर्म, संस्कृति, रहनसहन, रीतिरिवाज हुन्छन् । त्यसैगरी त्यो समाजमा लोकगीतको रन्को अनीवार्य रूपमा सुन्न पाइन्छ । गीतले समाजको हरेक पक्षको चित्रण गरेको हुन्छ ।

यस क्षेत्रमा अधिकांश मानिसहरू कृषिपेशामा संलग्न छन् । धनी र गरिब दुवै वर्गका छन् । यहाँ यस्तै भाव झल्कने गीतले पुष्टि गर्दछ ।

साउको रिन, यही बसी तिरौँला
घरबेसी सँगैसँगै हिडौँला, पानी सलल

प्रणय प्रेम लोकगीतको मुख्य विषयवस्तुको रूपमा आँउछ । यसमा युवा युवतीले आफ्नो आकर्षणलाई गीतमा प्रस्तुत गर्दछन् । गीत गाउँदै जाँदा आफ्ना मनका कुरा एक आपसमा व्यक्त गरी सूत्रमा बाँधिएको पनि देखिन्छ । प्रेमभाव व्यक्त गरिएको गीतलाई यसरी प्रस्तुत गरिएको छ-

केटा- बारीको मल्लतो
गामगाम गीत कले के भन्लातो
केटी- वनको चरी वनैमा ढोँपूला
मायामाथि मोहनी थपूँला
डाँडैमा बस्यो जुरेली
मनमा पिर परेको बेलामा नबजाउ सुनको मुरेली
भाविले लेख्यो र मनका कुरा कस्ले पो देख्यो र
डाँडैमा बस्यो जुरेली मनमा......

लोक गीतमा बालबालिकाको संसार साह्रै रमाइलो हुन्छ । बालक कालमा समाजसँग सम्बन्धीत कतिपय कुराहरू गीत गाएर व्यक्त गरिन्छ । यस्ता गीतले उनीहरू समाजमा हुने क्रियाकलापसँग परिचित हुन्छन् । उदाहरणका लागि केही पङ्क्ति तल प्रस्तुत गरिएको छ -

एउटा साथी जंगलमा
रोइ रोइ बसेको
उसको नाम हो आसिमा
उठन साथी उठन
आफ्नो आँसु पुछन
आकाश माथि हेरन
आँखा चिम्म गरेर
हाम्ला छुन आउन
अङ्गालोमा आउन
घरतिर हिडन ।

यसैगरी लोकगीतमा आमाबुबा, दाजुभाई, दिदी, बहिनी, साथीसङ्गी प्रतिको मायाममताका भावहरू पनि विषयवस्तु बन्दछन्

साहै् मन लाग्यो मलाई माइतीघर जानलाई
आउनुहोस् न मेरा बाबा मलाई लिनलाई

यसै ठाँउका मानिस गरिबीका कारण विदेश गएर धन कमाउने अभिलाषा राख्दछन् । आफ्नो घरपरिवार र जीवन सङ्गिनीलाई चटक्क छाडेर विदेश जान्छन् । यस्तो अवस्थाको नारीको व्यथालाई यस गीतका माध्यमबाट प्रस्तुत गरिएको छ -

गयौ माया जान्चुनी नभनी
के गरेर बसु म दिन गनी, पानी सलल ।

वर्षा लागे बादलु भरिन्छ
सम्झिल्याउँदा मन त्यसै घरिन्च, पानी सलल ।

यसरी यहाँको समाजमा विद्यमान कृषि पेशा- एक आपसमा देखिने मायाममता, संयोग, वियोग, बालबालिकाको चासो, गरिबी, अशिक्षा आदि विषयवस्तुलाई लोकगीतले समाजबाट टिपेको हुन्छ ।

### ५.१.२ आर्थिक जीवनको चित्रण

जीवनको लागि अर्थ अत्यावश्यक चीज हो । 'विना धन केही नभन्' भन्ने नेपाली उखान नै छ । आर्थिक उत्पादनका लागि यहाँका मानिसहरूको कुनै न कुनै पेशासँग सम्बद्ध छन् । समाजमा धनी र गरिबी गरी दुई वर्ग हुन्छन् । विशेषतः लोकगीतमा गरिबी, अभाव तथा निर्धनताको चित्रण बढी हुने गर्दछ । गरिब वर्गले अर्थोपार्जनको लागि गाउँघर, जन्मदिएका बाबाआमा, इष्टमित्र, जीवन सङ्गिनीलाई छाडेर मुग्लान जानुपर्दछ । यहाँ केही गीतले प्रष्ट पार्दछन् -

साउको रिन यही बसी तिरौँला
घरबेसी सँगैसँगै हिडौँला,

यसैगरी लोकगीतमा एकातिर गरिबीको दुःख पोखिएको हुन्छ भने अर्कोतिर आर्थिक स्थितिको पनि कल्पना गरिएको हुन्छ । तिहारमा देउसी र न्वागीमा भैलो खेल्दा दिने आसिक यस्तो छ -

यो घरमा - भैलो
राम्रै होवस् - भैलो
डिंगा बाच्छा - भैलो
राम्रै होऊन - भैलो
धन सम्पत्ति - भैलो
बर्सी जावस् - भैलो
यो घरका - भैलो
जेठा छोरा - भैलो
जर्नेल कर्नेल - भैलो
माइला छोरा - भैलो
ल्याप्टेन क्याप्टेन - भैलो
कान्छा छोरा - भैलो
हाकिम साब - भैलो
भई जाउन् - भैलो

यसरी अहिलेको समाजमा अर्थको अति महत्त्व छ तापनि सबै थोक अर्थ होइन, शिक्षाबाट ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने कुरा पनि लोकगीतमा व्यक्त हुन्छन् । यस प्रकार आर्थिक जीवनसँगै सम्बन्धित लोकगीतले यस ठाउँमा व्यापकता पाएको देखिन्छ ।

### ५.१.३ सांस्कृतिक जीवनको चित्रण

जुनसुकै देशका पनि आ-आफ्नै, चालचलन, भेषभूषा, बोलीचाली आदि हुने गर्दछ । यसभित्र लोकसमाजको आन्तरिक तथा बाह्य अभिव्यक्ति प्रकट भएको हुन्छ । नेपालको प्रत्येक जातिका आ आफ्नै सांस्कृतिक परम्परा छन् । यसले गर्दा जातियताको परिचय सहज ढङ्गले पाउन सकिन्छ । त्यसैले संस्कृतिलाई देश वा समाजको ऐनाको रूपमा हेर्न सकिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतले सांस्कृतिक जीवनलाई उतारेको छ -

तीजे गीत बाट

तीज आयो भनेर सबै जान्छन् माइत
म चेली अभागिनी कसका माइत

बिवाह-सिलोकबाट

हरिया टोपरीमा सेता भात
अब हाल जन्ती हो भुसिला हात

रत्यौलीबाट

दुलही रोही होलिन् शिरफूल लाउँदा
गम्किदे मादलु मैले गीत गाउँदा

देउसी गीतबाट

| | |
|---|---|
| आहै भनभन भाई हो | - देउसी रे |
| स्वर मिलाई भन | - देउसी रे |
| वर्ष दिनको | - देउसी रे |
| तिहारैमा | - देउसी रे |
| काग तिहार | - देउसी रे |
| कुकुर तिहार | - देउसी रे |
| लक्ष्मी पूजा | - देउसी रे |
| गाई तिहार | - देउसी रे |
| गोबरधन पूजा | - देउसी रे |
| भाई टीका | - देउसी रे |

लोकजीवनमा खानपान, लवाई-खवाई, गरगहना, आदिको चित्रमा पनि लोकगीतमा गरिन्छ । यस क्षेत्रका लोकगीतमा प्राचीन संस्कृति देखि आधुनिक संस्कृति सम्मको छाप पाइन्छ ।

### ५.१.४ नारी जीवनको चित्रण

हाम्रो समाज पुरुषप्रधान भएको हुनाले नारीलाई दवाएर राख्ने चलन छ । नारीहरू पुरुषको अधीनमा रहनु पर्ने र पुरुषकै खेलौना बन्नु पर्ने उनीहरूको जीवन निराशामय र स्वतन्त्रविहिन छ । यस्तो अवस्थामा नारी मनका वेदनाहरू गीतको माध्यमबाट व्यक्त हुन्छन् । नारी एक्लो भएको बेलामा मनमा अनेक तरङ्ग आउने हुँदा गीत गाएर भए पनि मन हलुका बनाउने प्रयास गर्छन् । माइतीकोमा बस्ता पनि माइती बोझ हुने र घर जाँदा पनि कसैबाट सहानुभूति नपाउँदा मन व्याकुल हुन्छ ।यस्तो हुनु नारी जीवनकै विडम्वनाको कुरा हो गुल्मी धुर्कोट र त्यस वरपरका क्षेत्रका लोकगीतमा प्रशस्त मात्रामा नारीका वेदना घन्केको सुन्न पाइन्छ । उदाहरणका रूपमा केही गीतहरू निम्न छन् -

दाजुभाईलाई स्कुल जान कापि किताब किन्दिनी
मै छोरीलाई घाँस काट्न डोको बुन्दिनी
कति विकास गरिसके अरु देशका नारीले
हामीलाई छाउने घाँसका भारीले

ऐसेलुको पात रोइ रहने बनायौ मलाई दिनरात
रुम भने आँसुको खर्च नरुम भने यो मनमा पिरपर्छ,
ऐसेलुसक पात........

हरियो फाँटमा धान खायो सुगाले
पढ्न लेख्न दिनुभएन बुबा मुमाले

गाह्रो पीरो नमाने है बुबाले
छोरी पाउनु पर्दैन त्यस्ता जाबाले

यसरी हेर्दा यहाँ प्रचलित लोकगीतमा नारी जीवनको सजीवचित्र झल्केको पाइन्छ ।

### ५.१.५ प्रकृतिको चित्रण

नेपाली लोकगीतले जनमानसद्वारा अनुभूत गरिएका प्राकृतिक बिम्बलमई प्रशस्त स्पर्श गरेको छ । लोकजीवन भित्र आफ्ना आँखाले देखेका र आफूले भोगेका प्रकृतिसँग

सम्बन्धित कुरालाई लोकगायकले टिपेका हुन्छन् । वर्षभरीमा विभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यलाई लोकगीतमा वणर्न गरिइको हुन्छ । प्रकृतिको चित्रमा प्रशस्त मात्रामा भएको लोकगीतमा स्थानविशेषको चित्रणका साथै भौगोलिक परिचय पाइन्छ । बसन्तको हरियाली, वर्षाको झरी, बादल, वाढी पहिरो आदिको चित्रण भएको हुन्छ भने शरद्को टहटह जुनको चमकलाई, धानका फाँट र शिशिरको जाडो र हिउँदको वणर्न पनि पाइन्छ । प्रकृतिका यी विविध रूपसँगै चराचुरुङ्गीको चिरविरी, पशुहरूको चिच्याहटको पनि वणर्न पाइन्छ । कुनैकुनै गीतमा लय मिलाउन प्रकृतिको चित्रण गरिइको हुन्छ । गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रमा घन्कने लोकगीतमा यही भिर पाखा, गाँउ बेसी, वाढी पहिरो, नदी नाला आदिको चित्रण प्रशस्त मात्रामा भएको छ । यी विविध प्रकृतिलाई समेतेर गाइएका लोकगीतहरू यस प्रकार छन् -

घरपारी देखिन्छ कालो वन
कसो गरी बुझाउने रुनीमन

छल्दी फाँट धान पाक्यो पयाँलु
अब मैले कहाँ भेटु मायालु

वर्खा लामो बादलु भरिन्छ
सम्झी ल्याउँदा मन त्यसैघोरिन्छ

डिँगा बाखा चराउँथ्यौँ भीर पाखा
सम्झनछु र रसाउँछन् यी आँखा

यसरी हेर्दा लोकगीतमा प्रकृतिको चित्रण जताततै व्याप्त देखिन्छ । मानिसक मन जस्तो छ त्यस्तै प्रकृति भई दिन्छ भने प्रकृति जस्तो छ मानिसको मन पनि त्यस्तै बनिदिन्छ । वर्षात, झरी, बादल देख्दा मानिसको मन पनि कोमल भईदिन्छ । जे होस् प्रकृति लोकगीतको महत्त्वपूर्ण विषयवस्तु हो ।

## ५.२ संरचना

लोकगीतमा संरचनाले सम्पूर्ण तह वा बुनोटलाई जनाउँछ । विधागत रूपमा हेर्दा कविता विधासँगै नजिक हने लोकगीतको संरचना पनि कविताकै जस्तो वाह्य र आन्तरिक गरी दुई प्रकारको देखिन्छ । गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रमा प्रचलित लोकगीतहरू विभिन्न किसिमको देखिन्छ ।

लोकगीतको निर्माण हुन चरणको संयोजन भएको हुनु पर्दछ । चरण भन्नाले लोकगीतमा रहने पङ्क्ति वा पाठ बुझिन्छ । यहाँ प्रचलित लोकगीतमा रहेका अक्षर संख्या प्रत्येक पङ्क्तिमा एकनासको देखिदैन । कुनै कुनै गीतमा भने समानान्तर जस्तो देखिन्छ । गीतमा प्रत्येक पङ्क्तिका बीचमा विश्राम हुँदै जान्छ । विश्राम केही खास खास अडानका रूपमा हुन्छ । त्यसभित्र पनि स-शाना लय विश्राम हुन्छ । तल दिइएका लोकगीतका पङ्क्तिबाट अक्षर संख्या र विश्राम हेर्न सकिन्छ ।

अक्षर संख्या र विश्रामः

७/५ तिरिपासा खरर, भैँमा झरर
छोरी माग्ने लोहमी, अगि सरर

५/५/६ गाइको किलो, भैँसीको किलो, किलाको किलै छ
आँखिका शानले चुरोट माग्दा हात मेरो हिलै छ,

लोकगीत अनुच्छेदयुक्त हुन्छ । अनुच्छेद भन्नाले एक समुहमा आउने टुक्रा वा दफा भन्ने बुझिन्छ । लोकगीतको सन्दर्भमा अनुच्छेदको तात्पर्य यस्तै एक प्रवाह वा श्रेणीमा आउने गीतिरचनाको संगठित, श्रृङ्खलित एवं लयात्मक रूप हो ।[६७] गुल्मी धुर्कोट र त्यस वरपरको क्षेत्रका लोकगीतमा विशेषतः द्विपदी र चतुष्पदी चरणका एक-एक अनुच्छेद हुन्छन् । कतिपयमा घुमाउने, जोड्ने र लयात्मक प्रवाह हुने अवस्थामा भने तीन, पाँच, छ र त्यो भन्दा बढी पङ्क्ति रहेका अनुच्छेद हुन्छन् । ठाडो गीतमा चार पङ्क्तिका अनुच्छेद हुन्छन् भने असारे, भ्याउरे, तीजे आदि गीतमा दुई पङ्क्तिका अनुच्छेद हुन्छन् । नमुनाको रूपमा केही गीतको अनुच्छेद तल प्रस्तुत छ :

[६७] कृष्णप्रसाद पराजुली **नेपाल लोकगीतको आलोक,** पूर्ववत्, पृ. ५११ ।

दुई पङ्क्तिका अनुच्छेद

तीज आयो भनेर सवै जान्छन माइत
म चेली अभागिनी कसका माइत

चार पङ्क्तिका अनुच्छेद

तिरिपासा खरर, भैँमा झरर
छोरी माग्ने लमी अघि सरर
कस्तो हेऱ्यौ ससुरा कस्तो हेऱ्यौ घर?
बाबा जस्ता ससुरा दरवार जस्तो घर ।

धेरै पङ्क्ति भएको अनुच्छेद

एउटा साथी जङ्गलमा
रोइ रोइ बसेको
उसको नाम हो आसिमा
उठन साथी उठन
आफ्नो आँसु पुछन
आकाश माथि हेरन
चार पटक घुमन
आँखा चिम्म गरेर
हाम्लाई छुन आउन
अङ्गालोमा आउन
घरतिर जाँउ हिन ।

यसरी यहाँका लोकगीतमा बाह्य संरचनामा विविध रूप भए जस्तै आन्तरिक संरचनाका दृष्टिले हेर्दा यहाँका लोकगीतमा सूक्ष्म कथानक मात्र हुनाले आख्यान पक्ष सबल रूपमा पाइदैन । गीतहरू भावनाको एक आवेगमा नै सिर्जिन्छन् र गाइन्छन् । त्यसैले यसमा मानवीय जीवनका हरेक पक्षका कोमल भावनालाई अनेक लय समेटेर व्यक्त गरिन्छ ।

## ५.३ गीतितत्व (सन्देश, भाव, लय वा भाका, थेगो र पुनरावृत्ति)

लोकगीत अनेक गीतितत्वको मिश्रणबाट सृजना भएको हुन्छ । तत्व भन्नाले त्यसमा प्रयुक्त सन्देश, भाव, भाका, थेगो, पुनरावृत्तिलाई बुझाउँछ । यिनै तत्वलाई यहाँ क्रमश प्रस्तुत गरिएको छ-

### क) सन्देश

साहित्यका अन्य विधामा जस्तै लोकगीतमा पनि सन्देश प्रमुख तत्वका रूपमा आएको छ । प्रत्येक लोकगीतले केही न केही सन्देश दिएकै हुन्छ । परिवारमा श्रीमान् श्रीमतीको सम्बन्धको यौन लीला मात्र नभएर दुई आत्माको मिलन पनि हो भन्ने सन्देश लोकगीतले दिएको पाइन्छ । तीजे गीतमा केवल नारीको पीडा मात्र व्यक्त गरिएको हुँदैन । नारी पनि पुरुष सरहकै मान्छे हो समाजमा उसको पनि उत्तिकै अधिकार हुन्छ आदि सन्देश फैलिएको हुन्छ । भजन-कीर्तनले भगवान्को आराधना गर्न भनेको हुन्छ भने देउसी, भैलोले संस्कृतिलाई जीवन्त राख्नुपर्ने सन्देश दिएको पाइन्छ ।

### ख) भाव

कवितामा जस्तै लोकगीतमा पनि भावको प्रधानता रहेको हुन्छ । लोकजीवनमा मानिसले देखे, भोगेका कुनैपनि विषयलाई आफ्नो-आफ्नो अनुभूतिका आधारमा व्यक्त गर्दछ । जीवनमा आइपर्ने सुख-दुःख, मिलन-विछोड, आदि अनेकौ भाव र विचार लोकगीतमा प्रकट भएको हुन्छ । लोकगीतका एउटै पङ्क्तिमा पनि जीवनको सच्चा अभिव्यञ्जना गर्न सक्ने सामर्थ्य हुन्छ । यहाँका ठाडो गीतले जीवनको वृहत् पक्षलाई देखाउन खोजेको अनुभव गर्न सकिन्छ । यसरी लोकगीतमा भावपक्षले प्रमुख भूमिका खेलेको हुन्छ जसले गर्दा लोकगीतलाई बढी गतिशील पनि बनाउँछ ।

### ग) लय वा भाका

लोकगीतलाई लय वा भाकाद्वारा नै व्यक्त गरिएको हुन्छ । जुन-सुकै लोकगीतको पनि गाउने तरिका आफ्नै प्रकारको हुन्छ । लोकगीतमा आउने परिवर्तनलाई भाका परिवर्तन पनि भनिन्छ । एउटै गीतलाई पनि विभिन्न लयमा गाउन सकिन्छ । लय भन्नु नै

लोकगीतलाई व्यक्त गर्ने माध्यम हो । जसले गर्दा यस क्षेत्रका गीत द्रुतलय र विलम्वित लयका छन् ।

### घ) थेगो र पुनरावृत्ति

लोकगीतमा थेगो र पुनरावृत्ति एउटा तत्वका रूपमा समावेश भएको हुन्छ । गीतअनुसार थेगो र पुनरावृत्ति भएको पाइन्छ । 'रहनी' र ' पुनरावृत्तिलाई' टेक पनि भनिन्छ । लोकगीतमा बारम्बार आउने थेगो वा पुनरावृत्तिको आफ्नै खालको महत्त्व छ । थेगोले गीतलाई आकर्षक बनाउने काम गर्छ । यस क्षेत्रका लोकगीतमा प्रयोग हुने थेगो बरिलै, सालैजो, मायालु, सलल, निरमाया, डाँडैमा बस्यो जुरेली, आदि हुन् ।

## ५.४ काव्यतत्व

लोकगीत आफैमा मौलिक विधा भए पनि यसको नजिकको सम्बन्ध भने कवितासँग रहन्छ । कविता शास्त्रीय नियममा रहेर सिर्जना गरिन्छ । भने लोकगीतको सिर्जना स्वतन्त्र तरिकाले हुन्छ । लोकगीत स्वतस्फूर्त रूपमा उद्भाव हुने भावको प्रस्तुतिकरण हो । सर्वसाधारणबाट सिर्जना हुने हुँदा बढी सरस र सहज हुन जान्छ । लोकगीतमा फेला पर्ने काव्यतत्व योजनावद्ध रूपमा नभई सहज र स्वाभाविक रूपमा आउँछ । स्वतस्फूर्त रूपमा सिर्जना हुने भए तापनि लोकगीतमा सौन्दर्यपक्षको स्थान महत्त्वपूर्ण रहन्छ । लोकगीतमा काव्यत्मक तत्त्वलाई हेर्दा रशानुभूति, अलङ्कारविन्यास, बिम्ब-प्रतीक आदिलाई नियाल्नु पर्ने हुन्छ । यहाँ काव्यतत्वलाई क्रमशः प्रस्तुत गरिएको छ ।

### ५.४.१ रशानुभूति (श्रृङ्गार, करुण, वीर, हास्य, शान्त)

साहित्यमा अनुभूतिजन्य भावात्मक अभिव्यक्तिमा जुन सारतत्त्व हुन्छ, त्यसलाई रसको नामले चिनिन्छ । हामीले खाने कुरामा गुलियो, अमिलो, तीतो, टर्रो, आदि स्वाद भए जस्तै काव्यमा श्रृङ्गार, करुण, वीर, हास्य, शान्त आदि स्वाद दिने रस प्रकट हुन्छन् । मानिसको हृदयमा स्थित रति, शोक, उत्साह, क्रोध आदि स्थायी भाव हुन् तिनलाई उद्दप्ति गराउन विभाव अनुभाव र सञ्चारी भावद्वारा अभिव्यक्त भएर गीतमा रसको स्वरूप आउँछ । पूर्वीय साहित्यका आचार्यहरूले रसको बारेमा निकै चर्चा गरेका छन् । विश्वनाथले रसात्मक वाक्य नै काव्य हो भनेका छन् । नाटकमा भरतमुनिले काव्यमा रसको

अनीवार्यतालाई स्वीकारेका छन् । लोकगीतको रसनिस्पत्ति काव्य शास्त्रका अनुरूप जीवनका अनुरूप हुन्छ । लोकगायक जहिले पनि परिस्थितिसँग तटस्थ रही वर्णनकर्ता स्वयम् रसको अनुभव गर्ने व्यक्ति हुन्छ । गायकको गीत सुनेर श्रोताले गायकको मनोदशाको अनुभव गर्न सक्छ । यसरी लोकगायकको स्वरमा पनि उद्दीपन शक्ति हुन्छ, जसको कण्ठध्वनिमा नै रसपरिपाक भएर स्वभावतः रसको अभिव्यक्ति हुन जान्छ । गायकको स्वरमा श्रोतालाई रुवाउन हसाउँन सक्ने क्षमता रहेको हुन्छ । यसरी लोकजीवनका प्रत्येक क्षणमा गाउने गीतहरूलाई रसले आस्वाद्य बनाइरहेको हुन्छ । यस क्षेत्रका लोकगीतमा विशेषत श्रृङ्गार , करुण वीर हास्य र शान्त रसको प्रधानता रहेको छ । यहाँका लोकगीतमा पाइने रसका बारेमा चर्चा निम्नानुसार गरिएको छ -

**क) श्रृङ्गार रस**

प्रणय प्रेम अथवा रतिरागात्मक सौन्दर्यमा प्रस्फुटन हुने अभिव्यक्ति नै श्रृङ्गार रस हो । यसको स्थायी भाव रति हुन्छ । लोकगीतमा धेरै प्रेम भाव झल्कने हुँदा तिनमा श्रृङ्गार रसको प्रयोग निकै सशक्त रूपमा भएको पाइन्छ । यस रसको प्रयोग केवल वासनापरक मात्र नभएर सवैको मर्यादा राख्ने गरी हुन्छ । गुल्मी धुर्कोट क्षेत्रका प्रचलित गीतमा श्रृङ्गार रसको प्रयोग भएको नमुना निम्न छ-

गयौ माया जान्छुनी नभनी
के गरेर बसूँ म दिन गनी
× × × × ×
मायासित हाँसेको बोलेको
आउँछ याद काखमा खेलेको

**ख) करुण रस**

मनले सोचेजस्तो पुगेन भने मान्छेको मनमा आघात पर्छ । त्यही आघातलाई व्यक्त गर्दा करुण भाव भएर व्यक्तिन्छ । यसको स्थायी भाव शोक हो । आफ्नो प्रियजनको वियोगमा मनमा पीर पर्छ । यसले गर्दा करुण रसको निस्पति हुन्छ । ग्लानि, चिन्ता, स्मृति, मोह आदि यसका सञ्चारी भाव हुन् । अधिकांश लोकगीत नारीहरूले गाउने करुण रस

प्रधान हुन्छन् । आफन्तसगँ विछोडिएर बस्नु पर्दा मनमा गहिरो चोट पर्छ । यस अवस्थामा करुण रसका गीत गाएर मनलाई हलुका बनाउने गरिन्छ । केही करुण रसका गीतहरू यसरी प्रसतुत गरिएको छ -

रुन्च मन वनको नेउली झैं
मन थियो बनुला बेहुली झैं
फोटो हेरी कति दिन काटूँला
एक्लो जीवन कसरी बाचूँला
वर्षा लागे बादलु भरिन्छ
सम्झी ल्याउँदा मन मेरो घोरिन्छ
तीज आयो भनेर सबै जान्छन् माइत
म चेली अभागिनी कसका माइत

**ग) वीर रस**

लोकसमाजमा परम्पराको असहमति, युद्ध, वीरता एवं साहससँग सम्बद्ध गीतहरू वीर रसयुक्त हुन्छन् । शत्रुको हाँकलाई हटाउन अथवा धर्ममा प्रवृत्त हुनका लागि हाम्रो मनमा एक किसिमको उत्साह वा फूर्ति जागेर आउँछ । यसबाट वीर रसको उदय हुन्छ । यही उत्साह नै वीर रसको स्थायी भाव हो ।[६८] गुल्मी धुर्कोट क्षेत्रमा गाइने भजनमा वीर रसका भाव प्रशस्त पाइन्छ । उदाहरण का लागि निम्न गीतमा वीर रस पाइन्छ ।

केश पकडी करिकंश पछाऱ्यौ मार्यौ नर पति शिशुपाल ।
जाउन हनुमान सीता खोजी ल्याउन ।
युद्ध चलिरह्यो हजारौंको ज्यान गयो ।

[६८] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त,** ते.सं. (काठमाडौं : साझा प्रकाशन, २०४३) पृ. ४३ ।

**घ) हास्य रस**

रूप, आकार, पहिरन र विभिन्न कार्यमा विकृति भएपछि हास्य रसको सिर्जना हुन्छ । हास्य रसको स्थायी भाव हाँस वा हाँसो हो ।[६९] यस क्षेत्रमा प्रचलित लोकगीतमा हाँस्य रस भएका गीतहरू प्रशस्त । उदाहरणका लागि निम्न गीत प्रस्तुत गरिन्छ :

हरिया टपरीमा सेतो भात
अव हाल जन्ती हो झुसिला हात
सुकेका टपरीमा आङ्गाको भात
हाल हाल जन्ती हो सुनसरी हात ।

**घ) शान्त रस**

संसार एक सपना हो र सांसारिक विषयहरू क्षणभङ्गुर छन् भन्ने धारणाले गर्दा उत्पन्न हुने एक किसिमको संसारप्रतिको वितृष्णाको भाव शान्त रस हो ।[७०] यस क्षेत्रमा गाइने विभिन्न किसिमका भजन-कीर्तन, देउसी, भैलो आदि गीतहरू शान्त रसयुक्त छन् । यहाँ प्रचलित शान्त रसयुक्त गीतको नमुना तल प्रस्तुत गरिएको छ -

भनभन भाई हो - देउसी रे
स्वर मिलाई भन - देउसी रे
वर्ष दिनको - देउसी रे
तिहारैमा - देउसी रे
काग तिहार - देउसी रे
कुकुर तिहार - देउसी रे
लक्ष्मी पूजा - देउसी रे
गाई तिहार - देउसी रे
गोबरधन पूजा - देउसी रे
भाई टीका - देउसी रे
भाईलाई टीका - देउसी रे

[६९] मोहन हिमांसु थापा, **साहित्य परिचय,** तेसं. (काठमाडौं : साझा प्रकाशन, २०४७), पृ. २३९ ।
[७०] हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. ४५ ।

आहै दिन लागिन - देउसी रे
थालमीा रोटी - देउसी रे
त्यसमाथि दियो - देउसी रे
हरियो नोट - देउसी रे
दिनै लागिन् - देउसी रे

### ५.४.२ अलङ्कारविन्यास

अलङ्कार साहित्यको सौन्दर्य वा शोभा हो । साहित्यका भावनालाई अझै सुन्दर पार्नका लागि विभिन्न किसिमका अलङ्कारको प्रयोग गरिन्छ । आचार्य भामहका अनुसार शब्द र अर्थको बक्रोक्ति अलङ्कारहो भने आचार्य दण्डीले काव्यलाई शोभा प्रदान गर्ने धर्मलाई अलङ्कार मानेका छन् । वामनले सौन्दर्यलाई अलङ्कार भनेका छन् र रुद्रटले चाँहि विशिष्ट उक्तिलाई नै अलङ्कार भनेका छन् ।[७१] साहित्यमा भावलाई सुन्दर बनाउन अलङ्कारको प्रयोग गरिएको हुन्छ तर लोकगीतमा योजनाविहिन नै अलङ्कारको उपस्थित भएको हुन्छ । यस क्षेत्रका लोकगीतमा शिष्ट साहित्मा जस्तै सचेत रूपमा अलङ्कारको प्रयोग नगरिएको भए पनि स्वतः र सहज रूपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । गुल्मी धुर्कोट र त्यसवरपरका क्षेत्रका लोकगीतमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग पाइन्छ । जसलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ -

#### ५.४.२.१ शब्दालङ्कार

साहित्यमा शब्दको चमत्कारपूर्ण प्रयोगलाई शब्दालङ्कार भनिन्छ । काव्यमा विशेष प्रयोगद्वारा उत्पन्न हुने वैचित्र्य चमत्कार वा सौन्दर्य शोभालाई शब्दालङ्कार भनिन्छ ।[७२] शब्दालङ्कारका अनेक भेदहरू भएपनि यहाँका लोकगीतमा पाइने मुख्यतया अनुप्रास र श्लेष अलङ्कारको मात्र चर्चा गरिएको छ -

---

[७१] केशवप्रसाद उपाध्याय, **साहित्य-प्रकाश,** दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०३४), पृ. २०४ ।

[७२] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवं पाश्चात्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०५४), पृ. ११३ ।

क) **अनुप्रास**

यस क्षेत्रका लोकगीतहरूमा प्रायः अनुप्रास भएको देखिन्छ। पदविन्यासमा अन्त्यानुप्रास प्रायः सबै लोकगीतमा मिलेका हुन्छन् भने कतै आदि र मध्य अनुप्रासको पनि संयोजन भएको देखिन्छ । उदाहरणको लागि निम्न गीत प्रस्तुत गरीएको छ -

ओरो, डोरो, काशी, कोरो
वनमा बस्ने भँगेराको कान्छो छोरो
इर्कीमिकी दूध छिर्की
असुर काटे डामारे डुम

ख) **श्लेष**

एउटै श्लिष्ट पदबाट अनेक अर्थ निस्केमा शब्दश्लेष अलङ्कार हुन्छ । यसमा केही सिङ्गो शब्दबाट अनेक अर्थ निस्कन्छ र कही शब्दको एक भागबाट ।[७३] यहाँका लोकगीतमा श्लेषाङकारको प्रयोग विभिन्न स्थानमा भएको पाइन्छ । आफ्नो प्रेमीलाई अनेक शब्दबाट पुकारिन्छ । जस्तै पतिलाई- राम,राजै, माया आदि भन्नुमा श्लेषको सङ्केत पाइन्छ । केही उदाहरण निम्न गीतबाट पाइन्छ -

मेरो माया आउछौ कि भनेर
भिरको बाटो सम्मैछ खनेर

### ५.४.२.२ **अर्थालङ्कार**

शब्दहरूको विशेष प्रयोगमाथि नभएर अर्थमाथि आश्रित हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ ।[७४] अर्थालङ्कारमा शब्दको वैचित्र्य भन्दा अर्थगत वैचित्र्यले सौन्दर्य थपेको हुन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा देखिएका केही अर्थालङ्कारको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ -

---

[७३] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०४८), पृ. १२६ ।
[७४] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. ११३ ।

**क) उपमा**

उपमाको शाब्दिक अर्थ नजिकै राखेर त्यसमा समानता देखाएमा उपमा अलङ्कार हुन्छ ।[७५] यस क्षेत्रका लोकगीतमा उपमा अलङ्कारको प्रयोग ज्यादै भएको पाइन्छ । यसका केही उदाहरण निम्न प्रकार छन् -

रुन्च मन वनको नेउली झैँ
मन थियो बनुला वेउली झैँ

**ख) स्वभावोक्ति**

कुनै वस्तु वा दृश्य आदिको यथार्थपरक चित्रात्मक वर्णन गरिएमा स्वभावोक्ति अलङ्कार हुन्छ ।[७६] स्वभावोक्ति अलङ्कारको उदाहरण निम्न छ -

घरपारी देखिन्छ कालोवन
के गरेर बुझाम्तो रुने मन
रुम भने आँसुको खर्च
नरुम भने यो मनमा पीर पर्छ

**ग) प्रश्नालङ्कार**

यस क्षेत्रका कतिपय लोकगीतमा प्रश्नालङ्कार भेटिन्छ । आफूलाई प्रश्न गरेर मन बुझाउने उपाय गरिन्छ भने अर्कोसँग उत्तरको आशा राखेर पनि प्रश्नालङ्कारको प्रयोग गरिएको हुन्छ । यस क्षेत्रमा प्रचलनमा रहेको प्रश्नालङ्कारको गीतको नमुना निम्न छ -

लाग्छ मन काँ देखूँ काँ भेटूँ?
यो मनको तिर्सना काँ मेटूँ ?

[७५] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** पूर्ववत्, पृ. १२८ ।
[७६] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १४७ ।

### घ) अतिशयोक्ति

अभिव्यक्तिलाई प्रभावकारी पार्न लोक प्रसिद्ध उक्तिलाई उछिन्दै बढाईचढाई कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति हो । यसमा सामान्य कुरालाई असामान्य रूपमा प्रस्तुत गरिएको हुन्छ । यस क्षेत्रका लोकगीतमा यस्तो अलङ्कार ठाउँ-ठाउँमा परेको पाइन्छ । उदाहाणका लागि निम्न गीत प्रस्तुत गरिएको छ -

कस्तो हेऱ्यौ ससुरा कस्तो हेऱ्यौ घर
बाबा जस्ता ससुरा दरबार जस्तो घर

यसरी यहाँका लोकगीतमा अलङ्कारको विविध स्वरूप पाइन्छ । लोकगीतमा अलङ्कारको प्रयोग योजनावद्द ढङ्गले नभई स्वतस्फूत रूपमा प्रयोग हुन्छन् र काव्यशास्त्रका कसीमा राखेर यसलाई हेर्न सकिदैन ।

## ५.५ भाषाशैली

सार्थक मनका भाव वा विचारलाई अरुछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समुहलाई भाषा भनिन्छ ।[७७] भाषाले नै भावलाई गतिशील र जीवन्त बनाउने काम गर्दछ । भाषिक अभिव्यक्तिमा शैली भन्नाले प्रस्तुत ढाँचा वा तरिका भन्ने बुभिन्छ । भाषाकृतिम र बनावटी नभएर सहज स्वाभाभिक ढङ्गको देखिन्छ । व्याकरणीक नियम भन्दा लोकहृदयसित बढी सामिप्यता भएको भाषाशैली नै यहाँका लोकगीतमा प्रयोग भएको पाइन्छ । लोकगीतमा जस्तो भाषा प्रयोग भएको हुन्छ, त्यो त्यही समाजको उपज हो । यस क्षेत्रको लाकगीतको भाषा शब्दशक्तिका हिसाबले हेर्दा अभिधा शक्ति नै देखिन्छ । यस क्षेत्रका लोकगीतमा तत्सम, तद्भव र आगुन्तुक गरी तीनै प्रकारका शब्दको प्रयोग पाइन्छ । तद्भव शब्दको ज्यादा प्रयाग पाइन्छ भने तत्सम र आगन्तुक शब्दको प्रयोग केही का मात्रामा पाइन्छ । यस क्षेत्रका भजन-कीर्तनमा संस्कृत शब्दको बढी प्रयोग भएको पाइन्छ । जनजीवनमा बढी प्रचलनमा आइसकेका स्कूल, डाक्टर आदि शब्दहरू अङ्ग्रेजीबाट आएको देखिन्छ । जस्तै -

दाजुभाइलाई स्कूल जान कापी किताब किन्दिनी
म छोरीलाई घाँस काट्न डोको बुन्दिनी

[७७] बालकृष्ण पोखरेल र अन्य (स.पा.) **नेपाली वृहत् शब्दकोश,** पूर्ववत्, पृ. १०११ ।

यस क्षेत्रका लोकगीतमा कथ्य नेपाली भाषाको प्रयोग ज्यादा भएको पाइन्छ । रुन्च( रुन्छ), तिमीलाई (तिम्ला), सुर्जे (सुर्य) जस्ता अनेक कथ्य शब्दको प्रयोग लोकगीतमा हुन्छ । धेरै ठाउँमा अक्षरको लोप हुने र फेरिने पनि भएका छन् । स्थायी बासिन्दाले बोलीचालीको रूपमा प्रयोग गर्दै आएका शब्द लोकगीतमा प्रयुक्त छन् । क्रियापदमा खाको (खाएको), काँ ( कहाँ), पुछर (पुच्छर), ब्या (विवाह), रैच (रहेछ) आदि जस्ता रूप पाइन्छन् ।

यस क्षेत्रका लोकगीतमा अनुकरणात्मक शब्दको प्रयोग पनि प्रशस्त भएको भेटिन्छ ।यस्ता शब्दले लोकगीतलाई बढी स्वादिलो बनाएका छन् । गुरुरु, झरर, फरर, सरर जस्ता अनगिन्ति अनुकरणात्मक शब्द यहाँका लोकगीतमा पाइन्छ । जस्तै-

तिरिपासा खरर भैंमा झरर
छोरी माग्ने लमी अघि सरर

त्यसैगरी यहाँका लोकगीतमा निपातको प्रयोग पनि ठाउँठाउँमा भएको पाइन्छ । निपातले गर्दा गीतको अभिव्यक्तिमा निखारता र चमकता बढेको अनुमान गर्न सकिन्छ । यहाँका दोहोरी गीतमा आफ्नै प्रकारका सम्बोधन प्रचलित छन् । माया, निष्ठुरी, शानु आदि सम्बोधनात्मक शब्दका उदाहरण हुन् । लोकगीतमा प्रयोग हुने थेगो वा रहनीले आफ्नै प्रकारको महत्त्व कायम राखेको हुन्छ ।

यहाँ प्रचलित लोकगीतको प्रस्तुतीकरणमा स्रष्टाले विभिन्न किसिमको शैली अँगालेको पाइन्छ । कतिपय गीतमा गायकले एकालापीय कथन पद्धतिद्वारा आफ्ना अभिव्यक्ति पोखेको हुन्छ । दोहोरी गीतमा संवादात्मक शैली रहेको हुन्छ । यस्ता गीतमा प्रश्नात्मक शैली ज्यादा भेटिन्छ । रत्यौली, भजन, कुलपूजा आदिमा नाटकीय शैली पाइन्छ ।

यस प्रकार गुल्मी धुर्कोट र त्यस वरपरका क्षेत्रका लोकगीतमा सरल, सहज र स्वाभाविक रूपमा भाषाको प्रयोग भएको पाइन्छ । लोकगीतको भाषाको गहन विचारलाई भन्दा लोकजीवनका कोमल र लयात्मक भावलाई भने सक्षम रूपमा अभिव्यक्ति गरेका हुन्छन् ।

# अध्याय छ

# शोध निष्कर्ष

## ६.१ शोध निष्कर्ष

यस शोधपत्रको पहिलो अध्यायमा शोधपरिचय दिइएको छ र यस अन्तर्गत शोधपत्रको शीर्षक, प्रयोजन, समस्याकथन, उद्देश्य पूर्वकार्यको समीक्षा, औचित्य, सीमाङ्कन, सामाग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखा आदि कुराको परिचय दिइएको छ ।

अध्याय दुईमा गुल्मी धुर्कोट क्षेत्रको ऐतिहासिक पृष्ठभूमि, नामकरण, भौगोलिक अवस्था, क्षेत्रफल र  सीमाना, राजनैतिक विभाजन, यातायात, जनसंख्या, सञ्चार हावापानी, नदीनाला, वनजङ्गल, पहाड-बेसी, सामाजिक, शैक्षिक, आर्थिक, धार्मिक, साहित्यको स्थिति र अवस्थाका वारेमा सामान्य जाकारी गराइएको छ । यस क्षेत्रका वासिन्दाले मुख्य पेसा कृषिका बारेमा जानकारी दिने प्रयास गरिएको छ ।

अध्याय तीनमा लोकसाहित्यको एक प्रमुख अङग लोकगीतको सैद्धान्तिक परिचय दिने काम गरिएको छ । यस क्रममा विभिन्न उपशीर्षकमा राखेर लोकसाहित्य र नेपाली लोकगीत, लोकगीतको परिभाषा, विशेषता, महत्त्व, वर्गीकरण र नेपाली लोकगीतको अध्ययन परम्परा आदिको चर्चा गरिएको छ ।

अध्याय चारमा गुल्मी धुर्कोट र त्यस वरपरका क्षेत्रका लोकगीतको सङ्कलन र वर्गीकरण गरिएको छ । संस्कार गीत, ऋतुकालीन कर्म गीत, पर्वगीत र बाह्रमासे गीत गरी जम्मा जम्मी चारवर्गमा यहाँका लोकगीतहरू समेटिएका छन् । संस्कार गीत अन्तर्गत विवाह-सिलोक, रत्यौली गीतले पनि यस क्षेत्रको परम्परित संस्कारको पहिचान गराउँछ । ऋतुकालीन कर्म गीत अन्तर्गत असारे र दाँहीगीत पर्दछन् यसमा ऋतुअनुसार गरिने कार्यको परिचय दिनुका साथै कृषकहरूका मनोदशाहरू व्यक्त गरेका हुन्छन् । तीजे, सराएँ, भेलौ, देउसी, देवाली आदि पर्व गीतहरूले यस क्षेत्रमा प्रचलित चाडपर्वहरूको जानकारी गराएको छ । बालगीत, भजन-कीर्तन, घाँसे, झ्याउरे, दोहोरी आदि गीतहरू घर-आँगन देखि लिएर

वनपाखा, मेलापातहरूमा बाह्रै महिना घन्किरहेका हुन्छन् । यस्ता गीतले मानिसको सम्पूर्ण पक्षलाई छोइरहेका हुन्छन् । यस क्षेत्रका यी सबै लोकगीतहरूमा गाइने प्रकृया आ-आफ्नै किसिमका छन् । कुनै गीतहरू पुरुषद्वारा मात्र गाइन्छ भने कुनै गीतहरू महिलाहरूले मात्र गाउँछन् । कतिपय लोकगीत आख्यान रहित छन् भने कतिपय लोकगीत सूक्ष्म आख्यान सहित छन् । आख्यान बिहिनमा घाँसे, चुट्का आदिलाई लिन सकिन्छ । भने आख्यानात्मक गीतहरूमा भजन-कीर्तनलाई लिन सकिन्छ । यस क्षेत्रमा गाइने गीतमा केही एकल गायनमा आधारित छन् भने केही दोहोरी गायनमा आधारित छन् । तीजे, भैलो, देउसी, कूलपूजा सराएँ आदि गीतहरू सामुहिक रूपले गाइन्छन् भने झ्याउरे, घाँसे आदि गीत चाँहि एक्लै गाउनुका साथै दोहोरी पनि गाइन्छ ।

यस क्षेत्रका लोकगीतमा यसै समाजको भावभूमि उतारिएको छ । यसका अतिरिक्त यहाँका लाकगीतहरूमा विरह-व्यथा, मिलन-विछोड, घात-प्रतिघात, पारिवारिक असन्तुष्टि, आर्थिक, चित्रण, प्राकृतिक चित्रण नारीहरूका विवशता र वाध्यता, गृहस्थी जीवनका तीतामीठा अनुभूतिहरूलाई व्यक्त गरिएका छन् ।

अध्याय पाँच यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन र विश्लेषण गरिएको छ । यहाँका प्रायः सवै लोकगीतहरूले सामाजिक जीवनको चित्रण कुनै न कुनै हिसाबले गरिराखेको हुन्छ । समाज नै लोकगीतको सिर्जनास्थल हो । लोकगीतमा जे व्यक्त गरिएको हुन्छ त्यो समाजसाक्षेप नै हुन्छ । समाजमा विद्यमान कृषि पेसा, मायाममता संयोग-वियोग, युवायुवती देखिने यौनाकर्षण, बालबालिकाप्रति समाजको चासो, गरिबी, अशिक्षा आदि विषयवस्तुलाई लोकगीतले समाजबाट टिपेको हुन्छ । यहाँका लोकगीतमा साँस्कृतिक जीवनको चित्रण आर्थिक जीवनको चित्रण, धार्मिक पर्व, लवाईखवाई सम्बन्धी आदिको चित्रण भएको देखिन्छ । जीवनका लागि अर्थ महत्त्वपूर्ण वस्तु भएकाले यहाँका लोकगीतमा आर्थिक पक्षलाई निकै जोडतोडका साथ व्यक्त गरिएको पाइन्छ । प्रकृतिको विभिन्न रूपमा बसन्तको हरियाली, वर्षाको झरी, बादल, मेघ, बिजुली, खोलाबाढी, पहिरो आदिको वर्णन प्रशस्त भएको पाइन्छ ।

संरचनाका दृष्टिकोणले हेर्दा यहाँका लोकगीतमा एक पाउमा दुई-तीन अक्षर देखि लिएर बीस-बाइस अक्षरसम्म रहेको पाइन्छ त्यस्तै अनुच्छेद निर्माणमा पनि समानता नभएको देखिन्छ । दुई पङ्क्ति देखि धेरै पङ्क्तिसम्मको अनुच्छेद निर्माण भएको देखिन्छ ।

लोकगीत कुनै शास्त्रीय नियममा नबाँधिएको मौलिक विधा भएतापनि यसमा काव्यात्मकता पाइन्छ । यस क्षेत्रका लोकगीतमा जति पनि काव्यात्मकता फेला पर्छ त्यो कुनै योजनावद्ध रूपमा नभई सहज-स्वतस्फूर्त रूपमा प्रयोग हुने गरेको देखिन्छ ।

भाषिक स्वरूप पनि यहाँका लोकगीत आफ्नै किसिमको दखिन्छ । राष्ट्रभाषा नेपाली भाषिका वा उपभाषिका प्रयोग यहाँका लोकगीतमा भएको पाइन्छ । लेख्यभाषा भन्दा यस क्षेत्रमा काव्यभाषाको प्रयोग बढी हुने र कतियप शब्दका अक्षर पनि लोप भएको देखिन्छ ।

निष्कर्षमा भन्दा प्रायः गाउँले जनजीवनमा हुर्केको व्यक्तिको अन्तर्हृदयमा उसले भोगेको जीवनबाट ग्रहणगरी सुषुप्त अवस्थामा रहेको भावलाई साधारण बोलीचालीको शैलीभन्दा केही फरक ढङ्गले व्यक्त गरिने लयात्मक झङ्कार नै लोकगीत हो । नितान्त ग्रामीण भेगका बासिन्दाले आफ्ना मनमा उब्जेका मनोभावनालाई लयबद्ध रूपमा व्यक्त गरिने गीत ने लोकगीत हुन् । यसमा मानिसका सुख-दुःख, हासो-आँसु, मिलन-विछोड, उमङ्ग-उत्साह आदि भाव प्रकट भएका हुन्छन् । सबै मानिसले आ-आफ्नै प्रकारले गुनगुनाउने यस्ता लोकगीतको व्यापकता सर्वाधिक थियो र कालान्तरसम्म पनि रहिरहने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

**समग्रमा निष्कर्षलाई वुँदागत रूपमा निम्नाअनुसार प्रस्तुत गरिएको छ :**

१. यस शोधपत्रमा शोधपरिचय, शोधक्षेत्रको परिचय, लोगीतका सिद्धान्तको परिभाषा, विशेषता, महत्त्व, वर्गीकरण र नेपाली लोकगीतको अध्ययन परम्परा प्रस्तुत गरिएको छ ।
२. गुल्मी धुर्कोट क्षेत्रका लोकगीतलाई मुलत संस्कार गीत, ऋतुकालीन कर्म गीत, पर्व गीत, बाह्रमासे गीत गरी चार वर्गमा छुट्ट्याइएको छ ।
३. देशका विभिन्न भागमा भएका गीत मध्ये सालैजो, सुनिमाया गीत, मालश्री, सोरठी, मागल आदि रहेतापनि यस क्षेत्रमा प्रचलित भएको पाइँदैन ।
४. लोकगीतको आफ्नै संरचना अनुसार धुर्कोट क्षेत्रमा प्रचलित लोकगीतहरू पनि पङ्क्तिमा विश्राम लिँदै निश्चित लयमा आधारित संरचनामा रचिएको पाइन्छ ।

५. यस क्षेत्रमा प्रचलित केहि शब्दहरू जस्तै ‘मुन्तिर’, ‘काँसो’, ‘यतिकन’, ‘इत्रुको’, ‘यत्न’, ‘त्यत्न’, ‘आँटी’, ‘नाम्रो’, ‘बेला’, ‘सराक (आकाश)’ आदि भिन्नताले स्थानिय उपभासिकालाई चिनाएको पाईन्छ ।

६. यस क्षेत्रमा रहेका लोकगीतमा शास्त्रीय नियमको पालना नगरिए पनि सहज स्वत : स्फुर्त प्रयोग र काव्यात्मकता वा लयात्मकता रहेको पाइन्छ ।

## ६.२ भावी अध्ययनका लागि शीर्षक

प्रस्तुत शोधपत्र नै लोकगीतको पूर्ण अध्ययन भने होइन यहाँ त केवल गुल्मी जिल्लाको धुर्कोट र त्यस वरपरको क्षेत्रलाई मात्र केन्द्रविन्दु बनाइएको छ। सिङ्गो गुल्मी जिल्लाका विभिन्न लोकगीतहरूको अध्ययन गर्न बाँकी छ । गुल्मी धुर्कोट क्षेत्र लोकगीतसँग सम्बन्धित भएर निम्न लिखित शीर्षकमा भविष्यमा अध्ययन गर्न सकिने छ ।

क) गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोकगीत र अन्य जिल्लामा प्रचलित लोकगीतको तुलनात्मक अध्ययन ।

ख) गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित तीजेगीतको अध्ययन विश्लेषण ।

ग) नेपाली लोकगीतका क्षेत्रमा गुल्मी धुर्कोट क्षेत्रको योगदान ।

# परिशिष्ट एक

## शोध सामग्रीका सहयोगीहरू

| क्र.स. | नाम | ठेगाना |
|---|---|---|
| १. | आसिमा घिमिरे, आयुसा घिमिरे | वाग्ला गा.वि.स.,गुल्मी |
| २. | आमा समुह (डिमाकला अर्याल, विजया अर्याल, दमन्ता अर्याल, सीता अर्याल,कमला पन्थी) | सिर्सेनी ५ लाम्पाटा |
| ३. | ऋषिराम अर्याल र अन्य साथीहरू | सिर्सेनी गा.वि.स.,गुल्मी |
| ४. | कविता खनाल | वस्तु ४ धुर्कोट गुल्मी |
| ५. | कौशलचन्द्र अर्याल | सिर्सेनी ५ गुल्मी |
| ६. | कृष्ण अर्याल, विमल घर्ति | सिर्सेनी ५ गुल्मी |
| ७. | जीवन भट्टराई | हाडहाडे ५ गुल्मी |
| ८. | झविन्द्र गिरी, मिरो के.सि. र अन्य साथीहरू | वाग्ला, गुल्मी |
| ९. | डिमाकला अर्याल | सिर्सेनी ५ गुल्मी |
| १०. | पवित्रा पोखरेल | जैसिथोक गा.वि.स.,गुल्मी |
| ११. | प्रेम घर्ति, संगिता घर्ति | सिर्सेनी ५ गुल्मी |
| १२. | प्रेमप्रसाद अर्याल | सिर्सेनी ५ गुल्मी |
| १३. | बलराम पोखरेल | जैसिथोक २ गुल्मी |
| १४. | बसन्त अर्याल, निर्मला घर्तिमगर | सिर्सेनी ४, गुल्मी |
| १५. | बासु गिरी, प्रितम अर्याल, वसन्त घर्ति र मिना के.सी. | सिर्सेनी ५ गुल्मी |
| १६. | बासुदेव पन्थी | वाग्ला गा.वि.स.,गुल्मी |
| १७. | बाबुराम पन्थी | भनभने गा.वि.स.,गुल्मी |
| १८. | मया पन्थी र साथीहरू | भनभने गा.वि.स.,गुल्मी |
| १९. | रियाले मा.वि.का छात्राहरू | सिर्सेनी गल्मी |
| २०. | शशिधर घिमिरे | वाग्ला ९ गुल्मी |
| २१. | सिर्जना पोखरेल | जैसिथोक २ गुल्मी |
| २२. | सीता पोखरेल | नयाँगाउँ गुल्मी |
| २३. | सुरेश पन्थी र साथीहरू | वाग्ला गल्मी |

## परिशिष्ट दुई

## गुल्मी, धुर्कोट क्षेत्रको नक्सा









# सन्दर्भ - कृति सूची

**पुस्तक**


अधिकारी, हेमाङ्गराज (२०४३), **पूर्वीय समालोचना सिद्धान्त,** ते.सं., काठमाडौं : साझा प्रकाशन ।

अनील, सन्तराम (१९७५), **कन्नोज लोकसाहित्य,** दिल्ली : अभिनय प्रकाशन ।

आचार्य, बाबुराम (२०३४), **पुराना कवि र कविता,** काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३४), **साहित्य प्रकाश,** दो.सं., काठमाडौं : साझा प्रकाशन ।

- - - (२०४८), **पूर्वीय साहित्य सिद्धान्त,** दो.सं., काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, कृष्णदेव (२०५७), **लोक साहित्यको भूमिका,** प्रयाग : साहित्य भवन लिमीटेड ।

कन्दङ्वा, काजीमान (२०२०), **नेपाली जनसाहित्य,** काठमाडौं : रोयल नेपाल एकेडेमी ।

त्रिपाठी, वासुदेव (२०२३), **नेपाल राष्ट्रिय लोकगीत 'क' (मन्तव्य) नेपाली लोकगीतको आलोक,** काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३१), **सिंहावलोकन,** काठमाडौं : साझा प्रकाशन ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र सुवेदी हंसपुरे (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

थापा, मोहन हिमांशु (२०४७), **साहित्य परिचय,** ते.सं. काठमाडौं : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५४), **मुनामदन,** तेइसौं सं. काठमाडौं : साझा प्रकाशन ।

नेपाल, वसन्तकुमार शर्मा (२०५८), **नेपाली शब्द सागर,** दो. सं. काठमाडौं : भाभा पुस्तक भण्डार ।

पन्त, देवकान्त (सम्पा) (२०३२), **डोटेली लोकसाहित्य,** काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान ।

परमार, श्याम (१९५४), **भारतीय लोकसाहित्य,** दिल्ली : राजकमल प्रकाशन लिमीटेड ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : विणा प्रकाशन ।

पराजुली, ठाकुर (२०४५), **नेपाली साहित्यको परिक्रमा,** काठमाडौं : विद्या प्रकाशन ।

पराजुली, मोतीलाल र गिरी जीवेन्द्र देव (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा,** साझा प्रकाशन : पुलचोक ललितपुर ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०४०), **नेपाली शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र. ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता बुक्स ।

बर्मा धीरेन्द्र (२०२०), **हिन्दी साहित्यकोश, भाग १** दो.सं., वारणसि : ज्ञानमण्डल लिमिटेड ।

बराल, ईश्वर र अन्य (सम्पा.) (२०५५), **नेपाली साहित्य कोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

**वल्ड युनिर्भसिटी इन्साइक्लोपेडिया,** भोलुम छ पृ. १९२४-२५ ।

लोहनी, लक्ष्मण (२०२२), **रोदीघर,** दो.सं., काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्र (२०६३), **लोकवार्ता विज्ञान र लोक साहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, श्रीराम (१९८१), **लोकसाहित्य सिद्धान्त और प्रयोग,** आगरा : विनोद पुस्तक मन्दिर ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४), **पूर्वीय एवं पाश्चात्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली** दो.सं., काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम 'सम्भव' (२०२८), **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

सुवेदी, राजाराम (२०५५), **गुल्मीको ऐतिहासिक झलक,** गुल्मी : गुल्मी किरण पूस्तकालय ।

स्वर्णलता (१९७९), **लोकसाहित्य विमर्श,** विकानेर : एम स्मृति प्रकाशन ।

**अप्रकाशित शोधपत्र**

खत्री, रामचन्द्र (२०५५), **गुल्मी जिल्लामा प्रचलित उखानको सङ्कलन,** एम.ए. अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, विष्णुप्रसाद (२०६९), **गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोकभजन,** एम.ए. अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

ज्ञवाली, विष्णुहरि (२०५२), **नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान,** एम.ए. अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

पन्थी, लक्ष्मी (२०५६), **गुल्मीमा प्रचलित टुक्का,** एम.ए. अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

पौड्याल, शिवप्रसाद (२०५१), **लुम्बिनी क्षेत्रमा प्रचलित उखान,** एम.ए. अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, ईश्वरीप्रसाद (२०५७), **गुल्मीमा प्रचलित गाउँ खाने कथाको अध्ययन,** एम.ए. अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

महत झविन्द्र (२०६०), **गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोगीतको अध्ययन,** एम.ए. अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

**पत्र-पत्रिका**

जि.वि.स., गुल्मी जिल्ला विकास योजना आ.व. (२०६९/७०), **गुल्मी जि.वि.स. को कार्यालय,** जिल्ला सूचना केन्द्र, पृ. १ ।

जोशी, सत्यमोहन (२०१२), **लोकगीतको केही झल्का,** प्रगति वर्ष ३, अङ्क २, पृ. १४५ ।

पन्थी, शशी (२०६२), **गुल्मीका केही साहित्यिक प्रतिभाहरू,** गुल्मी परिचय गुल्मेली समाज, पृ. ४७।

पराजुली, कृष्णप्रसाद (२०५४), **लोकसाहित्य, परिभाषा र लोक साहित्यलाई छुट्याउने आधार,** कुन्जिनी, वर्ष ५, अङ्क ३, पृ. १०१ ।

पराजुली, कृष्णप्रसाद (२०५१), **नेपाली लोकगीतको वर्गीकरण,** काठमाडौं काभ्रेली परिवार, पू १६ ।

पराजुली, कृष्णप्रसाद, (२०५३), **नेपाली लोकगीतको फाँटमा ऋतुकालीन कर्मगीत,** सुनकोशी र काठमाडौं : सुनकोशी साहित्य प्रतिष्ठान, पृ. ४१ ।

वस्तु र अन्य गा.वि.स. (२०६८), **पार्श्वचित्र,** पाल्पा : दिगो सामुदायिक विकासका निम्ति पाल्पा ।

भण्डारी, पीताम्बर (२०६८), **विचित्र गुफा, ध्वनि चक्कामा रहेको दृश्य सामग्र,** गुल्मी : विचित्र गुफा संरक्षण तथा विकास समिति ।

यात्री नेपाल पूर्णप्रकाश (२०३९), **नेपाली लोकगीत, विचारमञ्च, मधुपर्क,** वर्ष १५, अङ्क ८, २०३९ ।

सेन, सुव (२०६२), **गुल्मीका केही प्रसिद्ध व्यक्तित्वहरू, गुल्मी परिचय,** काठमाडौं : गुल्मेली समाज, पृ. २८६ ।